राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयको

बार्षिक गतिविधि पुस्तिका

२०७७

राष्ट्रिय मानव अधिकार आयोग
बागमती प्रदेश कार्यालय
सानेपा, ललितपुर

बागमती प्रदेश कार्यालयबाट सम्पादीत कार्य – एक झलक

राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयको

बार्षिक गतिविधि पुस्तिका

(आ.व. २०७६/७७)

राष्ट्रिय मानव अधिकार आयोग
बागमती प्रदेश कार्यालय
सानेपा, ललितपुर।

आयोगका पदाधिकारीहरू

अध्यक्ष

माननीय अनूप राज शर्मा

सदस्यहरू

माननीय प्रकाश वस्ती

माननीय सुदिप पाठक

माननीय मोहना अन्सारी

माननीय गोविन्द शर्मा पौड्याल

सचिव

वेदप्रसाद भट्टराई

सल्लाहकार : यज्ञप्रसाद अधिकारी

लेखन/सम्पादन/संयोजन :

सरिता ज्ञवाली
जायश्वर चापागाई
रारा कर्माचार्य
लोकनाथ घिमिरे
अस्मिता पोखरेल

प्रकाशक : राष्ट्रिय मानव अधिकार आयोग
बागमती प्रदेश कार्यालय, सानेपा, ललितपुर ।

प्रकाशन मिति : २०७७ असार

संस्करण : दोस्रो

प्रति: ७००

मुद्रण : स्काई प्रेस प्रा.लि., बिजुलीबजार, काठमाडौं, ९८५११३८००५

सर्वाधिकार : राष्ट्रिय मानव अधिकार आयोग
बागमती प्रदेश कार्यालय, सानेपा, ललितपुर ।

प्रकाशन सहयोग: संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम, नेपाल (UNDP, Nepal)

@ आयोगको यस कार्यालयको पूर्व स्वीकृति विना यस प्रतिवेदनलाई बौद्धिक वा शैक्षिक प्रयोजन बाहेक व्यापारिक वा अन्य प्रयोजनका लागि पुनः उत्पादन एवम मुद्रण गर्ने गरी सङ्ग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाईने छैन । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरू साभार गरी प्रयोग गर्न सकिने छ ।

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

मन्तव्य

मानव अधिकार सबैका लागि सरोकारको विषय रहेको हुन्छ । संविधान तथा नेपाल पक्ष भएको मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धमा निहित हक अधिकारहरू नागरिकले निर्बाध उपभोग गर्न पाउनु मानव अधिकार हो भने ती अधिकारहरूको सम्मान, संरक्षण तथा संवर्धन गर्नु राज्यको दायित्व रहेको हुन्छ । तसर्थ मानव अधिकार उल्लंघन तथा दुरुपयोगका घटनामा कमी ल्याउन र राज्य संयन्त्रलाई मानव अधिकार संरक्षणमा जवाफदेही बनाउन मानव अधिकारका क्षेत्रमा कार्यरत सबै निकायको एकिकृत प्रयास आजको आवश्यकता रहेको छ ।

आयोगको बागमती प्रदेश कार्यालय सानेपा, ललितपुरबाट मानव अधिकार संरक्षण तथा प्रवर्धन सम्बन्धी गतिविधिहरू समेटेर प्रकाशित गर्न गैरहेको यो प्रादेशिक वार्षिक गतिविधि पुस्तिकाले बागमती प्रदेश अन्तर्गत समग्र जिल्लाहरूमा मानव अधिकार अवस्थालाई चित्रण त गर्छ नै संगसंगै मानव अधिकार अनुसन्धान तथा प्रवर्धनात्मक कार्यहरूको विवरण मार्फत आम सरोकारवालाको सुसूचित हुन पाउने हक सम्पेतको सम्मान गर्नेमा म विश्वस्त रहेको छु ।

यस प्रादेशिक प्रतिवेदनले प्रादेशिक तथा स्थानीय तहमा भएका मानव अधिकार सम्बन्धी आफ्नो काम कारबाहीको जानकारी दिनेछ । प्रतिवेदनले मानव अधिकारको अवस्था प्रति स्थानीय सरमा सचेतना ल्याउन र राज्यका विभिन्न निकायको काम कारबाहीबाट जनताको मानव अधिकारमा पर्न गएको प्रभावको मूल्याङ्कन गर्न महत गर्ने छ भन्ने विश्वास लिएको छु ।

यस गतिविधि पुस्तिका तयार गर्न संलग्न आयोगको बागमती प्रदेश कार्यालयका निर्देशक यस प्रभाव अधिकारी र आयोगको बागमती प्रदेश कार्यालयका सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु ।

मिति २०७७।३।१४

अनुप राज शर्मा
अध्यक्ष

फोन नं. ०१/५०-१-५०१००१५, फ्याक्स नं. ०१/५०-१-५४४७०७५, पी.ओ.बि. ९१८२, काठमाडौं नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

मन्तव्य

कुनै पनि देशको त्यहाँको राज्य संयन्त्रबाट भएको काम कारबाहीको जानकारीबाट नै ती निकायहरुको भूमिका कति महत्वपूर्ण छ भन्ने अनुभूति आम नागरिकले गर्न सक्दछन् । यसैलाई दृष्टिगत गरी यस आयोगको बागमती प्रदेश कार्यालय, सानेपा ललितपुरले आ.व. २०७६/७७ मा सम्पन्न गरेका अनुसन्धान, अनुगमन तथा मानव अधिकार संवर्धनका गतिविधिहरु समेटेर जनतालाई सुसूचित गर्ने उद्देश्यले वार्षिक गतिविधि पुस्तिका प्रकाशन गर्न लागेको जानकारी पाउँदा अत्यन्त खुसी लागेको छ । आयोगको बागमती प्रदेश कार्यालय लगायत सबै प्रदेश तथा शाखा कार्यालयहरुले आफ्नो भौगोलिक क्षेत्र भित्र पर्ने मानव अधिकार हननका गम्भीर घटनाहरुका सम्बन्धमा स्वविवेकीय ढंगबाट उजुरी ग्रहण गरी मानव अधिकारको सम्मान, संरक्षण, संवर्द्धन र उपभोगमा वृद्धि ल्याउन थप सकृयता बढाउने छ भन्ने विश्वास गर्दछु ।

आयोगका सबै कार्यालयहरुबाट प्रभावकारी रुपमा मानव अधिकारको उजुरीमा अनुसन्धान, अनुगमन र राज्यका विभिन्न निकायबीच सहकार्य र समन्वयमा भएका गतिविधिहरुबारे सम्बन्धित प्रदेशको मानव अधिकारको अवस्था चित्रण हुन सकोस् । बागमती प्रदेश कार्यालयद्वारा प्रकाशित यस गतिविधि पुस्तिकाले यस प्रदेशको मानव अधिकारको स्थिति सम्बन्धमा स्थानीय जनता र सरोकारवाला समक्ष जानकारी गराउन, सचेतना बढाउन र राज्यका विभिन्न निकायहरुको काम कारबाहीबाट जनताको मानव अधिकारको सुनिश्चितता गर्ने कार्यमा पर्न गएको कठिनाइ समेतको मूल्याङ्कन गर्न महत गर्ने छ भन्ने मैले विश्वास लिएको छु ।

यस कार्यमा लगनशीलताका साथ खटिनु भएका प्रदेश कार्यालय सानेपाका प्रमुख निर्देशक श्री यज्ञप्रसाद अधिकारी, उपनिर्देशक सरिता अवासी, सबै अधिकृत तथा कर्मचारीहरुलाई विशेष धन्यवाद व्यक्त गर्दछु । यस्तो कार्यको निरन्तरताको लागि सकृय रहन पनि म कर्मचारीहरुलाई प्रोत्साहित गर्न चाहन्छु ।

केदप्रसाद भट्टराई
सचिव

३१ असार २०७७
ललितपुर

राष्ट्रिय मानव अधिकार आयोग

National Human Rights Commission

बागमती प्रदेश कार्यालय, सानेपा, ललितपुर

Bagmati Province Office, Sanepa, Lalitpur

मन्तव्य

मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयन गर्नु राज्यको दायित्व हो । मानव अधिकार अवस्थाबारे निरन्तर अनुगमन गरि कार्यान्वयनको सुनिश्चितता गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हुने संवैधानिक व्यवस्था बमोजिम राष्ट्रिय मानव अधिकार आयोगले केन्द्रीय कार्यालय, प्रदेश कार्यालय र प्रदेश शाखा कार्यालयमार्फत कार्य सम्पादन गरि आएको छ । आयोगको बागमती प्रदेश कार्यालयले आ.व. २०७६/७७ मा सम्पन्न गरेका गतिविधि सहित बागमती प्रदेशको मानव अधिकार अवस्था सम्बन्धी वार्षिक गतिविधि पुस्तिका गत आ.व. २०७५/७६ देखि प्रकाशन गर्दै आएको छ । त्यसको निरन्तरता स्वरुप यो प्रतिवेदन प्रकाशन गरिएको छ ।

आयोगले आ.व. २०७६/७७ लाई उजुरी अनुसन्धान वर्ष तोकी प्रादेशिक कार्यालयको बजेट कार्यक्रम समेत सोही अनुरुप विनियोजन भएको थियो । सिमित श्रोत साधन, जनशक्ति को कारण आ.व. २०७६/७७ मा २२ वटा अनुसन्धान मिसन मार्फत उजुरी अनुसन्धान गर्ने लक्ष्य रहेकोमा बागमती प्रदेश कार्यालयले १६ वटा मिसन मार्फत १ सय ५६ वटा उजुरी अनुसन्धान सम्पन्न गरेको छ । गत आ.व. मा समेत अनुसन्धान सम्पन्न गरि २ सय ११ वटा उजुरी फछ्यौटका लागि सिफारिस हुनु यस कार्यालयको महत्वपूर्ण उपलब्धी हो । यस कार्यालयमा विचाराधीन इन्काउन्टरसंग सम्बन्धीत केही प्रमुख घटनाहरुको विशेषज्ञ सम्मीलित टोलीबाट अनुसन्धान सम्पन्न गरिएको छ । त्यसै गरी मानव अधिकार उल्लंघनका घटनाको १९ पटक आकस्मिक अनुगमन गरी सम्बन्धीत निकायमा पत्राचार, प्रेस विज्ञप्ती समेत जारी भएका छन् ।

मानव अधिकार संवर्धन तर्फ सरकारी निकाय, सुरक्षा निकाय र गैर सरकारी संघ संस्थाले संचालन गरेका कार्यक्रममा प्रशिक्षकको रुपमा सहभागिता भई मानव अधिकार सहकार्य भएका छन् । वार्षिक कार्ययोजना बमोजिम प्रथम चौमासिक र दोश्रो चौमासिकमा उल्लेख्य कार्य भएता पनि २०७७ चैत ११ गते देखि देशव्यापी लकडाउन (बन्दाबन्दी) को कारण अनुसन्धान कार्य प्रभावित हुन पुग्यो । तथापी यस कार्यालयका निर्देशकको संयोजकत्वमा केन्द्रस्तरिय अनुगमन समिति गठन भई उपभोक्ताका अधिकार, अपाङ्गता भएका व्यक्तिका अधिकार, दलित समुदायको अधिकार, अभिव्यक्ति स्वतन्त्रता र पत्रकारको सुरक्षा, जेष्ठ नागरिकको अधिकार, महिला अधिकार, स्वास्थ्यको अधिकारका अतिरिक्त मानव अधिकार रक्षकको अधिकार, प्रादेशिक समिति र जिल्ला अनुगमन समिति बीच निरन्तर विषयगत रुपमा भर्चुअल बैठक मार्फत प्राप्त सुझावका आधारमा प्रारम्भीक प्रतिवेदन सार्वजनीक भई सकेको छ ।

कोभिड-१९ महामारीको कारण पूर्वनिर्धारीत कतिपय प्रवर्धनात्मक कार्यक्रमहरु स्थगित हुन पुगेका छन् । तथापी बागमती प्रदेश सरकारसंग निरन्तर समन्वय र सहकार्यमा मानव अधिकार संरक्षण र प्रवर्धन सम्बन्धी कार्य भएका छन् ।

मानव अधिकारको रक्षा कुनै एक संस्था, व्यक्ति वा निकायबाट मात्र सम्भव छैन । जिम्मेवार निकायका पदाधिकारीले आफ्नो जवाफदेहीता (Accountability) पुरा गरेमा र आम नागरिकले समेत आफ्नो तर्फबाट कर्तव्य र जिम्मेवारी (Responsibility) पुरा गरेमा नै मानव अधिकार संस्कृतिको विकास हुन सक्ने छ भन्नेमा राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय विश्वस्त छ ।

फोन नं. ०१५५२ १-४२२१९१, फ्याक्स नं. ०१५५२-१-४२२०१२ सानेपा, ललितपुर
कोइरेनी पहिरा मोड, पहिरा नं. १५१८-५९-३०१००१५, Apollo Mobile Board Service Number 1616 01 000015
Email:nhrcnp@nhrcnepal.org/ वेबसाइट: www.nhrcnepal.org

राष्ट्रिय मानव अधिकार आयोग

National Human Rights Commission

बागमती प्रदेश कार्यालय, सानेपा, ललितपुर

Bagmati Province Office, Sanepa, Lalitpur

अन्त्यमा यो गतिविधि पुस्तिका तयार पार्न संलग्न यस कार्यालयका उपसचिव सरिता ज्ञवाली, मानव अधिकार अधिकृत जायश्वर चापागाई, लेखा अधिकृत रारा कर्माचार्य, मानव अधिकार सहायक लोकनाथ घिमिरे, सुचना प्राविधिक सहायक अस्मिता पोखरेल सहित यस कार्यालयमा कार्यरत सबै कर्मचारीलाई धन्यवाद दिन चाहान्छु । यस कार्यालयको वार्षिक योजना र कार्यक्रम सम्पन्न गर्न प्रेरणा दिनु हुने हुने राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्षज्यू, सदस्यज्यूहरु तथा सचिवज्यू प्रति विशेष आभार व्यक्त गर्दछु ।

छोटो समयमा नै पुस्तिका छपाईमा सहयोग गर्ने आयोगको रणनीतिक योजना कार्यान्वयन परियोजना (SPSP) र छपाई गर्ने स्काई प्रेस एण्ड ट्रेडलिंक (प्रा.लि.) काठमाण्डौलाई समेत धन्यवाद दिन चाहन्छु ।

मिति: २०७७ असार ३० गते

यज्ञप्रसाद अधिकारी
सहसचिव
(कार्यालय प्रमुख)

विषय-सूची

राष्ट्रिय मानव अधिकार आयोग, बागमती प्रदेश कार्यालयको वार्षिक कार्य-विवरण : एक झलक १

परिच्छेद – १

१.१ पृष्ठभूमी ३
१.२ संगठनात्मक संरचना, कार्यादेश र कार्यक्षेत्र ३
१.३. बागमती प्रदेश कार्यालयबाट सम्पन्न गतिविधि ३
१.४ केन्द्रीय कार्यालयबाट भएका पदाधिकारीको भ्रमण तथा कार्यक्रम १०

परिच्छेद-२

मानव अधिकारको अवस्था: ११
२.१ नागरिक तथा राजनैतिक अधिकारको अवस्था ११
२.२ आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको अवस्था १२
२.३ जातिय भेदभाव विरूद्धको अधिकारको अवस्था १३
२.४ महिला अधिकारको अवस्था १४
२.५ बाल अधिकारको अवस्था १५
२.६ बलपूर्वक बेपत्ता विरूद्धको अधिकारको अवस्था १६
२.७ यातना विरुद्धको अधिकारको अवस्था १७
२.८ मानव बेचविखन तथा गैरकानूनी अप्रवासनको अवस्था १८
२.९ अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको अवस्था १८
२.१० मानव अधिकार रक्षकको अवस्था १९

परिच्छेद-३

कोरोना भाईरस (कोभिड-१९) र मानव अधिकारको अबस्था २१
३.१ बन्दाबन्दीको अबधिमा बागमती प्रदेश कार्यालयवाट सम्पादित कार्य २२
३.२ कार्यालयवाट गरिएको पत्राचार २२
३.३ प्रबर्दनात्मक कार्य २३
३.४ प्रारम्भिक प्रतिवेदन सार्वजनिक २३
३.५ कोभिड-१९ केन्द्र स्तरीय मानव अधिकार अनुगमन २४
३.६ कोभिड-१९ रोकथाम तथा नियन्त्रणका सम्बन्धमा तीनै तहबाट भएका निर्णय ३२
३.७ संक्रमण फैलिन नदिनका लागि अबलम्वन गरिएका उपाय र कार्यान्वन अवस्था ३३

३.८ संक्रमितहरूको स्वास्थ्योपचारको अवस्था ३४
३.९ अन्य बिरामीहरूको स्वास्थ्यको अधिकार ३४
३.१० कोभिड-१९ को संक्रमणबाट बच्ने उपायबारे जनचेतना ३५
३.११ खाद्य अधिकारको अवस्था ३६
३.१२ आवागमन सम्बन्धी अधिकारको अवस्था ३६
३.१३ राहत वितरणको अवस्था ३७
३.१४ सामाजिक सुरक्षाको अवस्था ३७
३.१५ अपागंता भएका व्यक्ति, ज्येष्ठ नागरिकहरूको अवस्था ३७
३.१६ हिरासत, कारागार तथा न्याय प्रशासन सम्बन्धमा ३८
३.१७ महिला अधिकारको अबस्था ३८
३.१८ आप्रवासी कामदार, शरणार्थी र विदेशी नागरिकको अवस्था ३९
३.१९ मानव अधिकार रक्षक र पत्रकारहरूको सुरक्षा अवस्था ४०
३.२० विपद व्यवस्थापन र मानव अधिकार ४१
३.२१ सुशासन र मानव अधिकार ४४
३.२२ अन्य ४०

परिच्छेद-४ ४६
बागमती प्रदेश कार्यालयका उपलब्धी, चुनौती र समाधानका सम्भावित उपायहरू ४६
४.१ प्रदेश कार्यालयका उपलब्धी ४६
४.२ चुनौती ४६
४.३ चुनौती समाधानका उपाय ४७
४.४ प्रदेश र स्थानिय सरकारलाई सुझाव ४७

अनुसूचीहरू ४७

राष्ट्रिय मानव अधिकार आयोग, बागमती प्रदेश कार्यालयको वार्षिक कार्य-विवरण : एक झलक

क्र. सं	कामको प्रकृति	संख्या	विषय	कैफियत
१. मानव अधिकार संरक्षण				
१.१	उजुरी	६८	➢ नागरिक तथा राजनीतिक अधिकार ➢ आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार ➢ यातना विरुद्धको अधिकार ➢ महिला अधिकार ➢ बाल अधिकार ➢ जातीय विभेद विरुद्धको अधिकार ➢ व्यक्ति बेपत्ता पार्ने कार्य विरुद्धको अधिकार ➢ आप्रवासी कामदार र तीनका परिवारको अधिकार ➢ जेष्ठ नागरीकको अधिकार, शरणार्थीको अधिकार, मानव बेचबिखन, वातावरणको अधिकार आदि	
१.२	अनुगमन	१९	➢ नागरिक तथा राजनीतिक अधिकारः समग्र मानव अधिकार अवस्था, कैदी बन्दीहरूको अधिकार, न्याय प्रशासन आदि ➢ आर्थिक, समाजिक तथा सांस्कृतिक अधिकारः स्वास्थ्यको अधिकार, उपभोक्ताको अधिकार, प्राकृतिक प्रकोप (बाढी-पहिरो/भूकम्प) बाट विस्थापितहरूको अधिकार आदि ➢ महिला, बालबालिका, सीमान्तकृत समुदायहरू, अपाङ्गता भएका व्यक्तिको अधिकार, आप्रवासी कामदारहरूको अधिकार मानव बेचबिखनको अवस्था आदि।	
१.३	अनुसन्धान	१६ मिसन मार्फत १५६ उजुरी	➢ नागरिक तथा राजनीतिक अधिकारः जीवनको अधिकार, यातना, बेपत्ताको अवस्था ➢ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारः विस्थापित, पुनःस्थापना, क्षतिपूर्ति, महिला अधिकार, बाल अधिकार आदि ।	
१.४	निर्णय/सिफारिस	२११	➢ नागरिक तथा राजनीतिक, न्याय-प्रशासन, अपहरण, बेपत्ता, अंगभंङ्ग, राहत क्षतिपुर्ति, आवागमनको अधिकार, बाल अधिकार, विस्थापित, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, यातना, जातिय विभेद, महिला अधिकार आदि।	

२ मानव अधिकार संवर्द्धन				
२.१	प्रशिक्षण, अन्तर्क्रिया, छलफल, गोष्ठी, तालिम, अभिमुखिकरण, सचेतना, आदि		➢ शान्ति सुरक्षा र मानव अधिकार, बेपत्ता पारिएका व्यक्तिको अधिकार, सङ्क्रमणकालीन न्याय, खाद्य अधिकार, नेपाल सरकारको राष्ट्रिय मानव अधिकार कार्ययोजना, स्थानीय तहमा विवाद निरूपण, नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, बाल अधिकार, महिला अधिकार, अपाङ्गता भएका व्यक्तिको अधिकार, मानसिक स्वास्थ्य अधिकार, ज्येष्ठ नागरिकको अधिकार, अल्पसङ्ख्यको अधिकार, उपभोक्ताको अधिकार, आप्रवासी कामदारको अधिकार आदि ।	
२.२	समन्वय सहकार्यमा संवर्द्धन सम्बन्धी कार्यक्रम	५	➢ बाल अधिकार, शिक्षाको अधिकार, जातीय विभेद विरुद्धको अधिकार, मानव अधिकारमुखी विकास पद्धती, मानव अधिकार, विकास र सुशासन, मानव अधिकार र सामाजिक न्याय, आप्रवासी कामदारहरूको अधिकार सम्बन्धी कार्यक्रम सहकार्य र समन्वयमा सम्पन्न भएको ।	
२.३	(स्रोत व्यक्ति) अतिथि/अन्य कार्यक्रममा सहभागिता	९	➢ मानव अधिकारको अवधारण र विकास, शुरक्षा निकाय र मानव अधिकार, मानव अधिकारमुखी विकास पद्धती, बाल विवाह रोकथाममा राष्ट्रिय मानव अधिकार आयोगको भुमिका आदि ।	
२.४	आयोगका आन्तरिक कार्यक्रममा सहभागिता	२०	➢ आयोगको वार्षिक कार्यक्रम, बिभिन्न समयमा आयोगबाट आयोजित तालिम कार्यक्रममा सहभागिता आदि ।	
३. प्रकाशन				
३.१	गतिविधि पुस्तिका	१	➢ वार्षिक गतिविधि पुस्तिका, २०७७	
४.मानव संसाधन				
४.१	कर्मचारी	१६	➢ बागमती प्रदेश कार्यालयमा कार्यरत १६ जना कर्मचारीहरू	

परिच्छेद - १

१.१ पृष्ठभूमी

नेपालको सविधान (२०७२) को धारा २४८ बमोजिम स्थापित राष्ट्रिय मानव अधिकार आयोग एक स्वतन्त्र र स्वयत्त निकाय हो। संविधानको धारा २९३ बमोजिम प्रतिनिधि सभाका समितिले राष्ट्रिय मानव अधिकार आयोग बाहेकका अन्य सवैधानिक निकायको प्रतिवेदन लगायतका काम कारबाहीको अनुगमन र मुल्यांकन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन सक्ने छ। हाल आयोगमा एक केन्द्रीय कार्यालय, सात प्रदेश कार्यालय र तीन प्रदेश शाखा कार्यालय रहेका छन्।

राष्ट्रिय मानव अधिकार आयोग समक्ष जनताको सहज पहुँच पुगोस् भन्ने उद्देश्यका साथ २०७४ साल कात्तिक १ गते आयोगको उपक्षेत्रीय कार्यालय सानेपा, ललितपुरमा स्थापना भएको हो। यस कार्यालयको स्थापना भए सँगै यस कार्यालयले आफ्नो क्षेत्राधिकार भित्रका जिल्लाहरूमा मानव अधिकार सम्बन्धी आफ्ना गतिबिधिहरू सञ्चालन गर्दै आएको छ। आयोगको २०७५ असार ८ गतेको निर्णयानुसार यस कार्यालयलाई प्रदेश नं ३ कार्यालयको रुपमा सानेपा ललितपुरमा स्थापित गरी कार्य संचालन गरी आएको छ। यसै वर्ष प्रदेश सभाको वैठकबाट प्रदेशको नाम बागमती प्रदेश नामाकरण गर्ने र मुकाम हेटौंडामा राख्ने निर्णय भए पश्चात कार्यालयको नाम बागमती प्रदेश कार्यालय रहेको छ। प्रदेशको राजधानी हेटौंडामा कार्यालयको लागि सरकारी घर जग्गा खोज्ने कार्य जारी छ। यस क्षेत्रको समग्र मानव अधिकारको चित्रण एवम् मानव अधिकारका सवालहरूमा केन्द्रित रही यस कार्यालयले अनुगमन र अनुसन्धान सम्बन्धी कार्यलाई निरन्तर रूपमा अगाडि बढाइरहेको छ। कार्यालयको अनुगमन तथा अनुसन्धानबाट प्राप्त प्रतिवेदनको निष्कर्ष, प्रेस-विज्ञप्ति, पत्रकार सम्मेलन, आवधिक एवम् बार्षिक गतिविधि मार्फत मानव अधिकारको स्थितिलाई प्रकाशमा ल्याउने क्रम निरन्तर जारी रहेको छ।

१.२ संगठनात्मक संरचना, कार्यादेश र कार्यक्षेत्र

संङ्घीय संरचना अनुसार निर्माण गरिएको आयोगको बागगमती प्रदेश कार्यालय सानेपा, ललितपुर कार्यालयको भौगोलिक क्षेत्राधिकार भित्र बागमती प्रदेश अर्न्तगतका १३ वटा जिल्लाहरू रहेका छन्। यस कार्यालयमा कार्यरत कर्मचारीहरूको विवरण अनुसुची-१ मा राखिएको छ। यस प्रदेश कार्यालय अर्न्तगतका जिल्लाहरूको विवरण अनुसूची-२ मा संलग्न छ।

१.३. बागमती प्रदेश कार्यालयबाट सम्पन्न गतिविधि

राष्ट्रिय मानव अधिकार आयोगको बागमती प्रदेश कार्यालयबाट आ.व. २०७६/७७ को अवधीमा सम्पन्न गरिएका मानव अधिकार अनुगमन तथा अनुसन्धान टोलीहरूको प्रतिवेदन, प्राप्त उजुरीहरू, सम्पन्न गरिएका प्रवर्द्धनात्मक गतिविधिहरू अन्य निकायका प्रतिवेदन आदिको आधारमा समेत यो प्रतिवेदन तयार गरिएको छ। मानव अधिकारको क्षेत्रमा क्रियाशिल राष्ट्रिय

तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ सस्थाहरू, पत्रकारहरू, नागरिक समाज, स्थानीय प्रशासन, सुरक्षा निकाय, आदिसँग समेत गरिएका अन्तर्क्रिया, छलफलबाट प्राप्त जानकारीहरूलाई पनि यस प्रतिवेदनमा आधारको रूपमा लिइएको छ।

१.३.१ प्रशासनिक कार्यहरू

यस कार्यालयलाई तोकीएका जिम्मेवारी निम्नानुसार रहेका छन्।

(क) कार्यालय व्यवस्थापन र सरसफाई।

(ख) सार्वजनिक खरिद।

(ग) मर्मत संहार तथा रेखदेख (कार्यालयका भौतिक साधनहरूको अनुगमन निरीक्षण)।

(घ) सवारी व्यवस्थापन।

(ङ) दर्ता चलानी (पत्राचार)।

(च) कार्यालय व्यवस्थापन र सञ्चालनका दैनिक भैपरी आउने अन्य कामहरू।

सम्पादीत कार्यहरू		
१	कर्मचारीहरूसँग सम्बन्धित कार्यहरू	• कर्मचारीहरूको सरुवा र रमाना सम्बन्धी पत्राचार • कर्मचारीहरूको कार्य सम्पादन मुल्याँकन फारम संकलन। • कर्मचारीहरूको आ.व. २०७६/०७७ को सम्पति विवरण संकलन। • कर्मचारीहरूको व्यक्तिगत फाईल ब्यवस्थापन। • कर्मचारीहरूको बिदा, हाजिरको अभिलेख।
२	ब्यवस्थापकीय कार्यहरू	• प्रदेशको स्थायी राजधानी हेटौडा, मकवानपुरमा कार्यालय खोल्न तथा कार्यालयका लागि जग्गा उपलब्ध गराउनका लागि निरन्तर पत्राचार तथा सम्बन्धीत निकायसँग परामर्श वैठक भएको छ। • अनुगमन र अनुसन्धान टोलीका लागि सवारी व्यवस्थापन सम्बन्धी कार्यहरू भएका छन्। • कार्यालय तथा कार्यालय परिषर सरसफाईका लागि आवश्यक कार्यहरू। • कोभिड-१९ बाट सुरक्षित रहन कर्मचारीहरूलाई व्यवस्थापन।

३	खरिद बिक्रि/मर्मत संहार/सवारी साधनसँग सम्बन्धित कार्यहरू	• आ.व. २०७५/०७६ को जिन्सी निरिक्षणको लागि समिति गठन गरी कार्य सम्पादन भएको । • फर्निचर सम्बन्धी समान खरिद । • स्टेशनरी खरिदका लागि सिलबन्दी दरभाउपत्र आव्हान । • कार्यालय सम्बन्धी आवश्यक समान खरिद, मर्मत तथा नियमित आपूर्ति ।

१.३.२ संरक्षण सम्बन्धी कार्यहरू

बागमती प्रदेश कार्यालयको स्थापना भए पश्चात यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने १३ वटा जिल्लाहरूमा मानव अधिकार संरक्षणका लागि उजुरी ग्रहण, अनुगमन, अनुसन्धान र उजुरी निर्णयार्थ आयोगमा प्रस्तुत गर्ने लगायतका नियमित कार्यहरू भै आएका छन् ।

१.३.३ संवर्द्धन सम्बन्धी कार्यहरू

मानव अधिकार सम्बन्धी शिक्षा र सचेतना अभिवृद्धि एवं मानव अधिकारको वकालत, सुचना सम्प्रेषण कार्यमा संवर्द्धनात्मक कार्यको विशेष महत्व हुने गर्दछ । आयोगको संवैधानिक एवं कानुनी दायित्व अर्न्तगत यस कार्यालयले मानव अधिकार प्रर्वधन सम्बन्धी गतिविधिहरू संचालन गर्दै आएको छ । आयोगको रणनीतिक योजना तथा बार्षिक कार्ययोजना सहित कार्यहरूमा समावेश प्रर्वधनात्मक कायबाट मानव अधिकार सचेतना अभिवृद्धि एवं मानव अधिकार संस्कृतिको विकासमा टेवा पुगेको छ ।

२०७६ चैत ११ गते देखि जारी लकडाउन र कोरोना महामारी कोभिड-१९ का कारण आम नागरिकहरूको स्वास्थ्य तथा मानव अधिकार अवस्थाको तत्काल अनुगमनका लागि कार्य क्षेत्र भित्रका सवै जिल्लामा जिल्ला स्तरीय अनुगमन समिति गठन भयो । बागमती प्रदेश अर्न्तगतका चितवन, रामेछाप, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, रसुवा, नुवाकोट र भक्तपुर स्थित स्थानीय एफएमबाट कोभिड-१९ सँग सम्बन्धीत सन्देशमुलक रेडियो जिंगल (नेपाली, तामाङ्ग र नेवारी भाषामा) समेत प्रशारण गरी जनचेतना अभिवृद्धिका लागि व्यवस्था मिलाईएको छ ।

आयोगले "सवैका लागि घरघरमा मानव अधिकार, शान्ति र विकासको आधार" भन्ने नारा अगाडी सारेको छ । यसलाई सार्थक बनाउन मानव अधिकारको संवर्द्धन मानव अधिकार सहकार्य तथा समन्वय सम्बन्धी निर्देशिका २०६९ जारी भई कार्यान्वयनको चरणमा रहि आएको छ । यस कार्यालयले प्रदेश सरकार तथा स्थानीय सरकारहरूसँग समन्वय र सहकार्य गरी अन्तर्क्रिया, छलफल, सभा, गोष्ठी, तालिम, कार्याशाला जस्ता

गतिविधीहरू संचालन भई आएका छन् ।

यस कार्यालयले सम्पन्न गरेका सम्पादीत कार्यक्रमहरू मध्ये स्थानीय तहसँग समन्वय र सहकार्य गरी ५ वटा कार्यक्रमहरू संचालन गरेको छ । आयोग, मानव अधिकार एवं पेसागत संघ संस्थाद्धारा आयोजित मानव अधिकार सम्बन्धी कार्यक्रमहरूमा (स्रोत व्यक्ति/विशेषज्ञ सेवा र प्रमुख अतिथि अतिथि र सहभागी बिभिन्न कार्यक्रमा सहभागिता जनाएको संम्वर्द्धन सम्बन्धी कार्यक्रमहरूको विस्तृत विवरण अनुसुची-३ मा समावेश गरिएको छ ।

१.३.४ उजुरीसँग सम्बन्धित कार्यहरू

आयोगको बागमती प्रदेश कार्यालयले मानव अधिकार संरक्षण र संवर्द्धन गर्ने क्रममा संविधान, ऐन नियमको परिधि भित्र रही मानव अधिकार उल्लंघन तथा दुरुत्साहनसँग सम्बन्धीत घटनाहरूमा पीडितबाट प्राप्त उजुरी, स्वविवेकीय रुपमा समेत उजुरी ग्रहण गर्दे आएको छ । यस प्रकारका उजुरी, पीडित, पीडितको परिवार संघ संस्था, व्यक्ति, समुदाय वा आम सञ्चार माध्यममा सम्प्रेषित समाचारका आधारमा समेत उजुरी ग्रहण गर्ने गरिन्छ । यसरी कार्यालयमा प्राप्त उजुरी माथि अनुगमन, अनुसन्धान एवं छानविन गरी पीडित तथा पीडित परिवारलाई क्षतिपूर्ति राहत र आवश्यक कानुनी कारबाहीका लागि सरकार वा सरोकारवाला निकायसँग जानकारी माग गर्ने, सिफारिसका लागि आयोगमा पेश गर्ने कार्य गर्दे आएको छ । यस आर्थिक वर्षमा यस कार्यालयमा जम्मा ६८ उजुरीहरू दर्ता भएका छन् । गत आर्थिक वर्षमा विचाराधिन सहित जम्मा ७५६ थान उजुरी हाल यस कार्यालयमा विचाराधिन रहेका छन् । उजुरीहरूको विवरण अनुसुची-४ मा समावेश गरिएको छ ।

आयोगको बागमती प्रदेश कार्यालयमा परेका उजुरीका विषयमा नागरिक तथा राजनीतिक अधिकारसँग सम्बन्धित ३६, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारसँग सम्बन्धित ११, यातनासँग सम्बन्धित ६, महिला अधिकारसँग सम्बन्धित ६, जातिय बिभेदसँग सम्बन्धीत ३, बाल अधिकारसँग सम्बन्धीत २ र व्यक्ति बेपत्ता पार्ने कार्य विरुद्धको अधिकारसँग सम्बन्धित ३ उजुरीहरू दर्ता भएका छन् । प्राप्त उजुरीहरूको प्रकृति हेर्दा न्याय प्रशासन, जीवनको अधिकार, शान्तिपूर्वक भेला भई सभा सम्मेलन गर्न पाउने अधिकार, स्वास्थ्य, शिक्षा रोजगारी, आवास तथा वातावरण अधिकारसँग सम्बन्धित छन् । यसै गरी महिला अधिकार, घरेलु हिंसा, बाल अधिकार, अपांगता भएका व्यक्तिहरूको अधिकार, जातीय विभेद विरुद्धको अधिकार, जेष्ठ नागरिकको अधिकार लगायतका विषयसँग सम्बन्धित छन् ।

१.३.५ जिल्लागत रुपमा परेका उजुरीहरू

यस आ.व. २०७६/०७७ मा यस कार्यालयमा सवै भन्दा बढी काठमाण्डौ जिल्लाका ३४ उजुरी दर्ता भएका छन् । सवै भन्दा कम दोलखा, रसुवा, सिन्धुपाल्चोक जिल्लाबाट १-१ उजुरी दर्ता भएका छन् सिन्धुली जिल्लाबाट यस आर्थिक वर्षमा कुनै पनि उजुरी दर्ता भएको छैन । यस कार्यालयमा २०७६ साउन देखि २०७७ असार ३१ गते सम्म ६८ वटा उजुरीहरू दर्ता भएका छन् । जिल्लागत उजुरीहरूको विवरण अनुसुची -५ मा समावेश गरिएको छ ।

१.३.६ विषयगत आधारमा परेका उजुरीहरू

यस कार्यालयमामा सबै भन्दा बढी नागरिक तथा राजनीतिक अधिकार उल्लंघन भएको भनी ३६ वटा, आर्थिक समाजिक सांस्कृतिक अधिकार हनन् भएको भनी ११, महिला अधिकारमा ६ वटा र यातना विरुद्धको अधिकारमा ६ उजुरी रहेका छन । स्वतन्त्रता/सभा सम्मेलनको अधिकार, बिभेद विरुद्धको अधिकार, कैदी बन्दीको अधिकार, पुनः पक्राउ, गैरकानुनी गिरफ्तारी, न्याय प्रशासन र स्वच्छ वातावरणको अधिकार हनन् भएको लगायतका विषयहरूमा उजुरी दर्ता भएका छन् ।

आयोगले मानव अधिकार हनन् भएको भनिएका घटनाहरूको सम्बन्धमा आवश्यक परामर्श पनि प्रदान गर्दे आएको छ । आयोगले आफ्नो क्षेत्राधिकार भित्र नपर्ने उजुरीहरू उपर आवश्यक कारबाहीका लागि सम्बन्धीत निकायमा पठाउनुका साथै उजुरीकर्तालाई कानुनी परामर्श समेत दिदै आएको छ । यस आ.व. २०७६/७७ मा कार्यालयले १०५ वटा परामर्श सेवा उपलब्ध गराएको छ । त्यसै गरी अनुसन्धान सम्पन्न गरी २११ वटा उजुरी फाइल केन्द्रीय कार्यालयमा निर्णयार्थ पठाइएको छ । सोको विवरण अनुसूची-६ मा समावेश छ ।

१.३.७ अनुगमन सम्बन्धि गतिविधिहरू

मानव अधिकारको संरक्षणका लागि यस बागमती प्रदेश कार्यालयले नियमित रुपमा अनुगमन गर्दे आएको छ । मानव अधिकार सम्बन्धी अन्तराष्ट्रिय सन्धि सम्झौता तथा राष्ट्रिय कानूनले प्रदान गरेका हक-अधिकार, राज्यका नीति निर्देशन, मानव अधिकार राष्ट्रिय कार्ययोजना आदि विषयहरूको कार्यान्वयनको अवस्थालाई ध्यानमा राखी अनुगमन हुँदै आएको छ । घटनाको परिस्थिति समेतको आधारमा नियमित र आकस्मिक रुपमा मानव अधिकार अनुगमन हुँदै आएको छ ।

आ.व. २०७६/७७ मा भएका अनुगमनका विषयहरूमा नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार, महिला अधिकार, यातना विरुद्धको अधिकार आदि रहेका छन् । नागरिक तथा राजनीतिक विषयमा समग्र मानव

अधिकार अवस्था, कैदी बन्दीहरूको अधिकार, कारागार तथा हिरासतको अवस्था, गैरकानुनी थुना लगायतका विषयमा नियमित रुपमा अनुगमन हुँदै आएको छ । त्यसै गरी आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारमा अस्पताल एवं स्वास्थ्य अवस्था, उपभोक्ताको अधिकार, महामारी प्रकृतिक प्रकोप (कोभिड-१९, बाढी पहिरो) बाट विस्थापितहरूको अधिकार आदि रहेका छन् । यसैगरी जेष्ठ नागरिक, महिला, बालबालिका, आदिवासी जनजाति, अल्पसंख्यक/सिमान्तकृत समुदाय, अपाङ्गता भएका ब्यक्तिहरूको अधिकार, आप्रवासी कामदारहरूको अधिकार, मानव वेचविखनको अवस्था लगायतका विषयमा पनि अनुगमन हुदै आएको छ । यस कार्यालयबाट यस आ.व. २०७६/७७ मा १९ पटक आकस्मिक अनुगमन सम्पन्न भएका छन ।

१.३.८ अनुसन्धान सम्बन्धी गतिबिधिहरू

राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय सानेपा ललितपुरले मानव अधिकार उल्लंघन र दुरुत्साहनका घटनामा अनुसनधान जाँचबुझ गरी आएको छ । केन्द्रीय कार्यालयबाट जिम्मेवारी सरी आएका ७ सय ६६, बुटवल कार्यालय र गत आ.व.बाट जिम्मेवारी सरी आएका ३७, जनकपुर कार्यालयबाट प्राप्त २२ र यस कार्यालयमा दर्ता भएका ६८ वटा उजुरीहरू मध्ये १ सय ५६ वटा उजुरी उपर यस कार्यालयबाट अनुसन्धान सम्पन्न भएको छ ।

१.३.९ केन्द्रीय कार्यालयमा भएका सिफारिशहरू

यस बागमती प्रदेश कार्यालय सानेपाबाट यस आर्थिक वर्षमा २ सय ११ थान उजुरीहरू र लगाउका ३ सहित २ सय १४ उजुरी उपर अनुसन्धान सम्पन्न गरि अन्तिम निर्णयका लागि केन्द्रीय कार्यालयमा पेश गरेको छ । उक्त उजुरीहरूको विवरण अनुसुची-६ मा समावेश गरिएको छ ।

१.३.१० समन्वय सहकार्य

आयोगले आफ्नो प्रादेशिक क्षेत्राधिकार भित्र पर्ने जिल्लाहरूमा मानव अधिकार प्रर्वदनात्मक कार्यक्रमहरू संचालन गर्दा प्रदेश सरकार, सरकारी कार्यालयहरू, स्थानीय सरकार अर्न्तगत महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका तथा गाँउ पालिकाहरूसँगको समन्वय र सहकार्यमा कार्यक्रमहरू संञ्चालन गर्दे आएको छ । प्रदेश तथा स्थानीय सरकार र अन्य सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा सम्पन्न भएका कार्यक्रमहरू प्रभावकारी हुने गरेकोले समन्वयमा कार्यक्रम संचालन गर्न स्थानीय निकाय तहहरूबाट यस कार्यालयसँग पत्राचार भई श्रोत व्यक्ति माग हुने गरेको छ । कोभिड-१९ को सन्दर्भमा आम नागरिकलाई सचेतना गराउने उदेश्यनुरुप यस कार्यालय चितवन, भक्तपुर, रामेछाप, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, नुवाकोट र रसुवा जिल्लाका

एफएमहरूसँगको सहकार्यमा जनचेतनामुलक जिङ्गल प्रशारण भएको छ।

१.४ केन्द्रीय कार्यालयबाट भएका पदाधिकारीको भ्रमण तथा कार्यक्रम

यस बागमती प्रदेश कार्यालयमा यस आर्थिक वर्ष २०७६/०७७ मा केन्द्रीय कार्यालयबाट तपसिल बमोजिमका पदाधीकारीहरूको भ्रमण सम्पन्न भएको छ।

क्र.सं	पदाधिकारीहरूको नाम	मिति
१	माननीय सदस्य श्री प्रकाश वस्ती	२०७६।४।१६
२	माननीय सदस्य श्री सुदिप पाठक	२०७६।८।२३
३	सचिव श्री वेद प्रसाद भट्टराई	२०७६।४।१६

परिच्छेद-२

मानव अधिकारको अवस्था:

आर्थिक वर्ष २०७६/७७ मा यस कार्यालयले बार्षिक कार्य योजना तथा तत्कालीन आवश्यकता अनुरुप मानव अधिकारको संरक्षण र संवर्धनको लागि गरिएका मानव अधिकारको अवस्था अनुगमन तथा मानव अधिकार उल्लघंनका घटना अनुगमन तथा मानव अधिकार उल्लंघनका उजुरीहरूको अनुसन्धान लाई प्राथमिकतामा राखी अनुसन्धान वर्षको रुपमा कार्य गर्ने कार्ययोजना तर्जुमा गरेको थियो । यसका अतिरिक्त कैदी बन्दीहरूको मानव अधिकारको अवस्था अनुगमन एवं विभिन्न समयमा आयोजित मानव अधिकार सम्बर्द्धन सम्बन्धी विविध कार्यक्रहरूबाट प्राप्त तथ्यहरू, सूचना तथा जानकारी तथा कार्यालयमा प्राप्त हुन आएका उजुरीहरू र विभिन्न सञ्चार माध्यममा प्रकाशन तथा प्रसारण भएका मानव अधिकारसँग सम्वन्धित समाचारहरू, मानव अधिकारको क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संस्थाहरूद्वारा प्रकाशित प्रतिवेदनहरू समेतको आधारमा यस बागमती प्रदेशको मानव अधिकारको अवस्था समेटिएको छ ।

२.१ नागरिक तथा राजनैतिक अधिकारको अवस्था

मर्यादित एवं सम्मानजनक बाँच्न पाउनु प्रत्येक नागरिकको नैसर्गिक अधिकार हो । मानव अधिकारको विश्वव्यापी घोषणा पत्र, १९४८ को धारा ३, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धी, १९६६ को धारा ६ ले प्रत्येक व्यक्तिलाई जीवनको अधिकार प्रत्याभूति गर्दै स्वेच्छाचारी ढंङ्गले कसैको पनि जीवन हरण गर्न नपाइने भनी उल्लेख गरिएको छ। नेपालको संविधान (२०७२) ले प्रत्येक व्यक्तिलाई सम्मान पूर्वक बाँच्न पाउने हक सुनिश्चित गरेको छ । आयोगमा परेका उजुरीको अध्ययन, अनुसन्धान तथा विश्लेषणको आधारमा हेर्दा प्रहरीले आरोपीत व्यक्तिलाई पक्राउ गर्न सक्ने संभावना रहेको अवस्थामा पनि अत्याधिक बल प्रयोग भएका घटनाले स्वच्छ पुर्पक्षको अधिकारको हनन् भएको पाईन्छ। काभ्रेपलाञ्चोक जिल्ला ठकुरी गाउँमा प्रहरी र स्थानिय बिच झडप हुँदा प्रहरी सहित ८ जना घाइते भएको पाइयो ।[१]

निष्पक्ष, स्वतन्त्र र भयरहीत बातावरणमा निर्वाचनमा भाग लिन पाउने मानव अधिकारको विषय हो । यसै वर्ष सम्पन्न उपनिर्वाचनको क्रममा २०७६ मंसिर १४ गते चितवनको भरतपुर महानगरपालिका वडानं. १६ मा सिलिन्डर बम बिस्फोट भएको घटनाले केही त्रास फैलाएको भएतापनि कुनै मानवीय क्षति भएको पाइएन । बागमती प्रदेश अर्न्तगतका अन्य स्थानमा उप-निर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न भएको अनुगमनबाट देखिन आएको छ । यस बर्ष विप्लव समुह तथा अज्ञात समूहद्वारा राजधानी लगाएत देशका विभिन्न स्थानमा बम विष्फोटका घटना सार्वजनिक भएका थिए। (कोभिड-१) कोरोना भाइरसको नियन्त्रण गर्न भनी २०७६ चैत ११ गते

१ http://inseconline.org/np/wp-content/uploads/2020/YB2020/Annex_1.3_Bagmati_Province_Nepali_2020.pdf

देखि सरकारले देश भरी बन्दाबन्दी (लकडाउन) घोषणा गरेकोले नागरिकको आवतजावत तथा स्वतन्त्रतापूवर्क हिडडुलको अधिकार, रोजगारीको अधिकार, शिक्षाको अधिकार, स्वास्थ्यको अधिकारमा प्रभाव पर्न गयो । त्यसै गरी नागरिकताको अभावमा राहत वितरणमा विभेदमा परेको भन्दै सर्वोच्च अदालतले परिचय पत्र नभएका व्यक्तिलाई पनि विना विभेद राहत वितरण गर्नु भनि नेपाल सरकारका नाममा आदेश जारी भयो । स्वास्थ्य क्षेत्र संकटमा परेको अवस्थामा भ्रष्टाचार रोक्नुपर्ने, लकडाउन खुकुलो पार्नुपर्ने लगायतका माग राख्दै २०७७ जेठ महिनामा सामाजिक अभियन्ताहरूबाट स्वास्फूर्त काठमाण्डौ उपत्यका लगायत मुलुकभर अधिकांस स्थानमा शान्तिपूर्ण विरोध प्रदर्शन भए ।

२.२ आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको अवस्था

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय अनुवन्ध, १९६६ को नेपाल पक्ष राष्ट्र रहेको छ । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारले व्यक्तिको खाधान्न, स्वास्थ्य, शिक्षा, आवास र रोजगारीको अधिकारलाई सुनिश्चित गरेको छ । नेपालको संविधानमा मौलिक हकमा अधिकांश आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारलाई संवैधानिक व्यवस्था गरेको छ । कुनै पनि अन्तर्राष्ट्रिय सन्धिलाई अनुमोदन गरी पक्ष राष्ट्र भए पछि उक्त सन्धिका प्रावधानहरूलाई आफ्नो घरेलु कानुन सरह कार्यान्वयनमा ल्याइनु राज्यको दायित्व हो । तथापि मौलिक हककै रुपमा उल्लेखित स्वास्थ्य, शिक्षा, खाधान्न, आवास र रोजगारीको हक कार्यान्वयनका लागि कानून, नीति, योजना र कार्यक्रमको अभावमा कार्यान्वयन चुनौतिपुर्ण देखिएको छ ।

संविधान प्रद्धत अधिकारमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन । प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ भन्ने उल्लेख छ । तथापि आधारभूत स्वास्थ्य सेवामा ग्रामिण र विपन्न वर्गका नागरिकको पहुँच पुग्न सकिरहेको पाईएन ।

काठमाण्डौ उपत्यका लगायतका जिल्लामा इँटा भट्टा कार्यरत ७५ प्रतिशत मजदुरलाई कार्यस्थलमा रहेको धुलो धुवाँका कारण दीर्घरोग दम, खोकी र निमोनिया हुने विभिन्न अनुसन्धानबाट देखिएको छ । मजदुरहरूको स्वास्थ्य र सामाजिक सुरक्षा तर्फ सरकारको ध्यान जान सकि रहेको देखिदैन । २०७६ साउन १७ गते काठमाण्डौको बालाजुमा निर्माणाधीन मेलम्ची खानेपानी आयोजनाको पाइप भित्र पसेर सफा गर्ने क्रममा दुईजना मजदुरको मृत्यु भयो ।[२] यसरी श्रमिकहरूको स्वास्थ्य तथा सुरक्षा विमा नहुँदा निजका आफन्तहरूले उचित क्षतिपूर्ति पाउने अधिकार हनन् हुन पुगेको देखिन्छ । व्यवसाय र मानव अधिकारको विषय अगाडि बढ्न सकेको छैन ।

कोभिड-१९ नियन्त्रणका लागि सरकारले घोषणा गरेको लकडाउनका कारण अनौपचारिक

२ https://english.onlinekhabar.com/melamchi-project-two-people-working-on-pipeline-die-of-suffocation.html

क्षेत्रमा काम गर्ने व्यक्तिहरू बेरोजगारी बन्न पुगे । राज्यले बेरोजगार भएका र दैनिक गुजारा गर्न कठिन भएका अति विपन्न वर्गका मजदुर, सिमान्तकृत वर्ग रोजगारी गुमेका व्यक्तिहरूलाई राहत वितरणको कार्यमा नागरिकता तथा परिचय पत्रका आधारमा राहात वितरण गरे पश्चात नागरिकता तथा परिचय पत्र नभएकालाई राहत उपलब्ध गराँउदा परिचय पत्रको आधारमा नभई बसोवासका आधारमा राहत उपलब्ध गराउन सर्वोच्च अदालतले सरकारको नाममा आदेश जारी गऱ्यो । त्यसै गरी शुल्क तिरेर च्यापिड टेष्ट गर्न दिने सरकारको योजनामा २०७७ जेठ १३ गते सर्वोच्च अदालतबाट न्यून आय भएका विदेशी भूमिबाट लुकीछिपी नेपाल आउन लागेका र तेस्रो मुलुकबाट नेपाल फर्कन चाहेका विपन्न नागरिकहरूका लागि शुल्क तिरेर च्यापिड टेष्ट गर्न दिने सरकारको योजना कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको छ ।[३]

सिन्धुली जिल्ला अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी सहित ६४ जना स्थायी कर्मचारी सबैको एकै पटक सरुवा भएपछि बिमारीको उपचार गर्न समस्या भएकाले नागरिकको स्वास्थ्य सम्बन्धी अधिकार हनन् हुन पुगेको पाइयो । कोभिड-१९ (कोरोना भाइरस) परिक्षणमा ल्याइएको च्यापिड डानोस्टीक टेष्ट (RDT) परिक्षण प्रभावकारी नभएले पीसीआर प्रविधिबाट परिक्षणको माग राख्दै सरकार विरुद्ध शान्तिपूर्ण विरोध प्रर्दशन भएको पाईयो । व्यक्तिको बाँच्न पाउने अधिकारसँग आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको परिपूर्ति अन्य अधिकारको उपभोगसँग प्रत्यक्ष सरोकार राख्ने गर्दछ । जस्तै खाधान्नको अधिकारले जीवनको अधिकार, शिक्षाको अधिकारले रोजगारीको अधिकारमा सम्बन्ध राख्ने हुँदा राज्यले नागरिकका आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको परिपूर्तिका लागि संरचनागत, संस्थागत तथा नीतिगत व्यवस्था गरी विशेष कार्यक्रम ल्याउनु अपरिहार्य रहेको छ । कोरोना संक्रमणको जोखिम बढेपछि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले २०७६ चैत १० गते सूचना जारी गरी चैत मसान्त सम्मका लागि दादुरा खोप अभियान स्थगित गरेको थियो । यसबाट बालबालिको स्वास्थ्यको अधिकार प्रत्याभूतिमा दीर्घकालीन असर पर्न गयो ।

२.३ जातिय भेदभाव विरुद्धको अधिकारको अवस्था

नेपालले जातिय भेदभाव विरूद्धको महासन्धिलाई अनुमोदन गरी राष्ट्रिय कानूनद्वारा छुवाछुत तथा जातीय भेदभावलाई दण्डनीय बनाइएको छ । कानूनी बन्देज भएतापनि व्यवहारतः अझै पनि जातिय आधारमा छुवाछुत र विभेद हुने गरेको पाइन्छ । बागमती प्रदेश अर्न्तगत विशेष गरि ग्रामीण भेगमा धाराको पानी, सार्वजनिक धार्मिक स्थल, मठ मन्दीर प्रवेश र पूजापाठ गर्न नदिइएको, दलितलाई घर बहालमा नदिएको पाइन्छ । रामेछाप, सिन्धुली, दोलखा, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रसुवा र धादिङ्ग जिल्लाका ग्रामीण समूदायमा अझै पनि जातिय विभेदका घटनाबाट मानव अधिकार उलंघन भएको तथ्य आयोगको अनुगमनबाट प्राप्त हुन आएको छ । अनौपचारिक सेवा केन्द्र (इन्सेक) बर्ष पुस्तक २०२० मा जातिय विभेदका घटनाबाट २१ जना

3 https://ekantipur.com/news/2020/05/26/159050523649572655.html 2077.3.12

पीडित भएको उल्लेख छ।[४] त्यसै गरि विशेषतः दलितसँगको अन्तरजातिय विवाह, छुवाछुत तथा जातिय विभेद, दलित सहभागिताको अभाव, दतिल उत्थान लक्षीत कार्यक्रमको अभाव देखिन्छ। लकडाउनको अवधिमा वितरण गरिएको राहतमा समेत विभेद भएको, क्वारेन्टाइनमा बस्दा समेत विभेद गरिएको पाइयो[५]। संविधानले मौलिक हकमै भूमिहीन दलितलाई आवासको निम्ती जग्गा उपलब्ध गराउने व्यवस्था[६] भएतापनि सो कार्यान्वयन तर्फ कुनै पहल हुन सकेको देखिदैन। सदरमुकामको तुलनामा ग्रामिण ईलाकामा जातिय विभेद तथा छुवाछुत बढी रहेको, सार्वजनिक स्थल, सार्वजनिक समारोह, सामाजिक काम र व्यवहारहरूमा दलित माथि जातिय भेदभाव हुने गरेको दलित समाजमा जातिय विभेद बाट पीडित भएता पनि न्यायमा पहुँच नहुँदा र आर्थिक अवस्था कमजोर भएको कारण न्याय पाउन कठिन हुने हुँदा उजुरी नगर्ने र विभेदका घटना गाँउ घरमै मिलापत्र गराउन प्रोत्साहन गरेको देखिन्छ। जातिय भेदभाव तथा छुवाछुतको घटनालाई सकेसम्म समाजमा मिलापत्र गराउने, प्रहरीले उजुरी लिन ढिलासुस्ती गर्ने, राजनीतिक दवाबका कारण पीडकलाई कारबाही नहुने हुँदा पीडितले न्याय पाँउनबाट बंञ्चित हुनु परेको तथ्य प्राप्त भएका छन्। राहत वितरणमा सिमान्तकृत दलित वर्ग लगायतलाई विशेष ध्यान दिएको पाइएन।

२.४ महिला अधिकारको अवस्था

राजधानी काठमाडौं उपत्यका लगायत चितवन, मकवानपुर, काभ्रेपलाञ्चोक समेत बागमती प्रदेशमा समावेश भएकोले मानव विकास सुचांकमा अगाडी रहेको देखिएतापनि काठमाण्डौ उपत्यका बाहिरका जिल्लाहरूमा महिलाहरूको मानव अधिकारको अवस्था दयनीय रहेको देखिन्छ। नेपालको संविधान (२०७२) र कानूनी रुपमा महिला अधिकार संरक्षण गरे पनि कार्यान्वयन पक्ष फितलो रहेको छ। महिलामाथि हुने सवै प्रकारको विभेद अन्त्य गर्ने महासन्धी १९७९ ले महिला माथि हुने शारीरिक, मानसिक, सामाजिक, राजनीतिक विभेद अन्त्य गर्नु पर्ने औल्याएको छ। नेपाली महिलाहरू घरेलु हिंसा, दुरर्व्यवहार, यौनजन्य हिंसाका घटनाहरू दिनानुदिन बृद्धि भैरहेको देखिन्छ। महिलाहरूको परिवार भित्र सहभागीता निर्णय भूमिका न्यून हुने, सम्पत्ति माथिको पहुँचमा कमी, विद्यालयमा बालिकाको लागि शौचालयको प्रवन्ध नहुँदा उमेर बढ्दै गएका बालिका विद्यालय छाड्न बाध्य हुनुपर्ने, चेपाङ्ग, चिरेल, दलित, माझी, दनुवार समुदायमा बालविवाह रहनु बागमती प्रदेशका प्रमुख समस्या देखिएका छन्। महिलाले घरमा गरेको काम र श्रम शक्तिको आर्थिकरुपमा मुल्याङ्कन नहुदा महिलाहरूको आर्थिक परनिर्भरतामा बृद्धि हुनु, कानूनी रुपमा समान कामको समान ज्याला भनिएता पनि व्यवहारतः लागु भएको पाईदैन। भारत लगायत खाडी मुलुकमा नेपाली महिला बेचबिखनमा परेका छन्।

---

4 http://inseconline.org/np/wp-content/uploads/2020/YB2020/Annex_1.3_Bagmati_Province_Nepali_2020.pdf at 2077.3.4

५ भक्त विश्वकर्मा, दलित एन जी ओ फेडेरेशनसंगको मिति २०७७।३।५ को अन्तरक्रियाबाट।

६ नेपालको संविधानको धारा ४०

महिला अधिकार उल्लङ्घनका घटनामा बागमती प्रदेशमा ७ सय ४७ जना पीडित भएका छन[७]। २०७६ साउन १७ गते सिन्धुली जिल्ला दुधौली नगरपालिका-४ एकहटियाका रितु मुसहरले सामान्य घरायसी विवादमा श्रीमतीलाई तातो तेलमा डुबाइदिएर श्रीमति गम्भीर घाइते बनाएको र श्रीमतिको दुवै आँखा हेर्ने नमिल्ने गरी चोटपटक लागेको पाईयो[८]। कोरोना भाइरसका कारण विदेशमा रोजगारी गुमाएर नेपाल आएका वा भारतवाट नेपाल भित्रिएका नागरिकहरूलाई १४ दिन सम्म क्वारेन्टीनमा बस्नु नेपाल सरकारकाको मापदण्ड भए पनी उक्त क्वारेन्टीनहरूमा महिला सुरक्षाकर्मी नभएको, पुरुष र महिला एकै क्वारेन्टीनमा रँहदा महिला हिंसा दुव्यर्वहार हुने गरेको पाईयो। २०७७ असार ७ गते महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले गर्भवती तथा सुत्केरी महिलाको लागि विपदको समयमा विशेष व्यवस्था गर्न यस बागमती प्रदेशका १ सय १९ वटै स्थानीय तहलाई निर्देशन दिएको पाईयो।[९]

२.५ बाल अधिकारको अवस्था

नेपालले बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी १९८९ अनुमोदन गरेको छ। सोही अनुरुप बालबालिका सम्बन्धी ऐन, २०७५ ले व्यवस्था गरेको बालबालिकाको बाँच्न पाउने, संरक्षित हुने, विकास गर्न पाउने एवं सहभागिता हुन पाउने अधिकारलाई संरक्षण गर्न सरकारी तहमा विभिन्न सकारात्मक प्रयास देखिन थालेका छन् । निःशुल्क शिक्षाको लागि राज्यबाट लगानी बढेको देखिएको छ भने सरकारी विद्यालयमा गुणस्तरीय शिक्षा, बालमैत्री पठन दण्डरहित पाठन जस्ता सरकारी एवं गैरसरकारी तवरमा प्रयास भैरहेको पाईन्छ। तथापि सरकारी विद्यालयतर्फ व्यवस्थापन र प्रभावकारी अनुगमनको अभावले सरकारी विद्यालयतर्फ अभिभावकको आस्था र विश्वास बढ्न सकेको छैन।

विद्यार्थीलाई विद्यालयमा अनुशासनको नाममा दिइने शारीरिक दण्ड सजाय, विद्यालयमा शिक्षकले छात्र छात्रालाई यौन दुर्व्यवहार गर्ने कार्य भएका छन् भने अनुमति विना संचालन भएका बाल गृहमा बालअधिकारको हनन् भएको पाइन्छ। त्यसै गरी यो बर्ष बाल अधिकार उल्लङ्घनका घटनामा ३ सय ७६ जना पीडित भएको पाइएको छ[१०]। राज्यले निशुल्क शिक्षाको नारा लिएको भएतापनि सार्वजनिक विद्यालयले विभिन्न बहानामा शुल्क लिने गरेको पाइएको छ। भिमेश्वर नगरपालिका-७ दोलखामा रहेको माध्यमिक विद्यालयले शिक्षकको तलवका लागि भन्दै परिक्षा शुल्कको नाममा ५ सय रुपैया र कम्प्युटर शुल्क ४ सय गरी बार्षिक ९ सय रुपैया प्रति विद्यार्थि लिने गरेको पाइएको छ[११]। ललितपुर जिल्ला चागाथली स्थित नारायण आधाभूत विद्यालयका

7 http://inseconline.org/np/wp-content/uploads/2020/YB2020/Annex_1.3_Bagmati_Province_Nepali_2020.pdf at 2077.3.5

8 https://ekantipur.com/news/2019/11/03/157279605007393988.html date 2076.4.17

९ शिवा तामाङ गोरखापत्र दैनिक २०७७ असार ८ गते

10 http://inseconline.org/np/wp-content/uploads/2020/YB2020/Annex_1.3_Bagmati_Province_Nepali_2020.pdf at

11 http://inseconline.org/np/news

शिक्षक नन्दप्रसाद निरौलाले छात्रालाई यौन दुर्व्यवहार गरेको आरोपमा २०७६ फागुन २ गते प्रहरीले नियन्त्रणमा लिइ कानूनी कारवाही गरेको छ[१२]।

२०७६ मंसिर ३० गते राती प्रहरी परिसर र महानगरपालिकाले स्वयम्भू, कालीमाटी पशुपति क्षेत्रबाट ५ जना सडक बालबालिकाको उद्धार गरेको छ । कोभिड-१९ कोरोना भाइरसको नियन्त्रणका लागि २०७६ चैत ११ गते देखि सुरु भएको लकडाउनका कारण शैक्षिक संस्थाहरू बन्द हुँदा बालबालिका शिक्षाको अधिकारबाट बन्चित हुनुपरेको अवस्था छ । अनलाईन कक्षा संचालनले गरिव विपन्न र दुरदराजमा रहेका बालबालिकाका पहुँच बाहिरको हुन गै शिक्षाबाट बन्चित हुन सक्ने देखिएको छ । शिक्षा मन्त्रालयले लकडाउनको अवधीको शुल्क नबुझाउन र नलिन नीजि विद्यालयलाई गरेको अनुरोधको प्रतिकूल प्याप्सन, एनप्याप्सनले भर्चुअल कक्षा संचालन गर्दै २०७७ सालको नयाँ बर्ष शुरु देखि नै पठनपाठन शुल्क उठाएका छन् । सरकारले नीजि विद्यालयलाई अनलाईन कक्षा संचालन वापत शुल्क नलिन निर्देशन दिए पछि नीजि विद्यालयले पठनपाठन बन्द गरेका छन्[१३]। त्यस्ते नीजि विद्यालयका शिक्षकलाई पारीश्रमिक नदिएको र सेवाबाट बर्खास्त गरिएको पाइएको छ ।

२.६ बलपूर्वक बेपत्ता विरुद्धको अधिकारको अवस्था

शसस्त्र द्वन्दको अबधीमा राज्यपक्षवाट बेपत्ता पारिएका र तत्कालिन विद्रोही पक्षवाट अपहरण गरी अवस्था अज्ञात रहेका व्यक्तिहरूको अवस्था विस्तृत शान्ति सम्झौता पश्चात पनि सार्वजनिक हुन सकेन । त्यसैगरी ३० दिन भित्र बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था सार्वजनिक गर्ने सहमति भए पनि सो सहमति कार्यान्वयन हुन सकेन । राज्यले शसस्त्र द्वन्दको अबधीमा घटेका घट्नाहरूको सम्बोधन गर्न बेपत्ता पारिएका व्यक्तिको छानवीन आयोग र सत्य निरुपण तथा मेल मिलाप आयोगको स्थापना गऱ्यो । दुवै आयोगलाई दुई बर्षे कार्यकाल दिइएको र अर्को दुई बर्ष अवधी थप गरिएको भए पनि छानवीन मार्फत सत्य स्थापित तथा बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था सार्वजनिक हुन सकेनन् । यस आ.व. २०७६/७७ मा सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधिश ओमप्रकाश मिश्रको संयोजकत्वमा गठित सिफारिस समितिले संक्रमणकालीन संयन्त्रमा पदाधिकारीको नाम सिफारिस गरी दुवै संयन्त्रमा पदाधिकारीको नियुक्ती गरियो । पारदर्शीरुपमा सिफारिस नभएको, राजनीतिक भागवण्डामा पदाधिकारीको नियुक्ति भएको भनी द्वन्दपीडितले विरोध गरेका छन्[१४]। द्वन्दपीडितका परिवारलाई राज्यको तर्फबाट प्रदान गरिदै आएको राहत रकम पाए नपाएको सम्बन्धमा बागमती प्रदेश अर्न्तगतका १३ वटै जिल्लाको जिल्ला प्रशासन कार्यालयमा पत्राचार गरिएको छ । जिल्लाहरूवाट प्राप्त तथ्याङ्कको आधारमा हेर्दा मृतक परिवार, बेपत्ता परिवारका अधिकांस आफन्तले राहत रकम रू.१० लाखका दरले प्राप्त गरेको देखिन्छ ।

१२ कान्तिपुर दैनिक २०७६ फागुन १४ गते

१३ कान्तिपुर दैनिक २०७७ असार ३१ गते

१४ द्वन्दपीडित साझा चौतारीको २०७६ माघ ५ गतेको प्रेश विज्ञप्ती

२.७ यातना विरुद्धको अधिकारको अवस्था

नेपालको सविधानले यातना विरुद्धको हकलाई मौलिक हकको रुपमा सुनिश्चित गरेको छ[१५]। मुलुकी अपराध (संहिता) ऐनले प्रचलित कानून बमोजिम कसूरको अनुसन्धान गर्ने, अभियोजन गर्ने, कानूनको कार्यान्वयन गर्ने वा कानून बमोजिम नियन्त्रण, हिरासत वा थुनामा राख्ने अधिकार प्राप्त अधिकारीले कसैलाई शारीरिक वा मानसिक यातना दिन वा दिन लगाउन वा क्रुर, निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गर्न वा गराउन निषेध गरेको छ । त्यस्तो कार्य गरेमा कसुरको गम्भीर्यता हेरी पाँच वर्ष सम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरेकोछ[१६]। मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८ को धारा-५ नागरिक तथा राजनीतिक अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय अनुवन्ध १९६६ को धारा-७ ले पनि यातनालाई निषेध गरेको छ । यातना, क्रुर र अमानवीय एवं अपमानजनक व्यवहार विरुद्धको महासन्धि १९८४ लाई नेपालले अनुमोदन गरिसकेको सन्दर्भमा नीति, कानूनी संरचना बन्न जरुरी छ । अझैपनि अभियुक्तको साविातिको आधारमा प्रमाण संकलन गर्ने पुरानो अनुसन्धान पद्धतिको कारण प्रहरी हिरासतमा यातना जस्ता घटना सम्बन्धमा आयोगको यस कार्यालयमा उजुरी दर्ता भई अनुसन्धानको क्रममा रहेका छन् ।

यो बर्ष बागमती प्रदेशमा यातनाका घटनाबाट सात जना पीडित भएको पाइयो[१७] । काठमाण्डौको स्थित महानगरीय प्रहरी बृत्त बानेश्वरको हिरासतमा हेमबहादुर रावतको मृत्यु भएको सम्बन्धमा बागमती प्रदेश कार्यालयमा प्रापत उजुरी विचाराधीन रहेको छ । यसका अतिरिक्त अदालतको आदेशको विपरित पटक-पटक गिरफ्तार गर्ने कार्य भएकोले राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष वा सदस्यको रोहवरमा बन्दीलाई छोड्न र आयोगबाट निरन्तर अनुगमन गर्न भनी सर्वोच्च अदालतबाट आदेश समेत जारी भयो ।[१८]

कैदी बन्दीहरू प्रति मानवीय व्यवहार हुनु पर्ने मानव अधिकारको विषय रहेको छ । तथापी कारागारमा क्षमता भन्दा अत्याधिक कैदी बन्दी रहेको अनुगमनबाट पाईयो । दोलखा जिल्लाको १७ जना क्षमता भएको कारागारमा १ सय ३ जना कैदी बन्दीलाई राखिएको छ भने उक्त कारागारमा अत्यधिक मूल्यमा सामान विक्रि गर्ने गरेको र त्यसको विरोध गरेमा यातना दिने गरेको अनुगमन बाट देखिन्छ । काठमाण्डौ स्थित केन्द्रीय कारागार जगन्नाथ देवलमा १ हजार २ सय ५० जनाको क्षमता भएकोमा ३ हजार १ सय ६४ जना कैदी बन्दी रहेको पाइएको छ ।[१९]

---

१५ नेपालको संविधानको धारा २२

१६ मुलुकी अपराध संहिता ऐन २०७४ को दफा १६७

१७ इन्सेक वर्ष पुस्तक २०२० पृ।

१८ राष्ट्रिय मानव अधिकार आयोगको मिति २०७७ असार प्रेश विज्ञप्ती

१९ राष्ट्रिय मानव अधिकार आयोग २०७७ वैशाख १५ प्रेश विज्ञप्ती

२.८ मानव बेचविखन तथा गैरकानूनी अप्रवासनको अवस्था

नेपालबाट भारतको बाटो प्रयोग गरी अवैधरुपमा खाडि मुलुक गइरहेको पाइएको छ। नेपालले अदक्ष कामदारलाई तेश्रो मुलुक जानका लागि श्रम स्वीकृतिदिन रोक लगाए पनि एक पटक रोजगारीको निम्ति विदेश गएर फर्केका व्यक्तिहरूलाई श्रम स्वीकृती दिन थालिएपनि भारतको बाटो हुदै विदेश जानेको संख्यामा कमी आउन सकेको छैन। बैदेशिक रोजगारी सम्बन्धी मानव श्रोत कम्पनी (म्यानपावर कम्पनी) हरूले खाडी मुलुकहरूमा जानु पूर्व कामको प्रकृति सहित सुचना वारे जानकारी नहुँदा बैदेशिक रोजगारीमा जानेहरू बढि पीडित भएको पाइएको छ। खाडी मुलुकमा रोजगारीमा जानेलाई फ्री भिषा फ्री टिकट उपलब्ध गराउने नेपाल सरकारको नीति भएपनि बैदेशिक रोजगारीमा जाने व्यक्तिहरूले उक्त कम्पनीहरूलाई रकम उपलब्ध गराउनु पर्ने, म्यानपावर कम्पनीहरूलाई बुझाएको रकमको कुनै भरपाई तथा रसिद प्राप्त नहुने र प्रमाणको अभावमा गैरकानूनी आप्रवासन सम्बन्धी घटनाका पीडितले न्यायमा पहुँच तथा क्षतिपूर्ति प्रापत गर्न सकेका छैनन्। २०७६ मंसिर ९ गते काठमाण्डौमा माइती नेपालको भारत शाखाले भारतको राजधानी नयाँ दिल्लीको कोठीमा बेच्न लागेको अवस्थामा दुई नेपाली महिलाको उद्धार गरेको छ। २०७६ पुस महिनामा काठमाण्डौको गोङ्गवु एरियामा प्रहरीले चलाएको स्वीप अपरेशनमा अनैतिक क्रियाकलापमा संलग्न भएको आरोपमा ७३ जनालाई पक्राउ गरेको छ[२०]।

२.९ अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको अवस्था

नेपालको संविधान (२०७२) मा अपाङ्गता भएका ब्यक्तिहरूको अधिकारलाई मौलिक हकमा व्यवस्था गरेको पाईन्छ। अपाङ्गता भएका व्यक्तिको अधिकारलाई मौलिक हकमा समावेश गरेको छ। त्यसैगरी अपाङ्गता भएका ब्यक्तिहरूको अधिकार सम्बन्धी ऐन २०७५, नेपाल सरकारको चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना (२०७१/०७२–२०७५/०७६), अपाङ्गता भएका व्यक्तिहरूको परिचय पत्र वितरण निर्देशिका २०७३, अपाङ्गता भएका व्यक्तिहरूको लागि पहुँचयुक्त भौतिक संरचना तथा संचार सेवा निर्देशिका, २०६९ लगाएत कानूनी संरचना रहेका छन्। नेपालले अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षण सम्वन्धी महासन्धि अनुमोदन गरिसकेको छ। तर सन्धिका प्रावधान बमोजिम सरकारी, सर्वजनिक स्थलमा अपाङ्गता भएका व्यक्तिको पहुँचको लागि पुरा गर्नुपर्ने पूर्वाधारको विकास हुन सकेको छैन। राज्यबाट अपांग भत्ताको व्यवस्था गरेतापनि अपाङ्गता भएका सवै बर्गमा पहुँच पुग्न सकेको छैन। बन्दाबन्दी को अवस्थामा अपाङ्गता भएका व्यक्तिहरूले खाधान्न सामग्री, नियमित औषधी, स्वास्थ्य तथा सहयोग सामग्रीहरूको अभाव, सुचना तथा संचारको पहुँच नहुनु, क्वारेन्टीन स्थलहरू पहुँचयुक्त नहुनु, नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिका लागि बनाएको निर्देशिकालाई कार्यान्वयनमा पूर्णरुपमा लागु नहुनु, आफ्ना दैनिक कामकाजमा समेत समस्या भोग्नु परेको पाइएको छ[२१]। विगत बर्ष देखि उपलब्ध

२० https://www.dainikonline.com/story/24162/2020/02/02/

21 https://nfdn.org.np/virtual-meeting-on-the-issue-of-human-rights-of-persons-with-disabilities-during-covid-19-pandemic

गराउदै आएको अपाङ्गता भत्ता रु १ हजार ६ सय रोक्ने सरकारी निर्णय प्रति राष्ट्रिय मानव अधिकार आयोगले प्रेश विज्ञप्ती जारी गरी निरन्तर भत्ता रकम उपलब्ध गराउन आग्रह गऱ्यो ।[२२]

२.१० मानव अधिकार रक्षकको अवस्था

स्वतन्त्र, निष्पक्ष र निर्भिकताका साथ काम गर्नुपर्ने मानव अधिकार रक्षकको अवस्था यस वर्ष पनि चुनौतीपूर्ण नै रह्यो । पत्रकारहरूमाथि विद्युतीय कारोवार ऐन २०६३ अन्तरगत पत्रिकामा समाचार लेखेकै आधारमा पक्राउ गरिएको, मिडिया काउन्सील विद्येयक २०७६ ले पूर्ण प्रेस स्वतन्त्रता सहित संविधान प्रदत्त हकमा अंकुश लगाउने, पत्रकारलाई गरिने जरिवाना तथा सजायले स्वतन्त्र र निर्भिक पत्रकारिताको मर्म माथि प्रहार गरेको भनी नेपाल पत्रकार महासंघबाट देशब्यापी आन्दोलनका कार्यक्रम रहेको पाइयो । महासंघबाट सञ्चालन भए/राज्यको चौथो अंगको रुपमा रहेको मानव अधिकार रक्षकका अधिकार संरक्षणमा चुनौती भएका शान्तिपूर्ण धर्ना बिरोध, प्रर्दशनको यस कार्यालयबाट नियमित अनुगमन भएको छ ।

श्रमजिवी पत्रकारहरूले सत्य समाचार संप्रषण गरेबापत राज्य पक्ष, नेपाल कम्यूनिष्ट पार्टी (विप्लव) का कार्याकर्ता[२३]ट्राभलएजेन्सी[२४] अस्पताल, सरकारी निकाय, तथा विभिन्न निजि संघसस्थाले गतिविधिहरूको समाचार प्रकाशित गरेको भन्दै ज्यान मार्ने धम्की दिएको देखिएको छ । त्यस्तै संचारकर्मी तथा मानव अधिकार रक्षकहरू मानव अधिकार रक्षाको सवालमा सक्रिय रहँदा राज्यपक्ष तथा गैरराज्य दुवै पक्षबाट विभिन्न किसिमका धम्की, कुटपीट हुन पुगेको अवस्था विद्यमान नै देखिन्छ । परिचयपत्र लगाएर संचार क्षेत्रमा खटिइएका पत्रकारहरूले आफु पत्रकार र समाचारको लागि खटिएको भने पनि दुर्व्यवहार गरिएको पाइएको छ । नेपाल पत्रकार महासंघले ४० जना पत्रकारको सुरक्षा निम्ति विमा गराएको[२५] पाइएकाले मानव अधिकार रक्षकको संरक्षणमा सकारात्मक पहल मान्न सकिन्छ । पछिलो समय विभिन्न सञ्चारगृहहरूले कोभिड-१९को कारण देखाउँदै श्रमजीवी पत्रकारहरूलाई सेवाबाट निष्काशन गर्ने, तलब नदिने, तोकिएको पारिश्रमिक एकतर्फि ढंगले कटौती गर्ने, विभिन्न बहाना देखाएर काम गर्ने वातावरण नदिने, राजिनामा दिन दबाव दिने जस्ता कार्य जारी राखेको छ । त्यस विरुद्ध महासंघले आन्दोलन गर्ने निर्णय गरेको छ[२६] ।

बागमती प्रदेश अन्तरगतका जिल्लामा कार्यरत पत्रकारले समाचार संकलनको क्रममा समाजिक सञ्जालमा विचार अभिव्यक्त गरेकै आधारमा गिरफ्तारी हैरानी व्यहोर्नु पऱ्यो । बन्दाबन्दीको अवधिमा चितवनमा ४ जना, काठमाडौंमा १ जना र सामाजिक सञ्जालमा विचार अभिव्यक्तिको अधारमा १ जनालाई प्रहरीले गिरफ्तार गऱ्यो । विश्व प्रेश स्वतन्त्रता दिवस मे ३ को सन्दर्भमा

---

२२ राष्ट्रिय मानव अधिकार आयोगको २०७७ बैसाख ११ गतेको प्रेश विज्ञप्ती
२३ http://www.fnjnepal.org/np/press
24 www.fnjnepal.org/np/press/ date 2077.3.7
25 http://www.fnjnepal.org/uploads/resources/resource_1579078612.pdf
26 http://www.fnjnepal.org/np/press/

नेपाल पत्रकार महासंघको आयोजनामा भएको डिजिटल सम्बाद कार्यक्रममा आयोगका माननीय अध्यक्ष अनूप राज शर्माले सरकारबाट पत्रकारको सुरक्षा हुनु पर्नेमा त्यस विपरित असहिष्णु व्यवहार भएको बताउनु भयो । पत्रकारको मुख थुन्न र हात बाध्न सकिए पनि मस्तिकमा उब्जने विचार रोक्न नसकिने भन्दै अभिव्यक्ति स्वतन्त्रता र मानव अधिकारका सम्बन्ध अन्योन्याश्रित रहेको छ भन्नु भयो ।[२७]

२७ कोभिड १९ र बन्दाबन्दीको अवधीमा मानव अधिकारको अवस्था प्रारम्भिक प्रतिवेदन, २०७७ पृ.२५, राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन, ललितपुर ।

परिच्छेद-३

कोरोना भाईरस (कोभिड-१९) र मानव अधिकारको अबस्था

चीनको वुहानमा पहिलो पटक सन् २०१९ को डिसेम्बर महिनामा देखिएको भनिएको कोरोना भाइरस (कोभिड-१९) को महामारी विश्वभरी फैलँदो अवस्थामा छ । संयुक्त राष्ट्रसङ्घ र विश्व स्वास्थ्य सङ्गठनबाट महामारीको रूपमा घोषित कोरोना भाइरसबाट उत्पन्न मानव स्वास्थ्य सम्बन्धी जटिलताले विश्व समुदायलाई त्रसित बनाएको छ । विश्वभरी फैलिएको कोरना महामारीवाट नागरिकको जीवन बचाउने प्रयास स्वरुप नेपाल सरकारले २०७६ चैत्र ११ देखि मिति २०७७ जेठ ३२ सम्म पुर्ण रुपमा बन्दावन्दी लागु गरेको थियो । कोरोनाको महामारी अन्य मुलुकहरूको तुलनामा दक्षिण एशियाली मुलुकमा केही ढिला देखा परेकाले तयारीको यथेष्ट समय थियो । सिमित मात्रामा क्वारेन्टाइन र आइसोलेशन बेडको व्यवस्था गरिएको भए पनि पर्याप्त एवम् दक्ष जनशक्ति र आवश्यक साधनहरू (अक्सिजन, भेण्टीलेटर, किटलगायत) को अभाव रहेको पाइयो । क्वारेन्टाइनमा सेवारत रहनुपर्ने डाक्टर नर्स लगायतका स्वास्थ्यकर्मीहरूका लागि आवश्यक पीपीइ र टेष्ट किटलगायत सामग्रीको अभाव छ । स्वास्थकर्मीलाई पीपीइ लगायतका खाने बस्ने सुविधाका अलावा चिकित्सक र सुरक्षाकर्मीलाई खानेपानीको समेत यथोचित बन्दोबस्त गरिएको छैन । अक्सिजनको समस्या रहेको, उपचारको लागि आवश्यक मेशिन उपलब्ध नभएको, सेनिटाइजरको अभाव रहेको र तापक्रम जाँच्ने मेशिनको समेत यस प्रदेशका अधिकांस जिल्लामा अभाव देखियो । स्वास्थ्य प्रयोगशाला (ल्याव) को अभाव व्यापक देखिएको छ । सङ्क्रमण भएका र सङ्क्रमण नभएकालाई एकै ठाउँमा राखेको पाइएको छ । स्वास्थ्यकर्मी र सङ्क्रमणमा परेका विरामीले लगाउनुपर्ने व्यक्तिगत सुरक्षा सामग्री छैन । क्वारेन्टाइनमा राखिएका व्यक्तिका लागि खान, बस्नको व्यवस्था सरकारको तर्फबाट गरिएको भनिए पनि कतिपय क्वारेन्टाइनमा विद्युत सुविधा नभएको, पुरुष र महिलाका लागि फरक शौचालयको व्यवस्था नगरिएको, कतिपय क्वारेन्टाइनमा सञ्चार सुविधाको अभाव रहेको र पर्याप्त मात्रामा बेड नभएको पाइयो ।

प्रदेश सरकार र स्थानीय सरकारले तयार गरेका क्वारेन्टाइन केन्द्रलाई क्वारेन्टाइन संचालन तथा व्यवस्थापन मापदण्ड २०७६ अनुसार सुविधा संघीय सरकारले उपलब्ध गराउनु पर्ने देखिएको छ । बन्दाबन्दीको सुरुवाती दिनहरूमा शहर बस्तीहरूमा औषधी, खाधान्न र तरकारीको सहज आपूर्ति भइरहेको पाइए पनि खाना पकाउने ग्याँसको अभाव देखिएको थियो । सरकारले पर्याप्त आपूर्ति रहेको बताइरहँदा पनि व्यापारीहरूको मिलेमतोमा आधा सिलिण्डर ग्याँस बजारमा पठाइएको भन्ने उपभोक्ताहरूको गुनासो रहेको छ । नेपालमा कोभिड-१९ संक्रमणको प्रकोप बढीरहेको समयमा कोभिड संक्रमण चेकजाँच अत्यन्त न्यून रहेको, पीसीआर प्रविधिवाट चेक जाँच बढाउनु पर्ने, क्वारेन्टीनहरू नाम मात्रका भएको, क्वारेन्टीन महिलामैत्री नभएको, क्वारेन्टीन भित्र क्वारेन्टीनमा सम्लग्न स्वास्थ्यकर्मी, स्वयम्सेवकवाटै बलात्कृत हुनुले क्वारेन्टीनको सुरक्षा, लैगिंक संवेदनशिलतामा सरकार उदासिन रहेको पाइयो ।

बन्दाबन्दीकै समयमा राष्ट्रिय मानव अधिकार आयोगको पहलमा नेपाल वार एशोशियसन, नेपाल पत्रकार

महासंघ र गैसस महासंघसगको संयुक्त रुपमा कोभिड-१९ उच्चस्तरीय, केन्द्रस्तरीय र जिल्ला स्तरीय मानव अधिकार अनुगमन समितिको स्थापना भएको छ । केन्द्र स्तरीय कोभिड-१९ मानव अधिकार अनुगमन समितिको संयोजकमा आयोगका निर्देशक तथा आयोगको बागमती प्रदेश कार्यालयका प्रमुख यज्ञप्रसाद अधिकारी रहनु भएको छ । उक्त केन्द्र स्तरीय समितिको भर्चुवल बैठक प्रत्येक हप्ता जुम प्रविधिवाट वैठक बस्दै आएको छ ।

बागमती प्रदेश कार्यालय अन्तरगतका १३ वटा जिल्लाहरूमा कोभिड-१९ जिल्ला स्तरीय मानव अधिकार अनुगमन समितिको गठन भै कार्य प्रारम्भ भैसकेको छ । जिल्लाका समितिबाट जिल्लामा भए गरिएको मानव अधिकार अवस्थाको केन्द्रस्तरीय समितिमा निरन्तर जानकारी उपलब्ध गराएका छन् ।

३.१ बन्दाबन्दीको अबधिमा बागमती प्रदेश कार्यालयवाट सम्पादित कार्य :

जिल्लागत दैनिक विफ्रिङ्ग:

राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयले बन्दाबन्दीको अवस्थामा पनि कार्यालयका कर्मचारीहरूवीच दैनिक दिनको २ बजे भर्चुअल छलफल गरेको छ । कार्यालयका कर्मचारीहरूवीच यस प्रदेश अन्तर्गतको १३ जिल्लाहरूको मानव अधिकार अवस्थाको सम्बन्धमा छलफलमा विफ्रिङ हुने गरेको छ । जिल्ला गत विफ्रिङलाई ब्यवस्थित गराउन कर्मचारीहरूवीच निम्नानुसारको जिल्लाका गतिविधि समेटेर प्रस्तुत गर्ने जिम्बेवारीको बाँडफाँड भएको छ । जिल्लागत जिम्वेवारी देहायअनुसार रहेको छ ।

क्र.सं	कर्मचारी	जिल्ला	कैफियत
१	श्री यज्ञप्रसाद अधिकारी	समग्र प्रदेशको अवस्थाको वारेमा सुपरिवेक्षण, केन्द्रीय कार्यालयसँग समन्वय र केन्द्रस्तरिय अनुगमन समितिको संयोजक भई कार्य सम्पन्न ।	
२	श्री सरिता ज्ञवाली	दोलखा र रामेछाप	
३	श्री जायश्वर चापागाई	चितवन र मकवानपुर	
४	श्री रेवा रेग्मी	सिन्धुपाल्चोक र धादिङ्ग	
५	श्री लक्ष्मी पौडेल	नुवाकोट र रसुवा	
६	श्री पवित्रा भण्डारी	काभ्रेपलान्चोक र सिन्धुली	
७	श्री लोकनाथ घिमिरे	काठमाडौ, भक्तपुर र ललितपुर	
८	श्री अस्मिता पोखरेल	अभिलेखीकरण	

३.२ कार्यालयवाट गरिएको पत्राचार :

- कोभिड-१९ को सन्दर्भमा मानव अधिकार अवस्था अनुगमन सम्बन्धी नेटवर्क समिति गठन सम्बन्धमा २०७७।१।१५ गते आन्तरिक मामिला तथा कानुन मन्त्रालय, बागमती प्रदेश, हेटौडा, मकवानपुरमा पत्राचार गरी समितिहरूलाई अनुगमन कार्यमा आवश्यक

सहयोग पुऱ्याइदिनुहुन अनुरोध गरिएको छ।

- कैदी वन्दीका मानव अधिकार सम्बन्धमा कारागार व्यवस्थापन विभाग कालिकास्थान, डिल्लीबजार, काठमाण्डौमा २०७७।१।१५ गते पत्राचार गरिएको छ।
- कृषकहरूको हक अधिकार सम्बन्धमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेश, हेटौडा मकवानपुरमा २०७७।१।१५ गते पत्राचार गरिएको छ।
- जेष्ठ नागरिकहरूको मानव अधिकार सम्बन्धमा सामाजिक विकास मन्त्रालय बागमती प्रदेश हेटौडा, मकवानपुरमा २०७७।१।१५ गते पत्राचार गरिएको छ।

३.३ प्रबर्दनात्मक कार्य:

१. आयोगको केन्द्रीय कार्यालयसँगको समन्वयमा बागमती प्रदेश कार्यालयवाट ७ वटा एफ.एम. रेडियोवाट नेपाली, तामाङ्ग र नेवारी भाषामा कोभिड-१९ संक्रमणवाट बच्ने र मानव अधिकारको विषय समेटीएको सन्देश मूलक सामाग्री प्रशारण भैरहेको छ।

२. कोभिड-१९ को बन्दावन्दीमा मानव अधिकारको अवस्था अनुगमन गर्न राष्ट्रिय मानव अधिकार आयोग, नेपाल बार एशोसियसन, नेपाल पत्रकार महासंघ र गैरसरकारी संस्था महासंघ नेपाल बीच मानव अधिकार अवस्था अनुगमन नेटवर्क बनाई मानव अधिकार अवस्था अनुगमन गर्न सहमति भएबमोजिम नेटवर्क अन्तर्गतका विभिन्न समितिले गर्ने कार्यलाई व्यवस्थित गर्ने उद्देश्यले राष्ट्रिय मानव अधिकार आयोग कोभिड-१९ को सन्दर्भमा मानव अधिकार अवस्था अनुगमन नेटवर्ककको कार्यविधि, २०७६ तयार गरी कार्यान्वयनमा ल्याइएको छ।

३. विश्वव्यापी कोभिड-१९ महामारी बढी रहेको अवस्थामा राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार अबस्था अनुगमन कार्यमा गुणस्तरीयता, प्रतिवेदनमा एकरुपता ल्याउने उद्येश्यले मानव अधिकार अवस्था अनुगमन रुजु सूची (Check List) तयार गरी कार्यान्वयनमा ल्याइएको छ।

३.४ प्रारम्भिक प्रतिवेदन सार्वजनिक:

राष्ट्रिय मानव अधिकार आयोगको कोभिड-१९ केन्द्र स्तरीय मानव अधिकार अवस्था अनुगमन नेटवर्क समितिले बन्दाबन्दीको क्रममा जिल्ला स्तर, प्रादेशिक स्तरवाट प्राप्त तथ्यहरू समेटेर कोभिड १९ र बन्दावन्दीको अबधिमा मानव अधिकारको अबस्था प्रारम्भिक अनुगमन प्रतिवेदन तयार गरी २०७७ जेठ २९ गते आयोगका माननीय अध्यक्ष अनूप राज शर्माले भर्चुवल बैठकका माध्यमवाट सार्वजनिकरण गर्नु भएको थियो।

३.५ राष्ट्रिय मानव अधिकार आयोगको कोभिड-१९ केन्द्र स्तरीय मानव अधिकार अवस्था अनुगमन नेटवर्क समितिको जुम प्रविधिवाट गरिएको छलफल सम्बन्धी संक्षिप्त तथ्य

१. २०७७ बैशाख २ गते समितिको पहिलो भर्चुवल बैठक बसेको थियो । कोभिड-१९ बाट उत्पन्न वर्तमान जटिल परिस्थितिमा मानव अधिकारको अवस्था अनुगमन गर्न राष्ट्रिय मानव अधिकार आयोग, नेपाल बार एशोसिएसन, नेपाल पत्रकार महासंघ र गैरसरकारी संस्था महासंघ नेपाल बीच मानव अधिकार अवस्था अनुगमन नेटवर्क बनाई मानव अधिकार अवस्था अनुगमन गर्न सहमति भएबमोजिम नेटवर्क अन्तर्गतका विभिन्न समितिले गर्ने कार्यलाई व्यवस्थित गर्ने उद्देश्यले राष्ट्रिय मानव अधिकार आयोग कोभिड-१९ को सन्दर्भमा मानव अधिकार अवस्था अनुगमन नेटवर्कको कार्यविधि अनुसार छलफल संचालन गरिएको थियो ।

२. २०७७ बैशाख ५ गते समितिको भर्चुवल बैठकमा कोभिड-१९ को महामारी तथा बन्दाबन्दीको अवधिमा मानव अधिकार अवस्थाको सम्बन्धमा छलपल भयो । छलफलमा भारत, Gulf Cooperation Council (GCC Countries), Middle-East Countries, African Countries लगायत पश्चिमा मूलुकमा रहेका नेपालीहरूलाई पर्न सक्ने सम्भावित असरका सम्बन्धमा छलफल भयो । छलफल भारत तथा खाडि मुलुकमा कार्यरत नेपाली कामदारहरू रोजगार विहीन, रोजगारदाता कम्पनीले खानवस्नको प्रबन्ध नगरेको तथा अलपत्र छोडेको भन्ने विभिन्न सञ्चार माध्यमवाट प्राप्त सूचनाहरूको सम्बन्धमा केन्द्रित रहेर उपरोक्त देशमा रहेका आप्रवासी कामदाहरूको स्वास्थ्य अवस्था, एकिन तथ्याङ्क, खानपान तथा बसोवासको अवस्था बुझि समस्या समाधानमा प्रभावकारी उपाय अवलम्बन गरी आवश्यकता अनुसार उद्धार, स्वदेशफिर्ता, स्वास्थ्य उपचार, क्वारेन्टाइन व्यवस्थापन लगायतका कार्यको पहल गर्न उच्च स्तरीय समन्वय समितिमा सिफारिस गर्ने निर्णय भयो ।

- काठमाडौवाट आ-आफ्नो गृह जिल्ला जान लामो दुरी तय गरी पैदलयात्रामा रहेका मजदुर, मजदुरका परिवार, महिला तथा बालबालिका लगाएत सर्वसाधारणको दयनीय अवस्था सम्बन्धमा विभिन्न सञ्चार माध्यममा प्रशारित समाचारले समितिको ध्यानकर्षण भएको छ । रोजगारदाताले रोजगारी उपलब्ध गराउन नसकेको, आफ्ना कामदारहरूलाई खान बस्नको प्रबन्ध नगर्दा अलपत्र परेका मजदुर तथा तिनीहरूको परिवार साथै दैनिक ज्यालादारीमा गुजारा गरी बसेका ब्यक्तिहरू लामोदुरी तय गरी आ-आफ्ना गृह जिल्ला प्रबेशको क्रममा जिल्ला प्रबेशमा रोक लगाईने चिन्ताको विषय बनेको छ । रोकिएकाहरूको खानपान, बसोवास, स्वास्थ्य उपचारको सम्बन्धमा प्रभावकारी उपाय अवलम्बन

गर्न, परिस्थितिको गंभिरतालाई ध्यानमा राखि बाटोमा अलपत्र परिरहेको हकमा राज्यवाट संम्बन्धित स्थानीय निकाय/पालिका सम्म पुऱ्याई आइसोलेसन वा वाक्वारेन्टीनमा राखि समस्या समाधानमा पहली कदमको लागि उच्च स्तरीय समन्वय समितिमा सिफारिस गर्ने निर्णय भयो ।

- बन्दाबन्दी उल्लंघनको आरोपमा २०७७ बैशाख ३ गते त्रि.वि. शिक्षण अस्पताल महाराजगंजका चिकित्सक ड्यूटी सकेर घर फकर्ने क्रममा तथा आवस्यकीय औषधि किनेर फर्कदै गर्दा काठमाडौको कलंकी लगायतमा सर्वसाधारण माथि प्रहरीवाट भएको कुटपीट तथा दुर्ब्यबहारको सम्बन्धमा समितिको ध्यानकर्षण भएको छ । चिकित्सकले परिचयपत्र देखाउँदा समेत त्यसको कुनै वास्ता नगरी कुटपीट तथा दुर्ब्यबहार भएको घट्ना र देशका अन्य विभिन्न स्थानमा सर्वसाधारण प्रति प्रहरीको ब्यबहारमा गुनासो प्राप्त भएको सन्दर्भमा नेपाल प्रहरीको ध्यानकर्षण गराउदै दोषीलाई कानूनी दायरामा ल्याउनको लागि र अग्रपंक्तिमा रहेर जीवन रक्षाको कार्य गर्ने चिकित्सा क्षेत्रमा संलग्न सवैको उच्च मनोवल कायम राख्न र अग्रपंङ्तीमा राय गर्ने सुरक्षाकर्मीको मनोवल उच्च राख्नको लागि प्रेस विज्ञप्ती जारी गर्न सिफारिस गर्ने निर्णय भयो ।

३. २०७७ बैशाख १२ गते समितिको भर्चुवल बैठकबाट विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को संक्रमण नियन्त्रण, रोकथाम, उपचारका लागि नेपाल सरकारवाट कार्यान्वयनमा ल्याइएको बन्दाबन्दीका बाबजुद केही दिन यता उदयपुर लगाएत जिल्लाको सदरमुकाममा संक्रमण फैलिएकोले शतर्कता अपनाउनु पर्ने अवस्था श्रृजना भएको छ । संक्रमीतको सख्या बढ्दै गएको परिप्रेक्षमा परिक्षणको दायरा बढ्न नसकी न्यून सख्यामा हुन गएको अनुगमनवाट देखिन आएको छ । आरडिटी परिक्षण सख्यात्मक रुपमा पिसिआर परिक्षण भन्दा बढी भएता पनि अन्य देशको अनुभवको आधारमा पिसिआर प्रविधिको परिक्षण पछि मात्र संक्रमणको बास्तविक अवस्था एकिन हुने भएकोले पिसिआर परिक्षण र कन्ट्याक्ट ट्रेसिङलाई तिब्रता दिन आग्रह गर्ने निर्णय भयो ।

- लकडाउनको प्रभावकारी कार्यान्वयन नै बर्तमान अवस्थामा रोकथामको प्रमुख उपचार भएको तर काठमाडौ लगाएत शहरी क्षेत्रवाट विभिन्न जिल्लामा जिल्लाका जन प्रतिनीधिहरूले यातयातको साधनवाट मानिसहरूलाई भिडभाड गरी गन्तब्य तर्फ लैजानु, तराइका कतिपय जिल्लामा भिडभाड यूक्त हाटबजार सुचारु हुनु, खाद्यान्ह लगाएतका अत्याबश्यक सेवाका पसलहरूमा पनि भिडभाड कायम नै रही सामाजिक दुरी कायम नहुदा संक्रमणको जोखिम बढ्न जाने देखिदा सामाजिक दुरी कायम गरी बन्दाबन्दीको पुर्ण पालना गर्न गराउन सम्बन्धित सरोकारवालालाई अपिल गर्ने निर्णय भयो ।

- अस्पतालमा पर्याप्त मात्रामा भ्याण्टीलेटर, आइसोलेसन वार्ड, पीपिई, आवश्यक औषधिहरूको अभाव हुने तर्फ विचार गरी सोको पर्याप्त ब्यवस्था गर्न गराउन सम्बन्धित निकायको ध्यानकर्षण गर्नु पर्ने निर्णय भयो ।

- लकडाउनको अबधिमा राहत वितरणको क्रममा नागरिकताको प्रमाण पत्र नभएकालाई सहज पँहुच नभएको, तराइको क्षेत्रमा गरिव, किसानले विभेद भएको गुनासो गरेको देखिन आएकोले राहत वितरणमा देखिएका समस्याको उचित व्यबस्थापन गर्न अपाङ्गता, अशक्त, ज्येष्ठनागरिक, गर्भवती, वालवालिका, कैदीबन्दी, सुकुम्बासी, दलित वर्ग तथा अतिविपन्न वर्गका लागि राहतमा विशेष ध्यान पुऱ्याउन, महिला हिंसा न्यूनीकरणकालागि प्रभाबकारी कदम चाल्न, क्वारेन्टाइन भित्रको बसाईलाई थप सुरक्षित र ब्यवस्थित गर्न, महिला र पुरुषलाई छुट्टाछुट्टै क्वारेन्टीनमा राख्न समेत आग्रह गर्ने निर्णय भयो ।

- नेपालको सिमानामा आई लामो समयसम्म क्वारेन्टीनमा बसेका नागरिकको सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको अन्तरिम आदेश पालना गरी मानव अधिकारको सम्मान, संरक्षण र परिपुर्तिकालागि संघ, प्रदेश र स्थानीय निकाय वीच आवश्यक समन्वय हुनु पर्ने देखिन्छ ।

- केन्द्रस्तरीय अनुगमन समितिमा प्रत्येक प्रदेशवाट प्राप्त हुने प्रतिवेदनको तयारी, विश्लेषण गरी सिफारिस साथ उच्च स्तरीय समितिमा पेश गर्न राष्ट्रिय मानव अधिकार आयोगका उपनिर्देशक मञ्जु खतिवडा, गैसस महासंघका उपमहासचिव अर्जुन भट्टराई र इन्सेक बागमती प्रदेश संयोजक कृष्ण प्रसाद गौतम रहेको तीन सदस्यीय समिती गठन गर्ने निर्णय भयो ।

- कृषकको कृषि र दुग्ध उत्पादन विक्री वितरणका लागि प्रभावकारी ब्यबस्था गर्न, खेतिपातिको मौसम सुरु हुन लागेको परिप्रेक्षमा मल तथा वीउँवीजनको सहज विक्री वितरण गर्दै सामाजिक दुरी कायम गरी कृषि पेशालाई अगाडि बढाउने तर्फ आबश्यक ब्यवस्था हुनु पर्ने ।

- देश भरिका अस्पताल तथा स्वास्थ्य चौकीमा कोरोना बाहेकका अन्य रोग (क्यान्सर, किड्नी सम्बन्धीत, मधुमेह लगाएतका दीर्धरोगी)सँग सम्बन्धित स्वास्थ्य उपचारमा समस्या देखिदा कोराना बाहेका रोगको उपचारमा गंभिर ध्यान दिन, बालबालिकाको नियमित खोप, स्वास्थ्य परिक्षणका कार्यलाई तत्काल सुचारु गर्न समेत सम्बन्धित निकायको ध्यानकर्षण गराउन आग्रह गर्ने निर्णय भयो ।

४. २०७७ बैशाख १८ गते उच्च स्तरीय समिति, केन्द्र स्तरीय अनुगमन समिति र प्रदेश स्तरीय समितिको संयुक्त भर्चुवल बैठक बसेको थियो । सुदुरपश्चित प्रदेशमा भारतको

सिमानामा विगत एक महिना देखि अलपत्र अवस्थामा रहेका, अत्तरिया, धनगढी, पुनरवास आईपुगेका नेपालीलाई नेपाल ल्याउनु पर्ने विषयमा छलफल भयो ।

- राहत वितरण अपर्याप्त, महिला विरुद्ध घरेलु तथा यौन हिंसाको घट्नामा बृद्धि भएको, कृषि कार्यको लागि मल, विउँ, कृषि औजारको आपुर्ति व्यवस्था चुस्त बनाउनु पर्ने लगाएत महिला स्वास्थ्य स्वयमूसेवकलाई कुनै पनि सुरक्षा उपकरण तथा तालिम विना कार्यमा खटाइनु समस्या हुने देखिन्छ ।
- गण्डकी प्रदेशमा राहत वितरणमा समस्या देखिएको, कास्की जिल्ला पोखरा महानगरपालिका वडा नम्बर-९ मा मजदुरले पालिकाको कार्यालयमा विरोध जनाएको, तनहुमा क्वारेन्टिन मापदण्ड विपरित संचालन भएको, महिला स्वास्थ्य स्वयमूसेवकलाई कुनै पनि सुरक्षा उपकरण तथा तालिम विना कार्यमा खटाइनु, कोराना संक्रमण परिक्षण किटको विस्वस्नीयतामा कमी रहेको, आवश्यक स्वास्थ्य उपकरण थर्मल गन समेतको अभाव रहेको, दीर्धरोगीका औषधी वितरणमा समस्या रहेको छ ।
- दीर्घरोगी लगाएत सामान्य तथा आकस्मिक विरामीले उपचार पाउन नसकेको, कोरना संक्रमण परिक्षण किट अभाव रहेको, विरगंज कोराना इपिसेन्टर बन्ने संभावना रहेको, राहत वितरणमा सडेगलेको अखाद्य मिसावट गुणस्तरहीन चामल वितरण गरेको विषयमा छलफल भयो ।
- बाहिरी जिल्लावाट धमाधम मानिसहरू शहरी क्षेत्र र सदरमुकाम भित्रीएको र सवैलाई क्वारेन्टीनमा नराखिएको, भएका क्वारेन्टिन समेत मापदण्ड पुरा भएको देखिएन ।
- बागमती प्रदेश अन्तर्गतको छलफलमा कृषि मौसम सुरु हुन लागेकोले मल, विउँ, कृषि औजारको आपुर्ति चुस्त बनाउन सम्बन्धित निकायको ध्यानकर्षण गर्नुपर्ने विषय, लकडाउन ब्यवस्थित हुदै गएकोमा यसको मोडालिटीमा परिवर्तन गरी मानव अधिकार संरक्षणमा थप सफलता पाउन सकिन्छ भन्ने विषयमा सुझव प्राप्त भयो ।

५. २०७७ बैशाख १९ गते समितिको बैठकले रोल्पामा बेवारिसे बम विस्फोट हुँदा चार बालवालिकाको मृत्यू भएको, विराटनगरमा नोवल अस्पतालले गर्भवती महिलालाई उदयपुर जिल्लावाट आएको भनी सल्यक्रिया नगरी अन्यत्र रेफर गरेको भनीएको विषय र प्रेस स्वतन्त्रता तथा अभिव्यक्ति स्वतन्त्रतामा आँच आएको, ब्यक्तिका अभिब्यक्तीलाई लिएर साइवर अपराधको नाममा कारवाही गरिएको, बाह्रखरी अनलाइनका पत्रकारलाई प्रेस पासको सम्बन्धमा अनाबश्यक सोधपुछ गेरेको भनिएको सम्बन्धमा भएको छलफलले

घट्नामा आधारित भएर प्राप्त तथ्यहरूको विश्लेषणको आधारमा समितिले ध्यानकर्षण गराउने निर्णय भयो ।

- कृषकको तरकारी तथा फलफुल जन्य उत्पादन बजारीकरणको अभावमा नष्ट भएको भन्ने सम्बन्धमा, कुखुरा, गाई, भैसी तथा पशुपालन ब्यवसायमा संलग्न कृषकहरूले दानाको अभावमा समस्या भोगिरहेको साथै उत्पादित सामाग्रीले बजार नपाँउदा आर्थिक ऋणमा परेको गुनासोको सम्बन्धमा समेत तथ्यहरूकै आधारमा सम्बन्धित निकायको ध्यानाकर्षण गराउने निर्णय भयो ।

- कानून व्यवसायीलाई पेशागत कार्यको सिलसिलामा कतिपय मुद्धामा जिल्ला बाहिरवाट काठमाण्डौ आउनुपर्नेको हकमा सहजता हुन नसकेको सम्बन्धमा छलफल भयो ।

- राहतको नाममा खाद्यान्ह वितरण अपुग भएको, पहिलो चरणमा राहत स्वरुप उपलब्ध गराइएको खाद्यान्ह सकिसकेको र थप कार्यक्रमको निरन्तरता, गुणस्तरीय खाधान्ह वितरणको आवश्यकता, कतिपय स्थानमा राहत वितरणमा कठिनाई भएको, राहत वितरणमा भेदभाव भएको, बन्दाबन्दीको समयमा लैगिंक हिंसा बढेको भनिएको सम्बन्धमा साथै काठमाण्डौ बाहिरवाट काठमाण्डौ आउने क्रम बढेको सम्बन्धमा, घरबेटीले गाउँवाट फर्केकालाई डेरामा प्रबेश रोक लगाएको लगायत विविध विषयमा समेत छलफल भएको थियो ।

६. २०७७ बैशाख २६ गते समितिको बैठकले राहत वितरणमा विभेद भएको, दलित, अपाङ्गता भएका ब्यक्ति लगाएत सिमान्तकृत तथा लक्षित बर्गमा राहत अझै पुग्न नसकेको, कोरना संक्रमण परिक्षणको दायरा फराकिलो नपारिएको, कोराना विशेष अस्पताल बाहेक अन्य अस्पतालहरूमा प्रभाबकारी उपचार हुन नसकेको सम्बन्धमा उच्चस्तरीय समितिमा ध्यानकर्षण गराउने निणय गरियो ।

- त्यसैगरी भारतवाट नेपालको सिमानामा आईपुगेका नागरिकको स्वदेश फर्कने, स्वास्थ्योपचार तथा निजहरूको ब्यबस्थापनको सम्बन्धमा समेत तत्काल ब्यबस्था गर्न संघ, प्रदेश र स्थानीय सरकारलाई समन्वयमा कार्य गरी नागरिकको मानव अधिकार सम्मान गर्न आग्रह गर्ने निर्णय गरियो ।

- भारतीय नागरिकबाट सीमा सुरक्षा बलका सुरक्षाकर्मीमाथी दुर्ब्यबहार गर्ने जस्ता कार्यको तत्काल जाँचबुझ गरी दोषीलाई कारवाही गर्ने तर्फ तत्काल आबश्यक कदम चाल्न सम्बन्धित निकायको ध्यानकर्षण गराउने र सुरक्षाकर्मीहरूको आबश्यक सुरक्षाको प्रत्याभूतिकोलागि भौतिक संरचना तयार गर्न सम्बन्धित निकायको ध्यानकर्षण गराउनु पर्ने देखिन्छ ।

७. २०७७ जेठ २ गते समितिको बैठकले भारतमा रहेका नेपाली नागरिक प्रति भएको भनीएको भेदभाव र असहज अवस्थावाट दुवै देशका नागरिक वीच विभेद नगरिने, दुबै देशका प्रधानमन्त्री वीच भएको समझदारी, WHO ले तोके अनुसार जो जुन देशमा भएपनि स्वास्थ्योपचार, खाधान्न, बसोवासको ब्यवस्था गर्नुपर्नेमा मापदण्ड विपरित भएकोले उच्चस्तरीय समितिमा ध्यानकर्षण गराउने निर्णय भयो ।

त्यसैगरी २०७७ जेठ ४ गते उपभोक्ता अधिकार सम्बन्धमा छलफल गर्ने । क्रमशः प्रेस स्वतन्त्रता, ज्येष्ठ नागरिक, बालअधिकार, अपाङ्गता भएका व्यक्तिका अधिकार, महिला अधिकार, लैगिक विभेद सम्बन्धमा क्षेत्रगत समुहसँग परामर्श गर्ने निर्णय भयो । साथै, आगामी हप्ता प्रदेश अर्न्तगतका जिल्ला अनुगमन समितिका संयोजकहरूसँग परामर्श छलफल गर्न प्रदेश संयोजकहरूसँग छलफल गरि मिति तथा समय तय गर्ने निर्णय भयो ।

८. २०७७ जेठ २ गते समिति र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (UNDP) का प्रतिनीधि बीच बैठक बसेको थियो । छलफलमा आयोगले कोभिड-१९ को बन्दाबन्दीको अबधिमा गरेका काम कारबाही र UNDP को सहयोग सहकार्य सम्बन्धमा छलफल भयो । आयोगका सचिव वेदप्रसाद भट्टराईले स्वागत मन्तव्य र छलफलको उदेश्य माथि प्रकास पार्दै आयोगले कोभिड-१९ महामारीको अबस्थामा आयोगका प्रदेश कार्यालयहरू, विभागीय प्रमुख लगाएतसँग निरन्तर नियमित छलफल भई प्राप्त तथ्यहरूको आधारमा विज्ञप्ती मार्फत नेपाल सरकारको ध्यानकर्षण गरिएको जानकारी गराउनु भयो । केन्द्रस्तरीय अनुगमन समितिका संयोजक सहसचिव यज्ञप्रसाद अधिकारीले आयोगले अनुगमन कार्यविधि र चेकलिष्ट जारी गरी मानव अधिकारका सवालमा नियमित अनुगमन, प्रेश विज्ञप्ती जारी गर्दै नेपाल सरकारलाई सिफारिस गरेको सम्बन्धमा प्रस्तुतीकरण गर्नु भयो । त्यसैगरी Ayshanie Labe, RR, UNDP, Barnando, UNDP, टेक टमाटा, UNDP ले आयोगले कठिन परिस्थितिमा मानव अधिकारकर्मी, संघ संस्थाको सहकार्यमा गरेका कार्यको प्रशंसा गर्दै आयोगलाई आगामी दिनमा सहयोग जारी राख्ने धारणा राख्नु भएको थियो । नेपाल बार एशोसिएसनका उपाध्यक्ष इश्वरीप्रसाद भट्टराई, गैसस महासंघका उप-महासचिव अर्जुन भट्टराई र नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य यम विरहीले समेतले आ-आफ्नो धारणा राख्नु भएको थियो ।

९. २०७७ जेठ ९ गते समितिको बैठक बसेको थियो । मिति २०७६ चैत्र ११ देखि २०७७ ज्येष्ठ १० गते सम्म दुई महिनाको बन्दाबन्दी र मानव अधिकार विषयक प्रारम्भिक अनुगमन प्रतिबेदन प्रकाशनको लागि सुझाव दिने निर्णय भयो । साथै अपाङ्गता भएका ब्यक्तिहरूले भोग्नु परेको समस्याको सम्बन्धमा सुझाब सहित प्रेस विज्ञप्ती जारी गर्न आयोगलाई अनुरोध गर्ने निर्णय भयो ।

१०. २०७७ जेठ १४ गते समिति र ICRC का प्रतिनीधि बीच बैठक बसेको थियो ।

छलफलमा दुवै संस्थाले कोभिड-१९ को बन्दाबन्दीको अबधिमा गरेका अनुगमनका सम्बन्धमा छलफल भयो । मूलतः ICRC ले कारागारमा पीपीई लगाएतमा सहयोग गरेको, आप्रवासी कामदारको हक हितमा त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थलमा ICRC मार्फत डेस्क राखी परिक्षणको प्रबन्ध गरिएको सम्बन्धमा ICRC Head of Mission का Jerome Alexandre Imstepe र अधिकृत सन्देश श्रेष्ठले जानकारी गराउनु भयो । त्यसैगरी आयोगका केन्द्र स्तरीय अनुगमन समितिका संयोजक सहसचिव यज्ञप्रसाद अधिकारी र सदस्य उपसचिव लोकनाथ बास्तोलाले आयोगवाट अनुगमन कार्यविधि २०७६ र चेकलिष्ट जारी भै उच्च स्तरीय अनुगमन समिति, केन्द्र स्तरीय अनुगमन समिति, प्रदेश स्तरीय अनुगमन समिति र जिल्ला स्तरीय अनुगमन समितिवाट कारागार र प्रहरी हिरासतमा रहेका कैदी बन्दीका अधिकार, आप्रवासी कामदारका अधिकार सम्बन्धमा नियमित अनुगमन भई नेपाल सरकारलाई मानव अधिकारको संरक्षणका लागि सिफारिस भएको जानकारी गराइएको थियो । आगामी दिनमा सूचना आदान प्रदान गर्दै मानव अधिकार संरक्षणका क्षेत्रमा दुवै संस्थाले थप सहकार्य गर्ने विषयमा छलफल भएको थियो ।

११. २०७७ जेठ १६ गते दलित गैरसरकारी संस्था महासंघसँग समन्वयमा दलित अधिकार सम्बन्धी भर्चुअल बैठक सम्पन्न भयो । मूलतः दलित समुदाय माथि अझैपनि विभेद कायम रहेको, राहतमा विभेद गरिएको, क्वारिन्टिमा भेदभाव गरेको, सवै क्षेत्रमा पँहुचमा अभाव रहेको र जाजरकोट चौझारी घट्ना सम्बन्धमा आयोगले तत्काल अनुगमनका लागि टोली खटाउनु पर्ने भन्ने रहेको छ । यसको विस्तृत प्रतिवेदन प्राप्त भए पछि थप कारवाहीको लागि टोली पठाउने र देवदह लगाएतका घट्नामा प्रेश विज्ञप्ती जारी गर्न सिफारिस गर्ने निर्णय गरियो ।

१२. २०७७ जेठ २३ गते नेपाल पत्रकार महासंघको समन्वयमा अभिब्यक्ति तथा प्रेस स्वतन्त्रताका विषयमा भर्चुअल बैठक सम्पन्न भयो । मूलतः पत्रकारहरूले कोभिड-१९ रिपोर्टिङका क्रममा भोग्नु परेका दुर्व्यवहार र विविध समस्याहरू र अभिब्यक्ति स्वतन्त्रता संकुचनको प्रयास भइरहेको भन्ने विषयमा छलफल भयो । छलफलमा पत्रकारहरूमाथि भएका दुरब्यवहारका घट्ना लगाएतका विषयलाई समेटेर आयोगवाट प्रेस विज्ञप्ती जारी गर्न अनुरोध गर्ने निर्णय भयो । सञ्चारगृहले पत्रकारलाई तलव नदिने, रोजगारीबाट विना सूचना हटाउने कार्य भएकोले प्रेस स्वतन्त्रता संकटमा परेको धारणा आएका थिए ।

१३. २०७७ जेठ २९ गते राष्ट्रिय ज्येष्ठ नागरिक महासंघको समन्वयमा ज्येष्ठ नागरिकहरूको अधिकार, अवस्था सम्बन्धी भर्चुअल बैठक सम्पन्न भयो । ज्येष्ठ नागरिकहरूलाई कोभिड-१९ बन्दाबन्दीको अबस्थामा दीर्घरोगसँग सम्बन्धित औषधिको सहज उपलब्धता नभएको, परिवारका सदस्यहरूवाटै अबहेलना सहनु परेको, बेवास्तामा पर्ने

गरेको, दुर्ब्यवहारका घट्नामा बृद्धि भएको लगाएतका विविध समस्याहरूको सम्बन्धमा छलफल भयो। लकडाउन पूर्व र पछिको ३ महिनाको अवधिको घटना तुलना गर्दा ज्येष्ठ नागरिकको दुर्व्यवहारका घटना ३ गुणा बृद्धि भएको पाईएको छ।

१४. २०७७ असार ५ गते समितिको बैठक महिला अधिकारकर्मीहरूसँग बसेको थियो। बैठकले कोभिड-१९ को महामारीको कारण महिलाहरूले थप समस्या भोग्नु परेको, क्वारेन्टीनहरू विश्व स्वास्थ्य संगठनले तोकेको मापदण्ड अनुरुप नरेहेको, महिलामैत्री नभएको, महिलाको प्रजनन स्वास्थ्यका अधिकार संरक्षण हुन नसकेका, महिलाहरूको लागि छुट्टै क्वारेन्टीनको प्रबन्ध नगरिएको, क्वारेन्टीनमा रहेकै समयमा महिलाहरूलाई दुर्व्यबहार, यौन हिंसा तथा बलत्कार जस्ता गंभिर अपराध भएको लगाएतका विविध समस्याहरूको रहेको तथ्य प्राप्त भएको थियो।

१५. २०७७ असार ५ गते केन्द्रस्तरिय अनुगमन समितिको परामर्श बैठक मेडिकल ब्यवसायीहरूसँग बसेको थियो। उच्च स्तरीय अनुगमन समितिका संयोजक माननीय गोविन्द शर्मा पौडेल, आयोगका सचिव वेदप्रसाद भट्टराई, सहसचिव डा.टीकाराम पोखरेल, केन्द्रस्तरिय समितिका संयोजक सहसचिव यज्ञप्रसाद अधिकारीसहितको उपस्थितिमा भएको छलफलमा नेपाल मेडिकल एशोसियसनका अध्यक्ष डा. लोचन कार्की, महासचिव डा.बद्री रिजाल, डा. शरदराज वन्त, डा. हरिहर वस्ती, डा. रेणु अधिकारी समेतको उपस्थिति रहेको थियो। छलफलवाट देहायका सुझाव प्राप्त भएको थियो।

- कोभिड-१९ को महामारीमा अग्र भागमा खटीने चिकित्सक, सुरक्षाकर्मीको स्वास्थ्यलाई प्राथमिकतामा राख्नु पर्ने।
- स्वास्थ्यकर्मी माथी भएका दुर्व्यवहार भेदभावको घट्नामा संलग्न ब्यक्तिलाई कारवाही गरिनु पर्ने।
- कोभिड १९ उपचार गर्ने र अन्य उपचार गर्ने अस्पतालको पृथक ब्यवस्था हुनु पर्ने।
- कोभिड १९ को संक्रमणको वेला अन्य उपचारलाई निरन्तरता दिनुपर्ने।
- पीसीआरको परिक्षण दायर फराकिलो पारी परिक्षण हुनु पर्ने।
- क्वारेन्टीनलाई विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसार बनाउनु पर्ने।
- स्वास्थ्यको बर्तमान अवस्थामा अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना बनाई स्वास्थ्य क्षेत्रमा ब्यापक सुधार गरी आम नागरिकको स्वास्थ्यको अधिकार सुनिश्चित गर्नु पर्ने।
- विदेशमा रहेका ब्यक्तिलाई विदेशमै राख्ने सरकारको गलत निर्णयको कारण तोकिएका नाका बाहेक खुला सिमानावाट लुकिछिपी स्वदेश प्रबेश गरी समुदायमा

पुगेकोले महामारी समुदायस्तरमा जान थालेकोले बेलैमा सचेत हुनु पर्ने ।

- क्वारेन्टीन सुरक्षित, मर्यादित र सम्मानित हुन नसकेकोले क्वारेन्टीनवाटै संक्रमण फैलिन सक्ने खतरा रहेकोले समयमै सचेत हुनु पर्ने ।
- औषधोपचारको व्यबस्थापन पक्ष कमजोर रहेकोले अविलम्व सुधार गरिनु पर्ने ।
- सुत्केरी महिला, गर्भवतीको लागि एम्बुलेन्सको विशेष व्यवस्था हुनु पर्ने ।
- आम नागरिक अस्पताल आउनै डराएको अबस्था रहेकोले त्यसतर्फ एम्बुलेन्स, टेली मेडिसन सल्लाह, परामर्श उपलब्ध गराउनु पर्ने ।
- नियमित खोप सेवा रोकिदा भविश्यमा थप समस्या आउने भएकोले त्यस तर्फ तत्काल ध्यान दिनु पर्ने ।
- संक्रमण फैलिएको स्थानमा पिसीआर परिक्षण दर बढाउनु पर्ने ।
- ज्येष्ठ नागरिक, महिला, वालवालिका सहित जोखिममा रहेका वर्गको लागि विशेष ब्यवस्था गर्नु पर्ने ।

३.६ नेपालमा कोभिड-१९ रोकथाम तथा नियन्त्रणका सम्बन्धमा संघ, प्रदेश र स्थानिय तहबाट भएका निर्णय

- नेपाल सरकारले २०७६ चैत ११ गतेदेखि आषाढ मसान्तसम्म मुलुकभर सरकारले घोषणा गरेको लकडाउनको सबै पक्षले स्वपालना गरेको पाइन्छ । लकडाउनका क्रममा भारत र चीनसँग जोडिएका सीमा नाकाहरू बन्द गरिनुका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उडान, यातायात, क्याम्पस र विद्यालय समेत बन्द गरिएको छ । विश्वभर फैलिएको कोरोना भाइरस सङ्क्रमण नेपालमा पनि देखा परे पश्चात पूरै मुलुक लकडाउनमा गएको छ ।
- २०७७ बैशाख ४ गते सर्वोच्च अदालतले भारत हुँदै सिमावती क्षेत्रबाट नेपाल फर्किन खोजेका प्रवासी नेपालीहरूलाई क्वारेन्टाइनको शर्तसहित व्यवस्थित रुपमा घर फर्किन दिने व्यवस्था मिलाउन सरकारका नाममा अन्तरिम आदेश जारी गरेको छ । उनीहरूलाई फिर्ता ल्याउनेक्रममा संक्रमण नियन्त्रणसम्बन्धी विश्वव्यापी मापदण्ड अनुसारका शर्त भने लागू हुनुपर्ने आदेशमा उल्लेख छ ।
- २०७७ बैशाख २१ गते सर्वोच्च अदालतले खोप अभियान स्थगित नगर्न सरकारलाई अन्तरिम आदेश दिएको छ । त्यसैगरी २०७७ बैशाख २४ बाट नेपाल सरकारले ४२ प्रकारका उद्योग संचालनमा सामाजिक दुरी, सेनिटाईजर, मास्क, पञ्जा लगाएत र हातधुने सावुन पानिको प्रबन्ध गरेर संचालनमा ल्याउन सक्ने निर्णय पश्चात उपत्यकामा बाहिरी जिल्लावाट फर्कने क्रम बढेको र त्यसले संक्रमणको जोखिम बढाएको पाइयो । यद्यपी उक्त कार्यमा केही दिनमा नै कडाइका साथ रोक लगाइएको थियो ।

- सर्वोच्च अदालतले २०७७ जेठ ३ गते परिचय पत्र नभएकै कारणले कुनै पनि व्यक्तिलाई लकडाउनको बेलामा राहत वितरणमा भेदभाव नगर्न सरकारका नाममा अन्तरिम आदेश जारी गरेको छ। सरकारले जारी गरेको एउटा मापदण्डले राहत लिन कुनै न कुनै प्रकारको परिचय पत्र आवश्यक रहेको भन्ने व्यवस्था विरुद्ध परेको निवेदनमा सर्वोच्च अदालतले त्यस्ता कागजात नभएका व्यक्तिलाई पनि आवश्यक परेमा राहत दिनु भनी आदेश दिएको हो। २०७७ जेठ १३ गते सर्वोच्च अदालतले विपन्न तथा जोखिममा परेका वर्गकालागि निजी स्वास्थ्य संस्थाबाट शुल्क लिएर च्यापिड किटबाट कोरोना परीक्षण गर्न दिने स्वास्थ्य मन्त्रालयको निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको छ।

३.७ संक्रमण फैलिन नदिनका लागि अबलम्वन गरिएका लकडाउन, सामाजिक दुरी, सीमा नाका बन्द, क्वारेन्टिन, आइसोलेसन जस्ता उपाय र कार्यान्वयन अवस्था :-

- दैनिक ज्यालादारी गरी जीवन गुजारा गर्ने मजदुरको व्यवस्थापन प्रभाबकारी नहुँदा विभिन्न क्षेत्रमा काम गर्ने मजदुरहरू पैदल हिडेर आफ्नो गन्तव्यमा जाने गरेको पाइयो। यसले गर्दा मजदुरहरूले सास्ती खेपिरहेका र यसको व्यवस्थापनको लागि स्थानीय प्रशासनले पर्याप्त ध्यान नदिएको भन्ने गुनासो मजदुरहरूले गरेका छन्। मुलत स्थानीय निकायले राहत वितरण गर्दा नागरिकताको आधारमा स्थानीय मतदातालाई मात्र वितरण गरेको कारण सिमान्तकृत वर्गलाई दैनिक गुजारा गर्न कठिनाइ भइ आफ्नो थातथलो तिर लागेका थिए।

- मकवानपुर जिल्लामा उद्योग, कलकारखाना र निर्माण क्षेत्रमा तराइका जिल्लाबाट कामदार ल्याउन रोक लगाईको जिल्ला समन्वय समिति मकवानपुरको २०७७ बैशाख ३० गतेको बैठकले निर्णय गरिएको जिल्ला समन्वय समिति प्रमुख रघुनाथ खुलालले जानकारी गराउनु भयो।

- नेपाल सरकारको निर्णय बमोजिम बन्दावन्दीको अबस्थालाई प्रदेश सरकार र स्थानीय सरकारले पुर्ण रुपमा कार्यान्वयन गरेको छ। बागमती प्रदेश अन्तरगतका जिल्लाहरूले नाका नाकामा बाहिरी जिल्लावाट भित्रिने खाद्यान्ह तथा ढुवानीका सवारी साधनहरूलाई स्यानीटाइज गर्ने गरेको थियो।

- राष्ट्रिय सूचना आयोगले कोरोना संक्रमित तथा मृतकहरूको स्थायी र अस्थायी ठेगाना स्पष्ट हुनेगरी खुलाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई आदेश दिएको छ। आयोगले संक्रमित र मृतकको स्थायी, अस्थायी ठेगाना स्पष्ट हुने गरी उल्लेख नहुँदा नागरिकमा भ्रम र त्रास सिर्जना भएको भन्दै पहिचान खुल्नेगरी सार्वजनिक गर्न आदेश दिएको हो।

- नुवाकोट जिल्लाको ककनी गाउँपालिका-५ को ब्राइटर बोर्डिङ स्कुलमा क्वारेण्टाइन निर्माण प्रक्रिया अघि बढाइए पनि स्थानीयको विरोध र अभिभावकले आफ्ना बच्चा

पढ्न नपठाउने भनेपछि रानीपौवा स्वास्थ्य केन्द्रमा क्वारेण्टाइन निर्माण गरिएको पाईयो । सर्लाही जिल्लाको दुप्चेश्वर गाउँपालिकाका वडानं-७ मा रहेको एकिकृत बस्तीको खाली घर र वडानं-२ को सरस्वती माविलाई क्वारेण्टाइन बनाएकोमा स्थानीयले सुरक्षाको व्यवस्था नभएको र समुदायको नजिक भएको कारण स्थानीयले क्वारेण्टाइन हटाउन दबाब दिएको पाईयो ।

३.८ संक्रमितहरुको स्वास्थ्योपचारको अवस्था :

- कोभिड १९ परिक्षणवाट संक्रमितहरूको उपचार निरन्तर रुपमा भइ रहेको छ । बागमती प्रदेश अन्तरगत काठमाण्डौ, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक, चितवन, मकवानपुर, दोलखा, रामेछापलगायतका जिल्लामा रहेका सरकारी अस्पतालवाट परिक्षण तथा उपचार भैरहको छ ।
- कोरोना भाइरस (कोभिड-१९) बाट सङ्क्रमितको आशङ्कामा आरडीटी प्रविधिबाट बागमती प्रदेशमा २०७७ असार ३१ गते सम्म ११ हजार ३ सय ९ क्वारेन्टाईन बेड व्यवस्थापन गरेकोमा १ हजार ९ सय २५ जना क्वारेन्टाईनमा रहेको र १ हजार ४ सय ३१ जना होम क्वारेन्टाईनमा बस्तै आउनु भएको छ । यस प्रदेशमा १ हजार दुई सय ९८ आईसोलेशन बेड तयारी अवस्थामा रहेको छ । ४ सय ५५ जना आईसोलेशनमा रहेको र ३५ हजार ३ सय ८७ जनाको आर.डि.टी. परिक्षण गरिएकोमा ८१४ जनाको पोजेटिभ देखिएको र २२ हजार ४० जनाको पि.सि.आर परिक्षण भएको र संक्रमणका कारण ९ जाको मृत्यु भएको सामाजिक विकास मन्त्रालय बागमती प्रदेश कार्यालयले जानकारी दिएको छ । बागमती प्रदेश कोरोना प्रभावित प्रदेशमा रहेको छ ।
- बागमती प्रदेश अन्तर्गतका १३ वटा जिल्लागत क्वारेन्टाईन, आईशोलेसन, आर.डि.टी. पी.सि.आर. परिक्षण सम्बन्धी विवरण अनुसुची १४ मा संलग्न गरिएको छ ।

३.९ अन्य बिरामीहरुको स्वास्थ्यको अधिकार :

- काठमाडौ जिल्ला किर्तिपुर नगरपालिका र थानकोट क्षेत्रमा घरवेटीले कोठामा बस्ने सामान्य विरामी तथा डायलसिस गर्ने विरामी समेतलाई कोरोना आशंकामा डेरा कोठा छोड्न दवाव दिने गरेको गुनासो रहेको पाईयो ।
- धादिङको गंगाजमुना गाउँपालिका गलनेका डम्बरबहादुर सिम्खडाले सवारी साधन चल्न छाडेपछि विमारी श्रीमतीलाई सामाखुसीबाट ठेलामा हालेर अस्पताल ल्याई डायलासिस गराउन थालेका रहेछन् । लकडाउन हुन्जेल यसरी नै आउजाउ गर्नुपर्ने बाध्यता भएको बताउछन् ।
- लकडाउन शुरु भएयता गर्भवती तथा सुत्केरीहरूले धेरै समस्या भेल्नुपरेको छ । घरमै थुनिनुपर्दा मानसिक चिन्ता, समयमा गर्भजाँच गर्न नपाउनु, किनमेलमा कठिनाई तथा

आम्दानी घट्दा पोषिलो खानाको अभाव लगायत कयौ समस्या भोग्नुपरेको छ।

- सिन्धुपाल्चोक बाह्रविसे नगरपालिका वडानं-९ राम्चेका २९ वर्षीय सुत्केरीको महाराजगञ्जस्थित शिक्षण अस्पतालमा २०७७ बैशाख २३ मा भर्ना भएको र उपचार पश्चात बैशाख २५ गते डिस्चार्ज भएर सिन्धुपाल्चोक स्थित घर फर्किए पश्चात स्वास्थ्यामा जटिल समस्या देखिएको र थप उपचारका लागि धुलिखेल अस्पताल ल्याउदै गर्दा मृत्यू भएको थियो। अस्पतालमा सामान्य अवस्थामा सुत्केरी गराएर डाक्टरले घर पठाएकी महिलाको कोरोना भाइरसको कारण ज्यान जानु तथा देशका विभिन्न क्वरेण्टीनमा रहेका गर्भवती तथा सुत्केरीले आधारभूत सुविधा समेत नपाएको बताइरहँदा यो जटिल अवस्थामा उनीहरूको स्वास्थ्य सुरक्षामा भएको लापरबाही तथा बेवास्ता प्रष्ट रुपमा देखिएको छ।
- इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको अनुसार गत २०७६ पुस देखी देशका २६ जिल्लामा ८२ जनामा डेंगुको संक्रमण देखिएको छ। एडिज एजिप्टी नामक लाम्खुट्टेको टोकाइबाट यो रोग सर्छ। गत वर्ष ६८ जिल्लामा डेंगुको संक्रमण देखिएको र १६ हजार मानिस संक्रमित भएका थिए।

३.१० कोभिड-१९ को संक्रमणबाट बच्ने उपायबारे जनचेतना:

- आयोगको केन्द्रीय कार्यालयको समन्वयमा बागमती प्रदेश अर्न्तगतका रेडियो लामटाङ्ग त्रिवेणी/रसुवा, रेडियो चितवन, रेडियो तामाकोशी रामेछाप, नुवाकोट एफ.एम., भक्तपुर एफएम भक्तपुर, रेडियो गौरव काभ्रेपलाञ्चोक र रेडियो सिन्धु सिन्धुपाल्चोकबाट तीन वटा भाषा (नेपाली, नेवारी र तामाङ्ग)मा कोभिड-१९ संक्रमणवाट बच्ने र मानव अधिकारको सन्देशमूलक कार्यक्रम प्रशारण भैरहेको छ।
- लकडाउनकै समयमा राष्ट्रिय मानव अधिकार आयोगको पहलमा नेपाल वार एशोशियसन, नेपाल पत्रकार महासंघ र गैसस महासंघसगको संयुक्त रुपमा कोभिड-१९ उच्चस्तरीय, केन्द्रस्तरीय र जिल्ला स्तरीय मानव अधिकार अनुगमन समितिको स्थापना भएको छ।
- बागमती प्रदेश कार्यालय अन्तरगतका १३ वटा जिल्लाहरूमा कोभिड-१९ जिल्ला स्तरीय मानव अधिकार अनुगमन समितिको गठन भै कार्य प्रारम्भ भैसकेको छ। उपरोक्त १३ जिल्लाका समितिहरू जिल्लामा भए गरिएको मानव अधिकार अवस्थाको केन्द्रस्तरीय समितिको प्रतिवेदन इकाईमा निरन्तर विवरण जानकारी उपलब्ध गराएका छन्।
- बन्दाबन्दीको अवधिमा ज्येष्ठ नागरिकको मानव अधिकार अवस्था, कारागारमा रहेको कैदी बन्दीको अबस्था, कृषिजन्य विउँविजनको उपलब्धता तथा आवश्यकीय भण्डारण प्रबन्धको सम्बन्धमा प्रदेश सरकार तथा सम्बन्धित निकायमा आयोगको बागमती प्रदेश कार्यालयबाट पत्राचार भएको छ।

३.११ खाद्य अधिकारको अवस्था :

- देशभर भएको लकडाउनले कृषि क्षेत्रमा असर पुऱ्याएको छ। लकडाउनले कृषिमा प्रभाव पारेसँगै विभिन्न जिल्लाहरूमा उत्पादन भएका तरकारीको बजार व्यवस्थापन हुन नसक्दा कृषक तथा उपभोक्ताहरू थप चिन्तित छन् । भक्तपुर जिल्लामा लामो समय भएको लकडाउनका कारण भक्तपुरका किसानको बन्दाकोभि लगाएतका तरकारीहरू कुहिएर खेतबारीमै खेर गएको पाईयो भने उपभोक्तहरू बढी मुल्यमा तरकारी किन्नु पर्ने बाध्यता रहेको पाईयो ।
- तराईका जिल्लाबाट राजाधानी प्रवेश गर्ने खाद्यान्न ढुवानीका सवारी साधनलाइ कीटनासक विषादी स्प्रे गरेर मात्र भित्रिन दिने निर्णय भएको पाईयो ।
- लकडाउनका कारण मारमा परेका असहाय, गरिब, विपन्न र मजदुरलाई पहिलो चरणमा खाद्यान्न राहत वितरण गरिएको पाइयो । एक पल्ट खामान्य राहत खाद्यान्न उपलब्ध गराएपछि थप खाद्यान्न राहत वितरण भएन ।
- वाणिज्य आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभाग, गुणस्तर तथा नापतौल विभाग र जिल्ला प्रशासन कार्यालयसहितको संयुक्त बजार अनुगमन समितिले स्थानीय स्तरमा निर्माण गरिएका क्वारेण्टाइनलाई मापदण्ड अनुसार बनाउनुपर्ने, गुणस्तरीयता कायम राख्ने, आइसोलेशन बेडहरू पर्याप्त मात्रामा निर्माण गर्नुपर्ने, किसानहरूलाई मल तथा बीउ उपलब्ध गराउनु पर्ने र उत्पादित वस्तुबजारसम्म पुऱ्याउन सहज बनाउन समेत निर्देशन दिएकोछ ।
- शुरूमा नेपाल खाद्य संस्थानले १०% छुटमा दिएको खाद्यान्न २०७७ असार पछि छुट दिन बन्द गऱ्यो। जसबाट सिमान्तकृत वर्ग खाद्य अधिकारको सहज पहुँचबाट बञ्चित हुन पुगेका छन् ।

३.१२ आवागमन सम्बन्धी अधिकारको अवस्था :

- कोरोना संक्रमण नियन्त्रण गर्ने भनी नेपाल सरकारले घोषणा गरेको लकडाउनका कारण यातायातका साधन नचलेपछि काठमाण्डौबाट मानिसहरू महेन्द्र राजमार्ग र बिपी राजमार्ग हुँदै पैदल हिडेर घर फर्किरहेको पाईयो। लकडाउन लम्बिने संकेत देखिएपछि काठमाण्डौबाट बेखर्ची भएर हिँडेका उनीहरू भोक, प्यास सहदै ५ देखि १० दिनसम्म लगाएर कम्तिमा ३ सय देखि ५ सय किलोमिटर सम्मको दुरी पार गर्दै हिडेका हुन् । कोठामा खानेकुरा सकिएपछि बालबच्चासहित गाउँ फर्किन लागेका कयौ सर्वसाधारणलाई नाका क्षेत्र सांगा, नागढुङ्गा लगायतका मुख्य नाकामा सुरक्षाकर्मीले आवत जावत हिडडुलमा रोक लगाँउदा कयौ दिन भोक भोकै नाकामा बस्नु परेको कारण कष्टकर जीवन विताउन बाध्य भएको पाईयो । महेन्द्र राजमार्गको धुनिवेशी नगरपालिकाले खाद्यान्न उपलब्ध गरायो ।

- काभ्रे जिल्लाको पाँचाखल नगरपालिकाकामा वडानं-१२ मा रहेको पलाञ्चोक भगवती इँटा भट्टामा काम गर्ने १ सय ५० जना र वडानं-७ मा रहेको सुवर्णेस्वरी इँटा भट्टामा काम गर्ने १ सय २५ जना रोल्पा, रुकुम, सल्यानल गायतका जिल्लाका मजदुरहरूलाई पाँचखालबाट स्थानीय प्रशासनले सवारी साधनको व्यवस्था गरी सुरक्षित रुपमा गन्तब्यमा पठाइएको पाईयो ।

- रामेछाप, दोलखा, सिन्धुपाल्चोक लगायत जिल्लाका गाँउपालिकाहरूले आफ्ना स्थानीय तहका नागरिकलाई सुरक्षित रुपमा गाँउ फर्काउने भनी सवारी साधन रिजर्व गरी गाँउ फर्काउने कार्य गरे पनि उनीहरूलाई सुरक्षा मापदण्ड प्रयोग गरी सुरक्षित रुपमा यात्रा गराएको पाईएन ।

- धादिङ जिल्लाको ज्वालामुखी गाउँपालिका-५ का एक युवा होमबहादुर रानाको पुलबाट खसेर मृत्यु भएको पाईयो । चितवनमा मुजदुरी गर्दै आएका ३८ वर्षीय युवा चितवनबाट घर फर्कने क्रममा स्थानीयले आवत जावतमा रोक लगाउन धादिंग र चितवनको सिमानामा पर्ने बुंकोटघाटमा स्थानीयले पुलमा बार लगाई छेकेकोले निज उक्त पुल तर्ने क्रममा पुलबाट खसेर मृत्यु भएको थियो । तत्पश्चात स्थानीय प्रशासनले बाटो बन्द नगर्न निर्देशन दिएपछि बाटो बन्द गर्ने कार्य बन्द भयो ।

३.१३ राहत वितरणको अवस्था

- रसुवा जिल्लामा ५ वटै गाउँपालिकाले असङ्गठित श्रमिक तथा असहायको लगत संकलन गरेर पहिलो चरणको राहत बितरण गरेपनि दोस्रोचरणको राहत वितरण नगरेकोले मजदुर वर्ग खाद्यान्न अभावमा परेका छन् । दोस्रो चरणको राहत वितरण गर्न पालिकाको बजेट पनि थोरै र राहत माग गर्ने संख्या पहिलो चरण भन्दा बढी भएको एवं राहत भनेको सबैले पाउनुपर्छ । खेतीपाती र अन्नपात हुनेले पनि पाउँनुपर्छ भन्ने सोच हुदोरहेछ त्यसैले वितरण गर्न समस्या भएको हो भन्ने जनप्रतिनिधीहरूको भनाई रहेको छ ।

- मकवानपुर जिल्ला कैलाश गाउँपालिकाले लकडाउनको अवधिमा दैनिक छाक टार्न समस्या हुने परिवारको तथ्याङ्क सङ्कलन गरि सुरक्षाका उपायहरू अपनाएर विभिन्न विकास निर्माणको काममा उनीहरूलाई लगाउने र काम गरे बापत ज्याला दिने निर्णय गरेको पाईयो । पसले श्रमिकको आत्मासम्मान वृद्धि भइ विकासको कार्य पनि हुने भएकोले सकारात्मक रुपमा लिन सकिन्छ ।

३.१४ सामाजिक सुरक्षाको अवस्था

- चितवन जिल्लाको इच्छाकामना गाउँपालिकाले सातवटै वडाका टोल-टोलमा पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गरेको पाईयो ।

- बागमती प्रदेश अर्न्तगतका अधिकांस गाँउपालिकाहरूले जेष्ठ नागरिक, गर्भवती महिला,

सिमान्तकृत समुदाय, अपाङ्गता भएका व्यक्तिहरूलाई प्राथमिकतामा राखी राहत वितरण गरेका थिए ।

- धादिङको नेत्रावती डब्जोङ गाउँपालिकाले पोषण भत्ता प्रदान गर्ने नीति अनुरुप १ सय ३३ जना गर्भवती महिलाहरूलाई प्रतिव्यक्ति १५ सयको दरले पोषण भत्ता वितरण गरेको पाईयो ।

३.१५ अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिकहरुको अवस्था :

- भक्तपुर जिल्ला नयाँ ठिमी, स्थित नयाँवस्ति निवासी चन्द्रबहादुर गुरुङ समेत १० जना दृष्टिबिहिन नागरिकहरूले राहत प्राप्त गर्न नसकेको भनी जानकारी प्राप्त भए पश्चात राष्ट्रिय मानव अधिकार आयोगको पहलमा भक्तपुरका प्रमुख जिल्ला अधिकारी होमकला पाण्डेसँग समन्वय गरे पश्चात दृष्टि बिहिनहरूले डेरा मै राहत प्राप्त गरेको पाईयो ।
- अपाङ्गता भएका व्यक्तिहरूले राहत लगायत सामग्री सहज रुपमा नपाएको गुनासो आएको छ । केही स्थानीय तहले सामाजिक सुरक्षा भत्ता प्रदान गरेको, अपाङ्गता भएकाहरूलाई लकडाउनको कारण खाद्यान्न समस्यामा परे पनि राहत नपाएको गुनासो आएको थियो ।
- केही अपाङ्गता भएका व्यक्तिहरू लकडाउनले गर्दा नियमित स्वास्थ्य जाँच सेवाबाट बञ्चित हुनु परेको छ । क' वर्गका अपाङ्गता भएकाहरूले हप्ता, पन्ध दिन वा महिनामा नियमित डाक्टहरूसँग भेटगरी आफ्नो स्वास्थ्य जाँच गर्नु पर्नेमा लकडाउनका कारण यातायात र डाक्टर समेत सहज उपलब्ध नभएकाले समस्या भएको छ । क्वारेण्टीनहरू अपाङ्ग मैत्री नभएको गुनासो रहेको छ ।

३.१६ हिरासत, कारागार तथा न्याय प्रशासन सम्बन्धमा :

न्याय प्रशासन :

- २०७७ जेठ १ गते मकवानपुर जिल्लाको भिमफेदी कारागारमा कैदीबन्दी तथा कारागार प्रशासन वीच विवाद भएको थियो । विवादमा दुईपक्षहरूवीच सहमति भएपछि २०७७ जेठ २ गते विवाद समाधान भई अवस्था सामान्य भएको भन्ने जानकारी प्राप्त भएको छ । यस कार्यालयबाट तत्काल पहल गरी विवाद समाधान गर्न सहजीकरण गरेको ।
- बन्दाबन्दीको कारण अदालतका कामकारवाही प्रभावित हुन गएका थिए ।
- आयोगमा रहेका प्रहरी तथा सुरक्षा निकायबाट दोहोरो भिडन्त इन्काउन्टर भएका भनिएका उजूरीहरू समेतको अनुसन्धानको लागि सर्वोच्च अदालतका पूर्व न्यायाधीस ताहिर अलि अन्सारीको संयोजकत्वमा विशेषज्ञ सम्मीलित छानविन समिति गठन गर्ने भनी आयोगको मिति २०७६।१०।२२ को निर्णय बमोजिम उक्त समिति गठन भै छानविन अनुसन्धान सम्पन्न गरी आयोगका माननीय अध्यक्ष अनूप राज शर्मा समक्ष प्रतिवेदन

प्रस्तुत भइसकेको छ।

३.१७ महिला अधिकारको अबस्था

- जिल्ला प्रहरी कार्यालयका महिला सेल बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा सामान्य समयमा महिनाका ८/१० ओटा घरेलु हिंसाका घटनाको उजुरी दर्ता हुने गरेकोमा लकडाउनको ५२ दिनका अवधिमा जम्मा दुई ओटा मात्र घरेलु हिंसा उजुरी दर्ता भएका छन् । लकडाउनको अवधिमा घरेलु हिंसाको घटना भए पनि सहजै प्रहरी कार्यालयमा पीडित पुग्न नसकेकोले बाहिर नआएको हुन सक्ने महिला मानव अधिकार रक्षकको भनाइ रहेको छ।

- सिन्धुली जिल्ला कमलामाई नगरपालिकाले लकडाउनमा नगरपालिका भित्र महिला हिंसाको अवस्था, महिला तथा बालबालिकामा लकडाउनले पारेको मानसिक तथा शारीरिक असर तथा मनोसामाजिक परामर्श सम्बन्धमा सिन्धुली अस्पतालमा रहेको एकद्वार सङ्कट व्यवस्थापन केन्द्र र नेपाल पत्रकार महासङ्घ लगायतसँग छलफल गरेको छ। छलफलमा नगरपालिकामा लकडाउनमा २३ ओटा महिला हिंसाका घटना एकद्वार सङ्कट व्यवस्थापन केन्द्रमा आएको पाइएको छ । कतिपय वडामा भएका लैङ्गिक हिंसाका घटनालाई स्थानिय जनप्रतिनिधि र मनोसामाजिक परामर्शकर्ताको सहजीकरणमा मेलमिलाप गराइएको पाइयो।

३.१८ आप्रवासी कामदार, शरणार्थी र विदेशी नागरिकको अवस्था :

- परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले विभिन्न मुलुकमा रहेका गैर आवासीय नेपालीका प्रतिनिधिलाई कोभिड-१९ संक्रमणको जटिल परिस्थितिमा प्रवासमा रहेका नेपालीलाई दूतावाससँगको सहकार्यमा सहयोग गर्न आग्रह गरेका छन्। मन्त्री ज्ञवालीले गैर आवासीय नेपाली संघ (एनआरएनए) का अध्यक्ष कुमार पन्तसहित विभिन्न मुलुकका एनआरएनए प्रमुखहरूसँग छलफल गर्दै त्यहाँ रहेका नेपाली विद्यार्थी र अन्य नेपालीलाई सहयोग गर्न आग्रह गरेका हुन् । छलफलमा उपस्थित एनआरएन प्रतिनिधिहरूले सम्बन्धित मुलुकमा नेपालीको अवस्था र उनीहरूले त्यहाँ रहेको नेपाली दूतावाससँग मिलेर गरेको कामबारे जानकारी दिएका थिए।

- प्रधानमन्त्री के.पी.शर्मा ओलीले सरकारको नीती तथा कार्यक्रममा उठेका प्रश्नहरूको जवाफमा विदेशमा लाखौको सख्यामा रहेका नेपाली कामदारलाई नेपाल ल्याउन भने जस्तो सजिलो नरहेको बताउनु भएको छ। आफु र परराष्ट्र मन्त्रीले कतार, यूएइ, कुवेत, इजरायल, बहराइन लगाएतका सरकार प्रमुखसँग कुराकानी भैरहेको र नेपाली नागरिकलाई आफनो नागरिक सरह व्यवहार गर्ने बचन दिनु भएको भन्ने उल्लेख छ। साथै विदेशमा समस्यामा परेका नेपालीलाई कसरी नेपाल ल्याउने भन्ने सम्बन्धमा कुराकानी भैरहेको

समाचार सार्वजनिक भयो ।

- २०७७ जेठ १३ गते राष्ट्रिय सभा अन्तर्गतको राष्ट्रिय सरोकार समितिले विदेशमा अलपत्र परेका नेपालीहरूलाई नेपालमा ल्याएर उचित व्यवस्थापन गर्न सरकारलाई निर्देशन दिएको छ । बैठकमा १०९ मुलुकमा ३४ लाख ५९ हजार ३ सय ७३ नेपाली रहेको, प्रारम्भिक तथ्याङ्कका आधारमा काम भइरहेको परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले जानकारी दिनु भएको थियो । विदेशमा रहेका नेपालीहरूको सन्दर्भमा तत्काल आवश्यकता र समस्या पहिचान गरी प्राथमिकताको आधारमा स्वदेश ल्याउने तयारी भइरहेको उनले बताए । उनले पहिलो चरणमा २४ देखि २५ हजार नेपालीलाई ल्याइने जानकारी दिए । विभिन्न सरोकारका विषय उठाउँदै कार्यान्वयन गर्न सरकारलाई समितिले निर्देशन दिएको छ ।

- २०७७ असार ३ गतेसम्म १३ देशबाट १५ सय ८६ जना स्वदेश फर्किएका छन् । नागरिक उड्डयन प्राधिकरणका प्रवक्ता राजकुमार क्षेत्रीका अनुसार कुवेतबाट चार उडानमार्फत ५ सय ९८, बंगलादेशबाट दुई उडानमार्फत ४ सय १३, मलेसियाबाट १, म्यानमारबाट २६, यूएईबाट १ सय ६८ जना स्वदेश फर्किएका छन् । यस्तै जापान दुई उडानमार्फत १३, अस्ट्रेलियाबाट ११, अफगानिस्तानबाट १८, ओमानबाट १ सय ६६, हङकङबाट १७ जना, श्रीलंकाबाट ५, माल्दिभ्सबाट १ सय ४९ जना स्वदेश फर्किएका हुन् ।

३.१९ मानव अधिकार रक्षक र पत्रकारहरुको सुरक्षा अवस्था :

- २०७७ बैशाख १५ गते विहान १० बजेको समयमा भरतपुरको चौविसकोठीमा पत्रकारलाई प्रहरीद्धारा दुरव्यवहार तथा गिरफतार गरिएकोमा नेपाल पत्रकार महासंघ, प्रेस सगठन नेपाल र नेपाल प्रेस यूनियन चितवनले २०७७ बैसाख १५ गते संयुक्त विज्ञप्ती जारी गरेका छन् । परिचयपत्र लगाएर संचार क्षेत्रमा खटिइएका पत्रकारहरूले आफु पत्रकार र समाचारको लागि खटिएको भने पनि दुर्व्यवहार गरिएको भनिएको छ ।

- चितवनमा उक्त घट्नामा घट्ना घटेको दिन २०७७ बैशाख १५ गते साँझ नै जिल्ला प्रहरी कार्यालयमा पत्रकारहरूसँग भएको छलफलमा चितवन जिल्लाका प्रहरी प्रमुखले घट्ना नहुनु पर्ने भनी घट्ना भएकोमा आत्मआलोचना गरेको भनाई सार्वजनिक भयो । चितवन स्थित जिल्ला अनुगमन समितिले घटनाको अनुगमन गऱ्यो ।

३.२० विपद व्यवस्थापन र मानव अधिकार :

- सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीले मनसुनी प्रकोपबाट हुने क्षति न्यूनीकरण र खोज र उद्धार तथा राहत व्यवस्थापन प्रभावकारी बनाउन सरकारलाई सुझाव दिनुभएको छ । गृहसचिव महेश्वर न्यौपाने, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेललगायतका अधिकारीलाई २०७७ असार २६ गते शीतल निवास पुगेका बेला वहाँले प्रकोप पीडितले सरकार भएको अनुभूति गर्नुपर्नेमा जोड दिनु

भएको थियो ।

- २०७७ असार २८ गते को निर्णयानुसार नेपाल सरकारले बाढी पहिरो डुवान लगाएत प्राकृतिक विपदवाट प्रभावितहरूका लागि राहत सुविधाको कार्यक्रम ल्याउने भएको छ । सम्माननीय प्रधानमन्त्री के.पी.शर्मा ओलीको अध्यक्षतामा बसेको विपद जोखिम न्यूनीकरण तथा व्यबस्थापन राष्ट्रिय परिषद बैठकले मनसुनी प्रकोपवाट मृत्यू भएका व्यक्तिका आफन्त, घर परिवार गुमाएका परिवार र विस्थापितलाई दिइने सरकारी राहत रकम बढाउने गरी मापदण्ड पुनवरालोकन र संसोधन गर्न निर्देशन दिएको छ । परिषदको बैठकमा प्रधानमन्त्रीले विपदमा परेका नागरिककालागि प्रभावकारी काम गर्न मन्त्री, सचिव र सुरक्षा निकायलाई निर्देशन दिनु भएको छ । प्रधानमन्त्रीले जिल्लामा केन्द्रीत राहतलाई स्थानीय स्तरमा पुच्याउन समेत निर्देशन दिनु भएको छ । खोज र उद्धारका लागि उपकरण, थप तालिम, आवश्यक सावधानी र उत्साह थप्ने गरी कार्ययोजना कार्यान्वयन गर्न परिषदले प्राधिकरणलाई निर्देशन दिएको छ । विद्यालय तथा सार्वजनिक संरचनालाई अस्थायी सेल्टरमा प्रयोग गर्नु खोज र उद्धारकर्ताको स्वास्थ्य र सुरक्षा सावधानी अपनाउन भनीएको छ । विपद्मा अभिभावक गुमाएका बालबालिकाको रेखदेख र शिक्षादीक्षामा सरकारले सहयोग गर्ने, खोज/उद्धार र राहतलाई घटनास्थलबाट नजिकै बनाइएका 'सेल्टर' मा केन्द्रित गर्ने गरी खोज/उद्धार र राहत व्यवस्थापन मिलाउन भनेको छ ।

धादिङ

- २०७७ असार २७ गते धादिङको बेनीघाट रोराङको वडा नम्बर ७ स्थित दुई घरलाई पहिरोले क्षेति पुर्याए पछि रेडक्रसले आपतकालिन सहयोग गरेको छ । बेनीघाट रोराङ ७ पधेरो गैरा घर भएका रामप्रसाद कंडेल र टोप बहादुर न्यौपानेको दुई घर पहिरो पुरिएपछि नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा धादिङका सभापति नारायण तिमल्सिनाको नेतृत्वमा गएको टोलीले फेमिली टेण्ट, त्रिपाल, लत्ताकपडा, ओडने ओछ्याउने, भाडा, लगाएतका राहत सामग्री उपलब्ध गराएको हो । मानविय क्षेति हुनबाट जोगिएको उक्त पहिरोले दुबै घरको लत्ता कपडा भाँडा कुडा लगाएत धनमाल नस्ट भएको थियो ।

चितवन

- २०७७ असार २५ देखि दुई दिन सम्म लगातार परेको पानिले चितवन स्थित नारायणी तथा राप्ती नदीमा पानीको वहाव बढेको छ । चितवनको माडिमा खोलाले बगाउदा एक ३० बर्षीय युवकको मृत्यु भएको इलाका प्रहरी कार्यालय माडीले जनाएको छ । त्यसैगरी भरतपुर महानगरपालिका-२७ दिब्यनगरमा नारायणी नदीले पाँच मिटर ड्याम भत्काएको जिल्ला प्रहरी कार्यालय चितवनले जनाएको छ ।

सिन्धुपाल्चोक

- सिन्धुपाल्चोक जिल्लाको भोटेकोसी गाउँपालिका-४ फुल्पिङकट्टीमा २०७७ असार ३१ गते राति एक बजेको समयमा खकुन्डोलमाथिबाट आएको पहिरोले दुई घर बगाएकोमा एकै परिवारका पाँच जना बेपत्ता भएका छन। उक्त घटनामा बेपत्ता हुनेमा स्थानीय ग्याल्जेन शेर्पाको परिवारका १६ वर्षीया याङ्जी शेर्पा, १४ वर्षीया छिरिङवाङ्मु शेर्पा, ७५ वर्षीया सुमबुट्टी शेर्पा, ३५ वर्षीया साङ्बु शेर्पा र ४० वर्षीया सेमसङ्ग शेर्पा रेहेका छन्। राति पहिरो खसेको आवाजसँगै वरिपरिको बस्ती थर्किएको थियो। पहिरोले फुल्पिङकट्टीकै नोर्साङ शेर्पाको घर बगाउनुका साथै पञ्चकन्या आधारभूत विद्यालयमा समेत क्षति पुर्याएको छ।

- सिन्धुपाल्चोक जिल्लावासीले पछिल्ला ६ वर्षमा हरेक वर्ष ठुला प्राकृतिक विपत्तिको सामना गर्नुपरेको छ। २०७७ असार २७ गते बाह्रविसे नगरपालिका र भोटेकोशी गाउँपालिकामा आएको पहिरोले मानवीय क्षति भएको छ। बाह्रविसे स्थित स्थानीय ठाडो खोलामा आएको पहिरोमा पुरिएका दुई जनाको शव फेला परेको छ भन्ने अन्य २२ जना बेपत्ता छन। यस्तै, भोटेकोशीको लार्चामा पनि एक जना बेपत्ता भएका छन। वर्षेनी प्राकृतिक विपत्तिले सताइ रहँदा पनि भोटेकोशी तटीय क्षेत्रका स्थानीयले पुरख्यौली थलो छोड्न नचाहेकाले विपत्तिको सामना गर्नुपरेको भनाई प्रमुख जिल्ला अधिकारी उमेश कुमार ढकालको रहेको छ। भोटेकोशी करिडोरमा स्थानीयलाई अन्यन्त्र सार्ने बारेमा छलफल चलाएका हौँ। तर उहाँहरू सर्न तयार हुनुभएको थिएन' वहाँले जानकारी गराउनु भयो। 'भौगोलिक हिसाबले पनि अनि जोखिम क्षेत्र भएकाले हामीले स्थानान्तरका लागि पहल गरेका हौँ तर, उहाँहरूले नमान्नु र हामीले उपयुक्त स्थान फेला पार्न नसक्दा समस्या परेको छ। त्यसको विकल्पमा स्थानीयले हिउँदमा बजार बसेर व्यापार गर्ने र बर्खाका केही महिना बसाई सर्ने गर्नुपर्नेमा बाहेकको विकल्प देखिएका छैन।' चीनसँगको प्रमुख व्यापारिक तातोपानी नाका त्यही बाटो भएर पर्छ। त्यसैले व्यापारीहरूले आफ्नो जिविका चलाउने आधार छोड्न नसकेको, तर बर्षादको समयमा बजार खाली गर्नु नै समस्या समाधान गर्ने आधार भएको वहाँले जानकारी गराउनु भयो। निरन्तर वर्षा भइरहेको र भोटेकोशीको बहाव बढिरहेको हुनाले तातोपानीदेखि खाडीचौरसम्मका स्थानीयलाई सुरक्षित स्थानमा जानका लागि प्रशासनले सुचना जारी गरिसकेको छ।

  स्थानीय प्रशासन र सुरक्षाकर्मीबाट जोखिम परेकालाई उद्धार गरीएको छ। उहाँहरूलाई राहत र खाद्यान्नको व्यवस्थामा जुटिरहेका छौं।' बिना इन्जिनियर डोजर लगाएर भौतिक निर्माणको नाममा विनाश निम्त्याएको स्थानीय अगुवाको भनाई छ । अहिले पहिरो गएको क्षेत्रमा पनि डोजर लगाएर भौतिक संरचना निर्माण गरिएको थियो। भोटेकोशी गाउँपालिका अन्तर्गतका कोदारी क्षेत्र, तातोपानी, दुगुना गढी, लार्चा, लिस्ती, मार्मिङ, हिन्दी, बुल्कोट लगायतका अधिकांश क्षेत्र पहिरोको जोखिममा रहेको छ।

दोलखा

- २०७७ असार २६ गते दोलखा जिल्लाको जिरी नगरपालिका वडानं.-१ झरेनी जंगलमा २ जना व्यक्तिहरू गाइ चराउने क्रममा माथिबाट ढुंगा माटो खसि निजहरूलाई टाउकोमा सामान्य चोट लागि घाइते भएका छन् । दोलखाको जिरी नगरपालिकामा लगातारको वर्षासँगै आएको पहिरोले एक घरमा क्षेति पुऱ्याएको छ भने चार वटा घर पहिरोको उच्च जोखिममा परेका छन् ।
- दोलखाको जिरी नगरपालिका वडा नम्बर-५ लिंकन बजार स्थित बसपार्कमा २०७७ असार २६ गते विहान घरमाथिबाट आएको पहिरोले स्थानीय सञ्चमान तामाङको घर पुरेको हो । विहानको समयमा पहिरो गएकाले कुनै मानविय क्षेति भने नभएको दोलखा प्रहरीले जनाएको छ । प्रहरी र स्थानीय वासीको सहयोगमा पहिरोले पुरिएको पसलको सामान निकाल्ने काम भइरहेको जिरी नगरपालिका नगरप्रमुख टंक जिरेलले जानकारी दिनुभयो । पहिरोले पुऱ्याएको क्षेतिको विवरण एकिन हुन बाँकी रहेको छ । यसैबीच जिरी नगरपालिका वडानं.-७ मा पनि दुई घर पहिरोको उच्च जोखिममा परेका छन् । जिरी नगरपालिका-७ खावा बजार नजिकै छारेमा सडक माथिबाट पहिरो खसेपछि सडक मुनी रहेको घर उच्च जोखिममा परेको हो ।
- जिल्ला विपद व्यवस्थापन समिति दोलखाले कालिञ्चोक, गौरीशंकर र विगु गाउँपालिकालाई विपद्को सबैभन्दा बढी सम्भावित जोखिमपूर्ण क्षेत्र मानेको छ । यी तीन पालिकासँगै अन्य पालिकालाई पनि विपद न्यूनिकरणका लागि तयारी अवस्थामा रहन आग्रह गरेको विपद व्यवस्थापन समिति संयोजक भिमकान्त शर्माले जानकारी दिनु भयो ।

३.२१ सुशासन र मानव अधिकार

भ्रष्टाचार नियन्त्रण र सुशासनको मानव अधिकारसँग प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ । विश्वमा भ्रष्टाचार हुने मुलुक मध्ये नेपाल सन् २०१७ मा १२२ औ स्थान माथि हो भने सन् २०१८ मा १२४ औ मुलुक भएको छ । यसैगरी भ्रष्टाचार अवधारणा सुचकांकमा कम्तिमा ५० अंक भन्दा माथि हुनुलाई सकरात्मक मानिन्छ । तर नेपालको यो अंक ३१ मात्र रहेको छ । यसलाई भ्रष्टाचार व्याप्त छ भन्ने अर्थमा लिइन्छ । यो सुचकांकमा ५० भन्दा कमको औसत ४४ अंक निर्धारण गरिएको छ । त्यस अनुसार नेपाल औसत भन्दा निकै कम अंकमा सिमित रहेको छ । औसत ४४ भन्दा माथि भएको मुलुकलाई सुधारोन्मुख र त्यो भन्दा कमलाई दयनीय अवस्थाको रुपमा बुझिन्छ ।

भ्रष्टाचारमा शुन्य सहनशिलताको मर्म सगै पछिल्ला वर्षमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सकृयता बढेको छ । आ.वा. २०७५।०७६ मा गत आ.व.को तुलनामा पाँच हजार उजुरी थपिएका छन् । नेपालको निर्वाचन पद्धति निकै महंगो भएकोले राजनीतिक तहमा नीतिगत भ्रष्टाचारमा सुधार हुन सकेको छैन । जवाफदेहीता, पारदर्शीता र सदाचारको अवस्था संन्तोषजनक

नहुदा नेपालको सुशासनको अवस्था चिन्ताजनक रहेको छ। सार्वजनिक सेवा प्रवाह निर्वाध गतिमा भएको अनुभूति नागरिकलाई हुन सकेको छैन । स्थानीय तहमा स्वार्थ बाझिने गरी काम हुँदा भ्रष्टाचार झन बढेको छ[२८] । राज्यका निकायहरूको बढ्दो आर्थिक अनुशासनहीनता र बेतिथिका कारण बेरुजु फछ्र्योटमा उल्लेख्य सुधार हुन सकेको छैन । कुल बेरुजुको हिस्सा मुलुकको कुल गार्हस्थ्य उत्पादन (जीडिपी) को झण्डै २१ प्रतिशत पुगेको छ। महालेखा परीक्षकको कार्यालयको ५७ औ वार्षिक प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७५/७६ सम्मको बेरुजु ६ खर्ब ६४ अर्ब रुपैया पुगेको छ। सोही वर्ष मुलुकको कुल गार्हस्थ्य उत्पादन ३० खर्ब ४४ अर्ब ९२ करोड रुपैया थियो । प्रतिवेदन अनुसार हाल सम्मको बेरुजु अंक ४ खर्ब १८ अर्ब ३१ करोड ७३ लाख रुपैया मात्रै हो । २ खर्ब ४६ अर्ब ११ करोड ८० लाख रुपैया कारबाही टुंगो लगाउनु पर्ने बेरुजु हो । यी दुवै जोड्दा ६ खर्ब ६४ अर्ब रुपैया बेरुजु हुन्छ[२९] ।

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐनमा जनप्रतिनिधिहरूले स्वकीय सचिव, सहयोगी र प्रेस सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन तर जनप्रतिनिधि भने आफ्ना छोराछोरी, नातागोता र पार्टीका कार्यकर्तालाई नियुक्ति गरी तलब सुविधा खुवाइरहेका छन[३०] । सेक्युरिटी प्रेश खरिद अडियो प्रकरणमा सूचना तथा संचार मन्त्री गोकुल बाँस्कोटाको राजीनामा, कोरोनाको महामारीको वेला स्वास्थ्य सामाग्रि खरिद प्रकरणमा भ्रष्टाचार जस्ता विषयले शुसासन र पारदर्शितमा सरकारका काम कारबाही प्रति प्रश्न चिन्ह खडा भए। देशव्यापी रूपमा युवाहरूले र इनफइजइनफ अभियान्ताले भ्रष्टाचारको रोकथामका लागि विरोध प्रदर्शन गरे। स्थानीय सरकारले लकडाउनको अवधीमा वितरण गरेको राहत सामाग्रिको विवरण सार्वजनिक हुन सकेन।

समग्रमा मुल्याङ्कन गर्दा पारदर्शीता, जवाफदेहीता र उत्तरदायित्वको अवस्थामा सुधार हुन सकेमा र नीतिगत तथा राजनीतिक तहमा हुने भ्रष्टाचारको रोकथाम हुन सकेमा नै सुशासन र मानव अधिकारको अवस्थामा सुधार आउने देखिन्छ । तर विगत वर्षको शुसासनको अवस्थाको मुल्यांकन गर्दा कागजी प्रतिवद्धता बाहेक व्यवहारमा शुसासनको अवस्थामा खासै सुधार आएको देखिएन।

३.२२ अन्य :

- कोभिड-१९ को महामारीमा भ्रष्टाचार रोक्नुपर्ने माग राख्दै सर्वसाधारण, सामाजिक अभियन्ता र साना तथा मझौला व्यवसायीले प्रदर्शन गरेका छन्। लकडाउन गरेर सरकारले विकल्प नदिएको भन्दै २०७७ जेठ २७ गते प्रधानमन्त्रीको सरकारी निवास बालुवाटार अगाडि प्रदर्शन गरेका थिए । उनीहरूले नाराबाजी गरेपछि प्रहरीले बल प्रयोग गरेको थियो । साथै माइतीघर, नक्साल, पाटन र देशका अन्य जिल्लाहरूमा समेत युवाहरूले

२८ गोरखापत्र दैनिक, २०७६ मंसिर २३ गते

२९ कान्तिपुर दैनीक २०७७ साउन १ गते

३० गोरखापत्र दैनिक २०७६ माघ १० गते

कोरोना भाइरसको जाचँ र क्वारेन्टाइनको उचित व्यवस्थापन गर्नुपर्ने माग राखि निरन्तर प्रर्दशन गरेका थिए ।

- कोरोना भाइरसको सङ्क्रमणका कारण जारी लकडाउनका बेला विद्यालयले सञ्चालन गरेको अनलाइन शिक्षा औपचारिकतामा मात्रै सीमित हुनेभएको छ । बन्दाबन्दी खुलेको केही दिनपछि नियमित कक्षा सञ्चालन गरिने भएकाले विद्यार्थी तथा अभिभावकसित सम्पर्क कायम गर्ने माध्यमका रूपमा मात्रै अनलाइन शिक्षालाई लिइनेभएको छ। अनलाइन कक्षामा ३० प्रतिशत विद्यार्थी मात्रै अनलाइनको पहुँचमा रहेको तथा यस अवस्थामा अनलाइन शिक्षा कक्षा कोठाको विकल्प हुन सक्दैन भन्नेमा आफूहरू स्पष्ट भएको एन प्याब्सनका अध्यक्ष ऋतुराज सापकोटाले जानकारी दिनुभयो ।
- धादिङ्ग जिल्लामा सरकारले घोषणा गरेको लकडाउनका कारण तयारी अवस्थामा रहेको दुई लाख ब्रोइलर कुखुरा बजार पठाउन नपाउँदा पोल्टी व्यवसायी मर्कामा परेका थिए । लकडाउन अवधिमा पोल्टी व्यवसायीले दैनिक ५० लाख रुपैयाँ नोक्सानी व्यहोदै आएको उल्लेख गरिएको छ ।
- नुवाकोट सरोकार समाजले चीनको लागि नवनियुक्त राजदूत महेन्द्रबहादुर पाण्डेलाई चीनको बेइजिङतर्फ प्रस्थान गर्न लाग्दा २०७७ जेठ २५ गते लकडाउन उल्लंघन गर्दै WHO को मापदण्ड विपरित एक कार्यक्रम वीच विदाइ गरेको समाचार प्रकासित छ । कार्यक्रममा संघीय सांसद, प्रदेश सांसद, स्थानीयतहका जनप्रतिनिधीहरूको उपस्थिति थियो । राज्यका पदाधिकारीबाट नै लकडाउनको उल्लंघन गरेको पाइएको छ ।

परिच्छेद-४

बागमती प्रदेश कार्यालयका उपलब्धी, चुनौती र समाधानका सम्भावित उपायहरू

४.१ प्रदेश कार्यालयका उपलब्धी

प्रदेश कार्यालयको लागि विनियोजित आ.व. २०७६।७७ को बजेट शीर्षक अन्तर्गत २२ वटा अनुसन्धान मिसन कार्य सम्पन्न गर्ने लक्ष्य रहेकोमा १६ वटा अनुसन्धान मिसनबाट कार्य सम्पन्न भएको छ। देशको राजधानी रहेको प्रदेश भएको र काठमाण्डौ उपत्यकामा हुने नियमित वन्द हड्ताल, विरोध प्रर्दशनको आकस्मिक अनुगमनलाई प्राथमीकतामा राखी अनुगमन गरी आयोगबाट प्रेश विज्ञप्ती समेत जारी भएका छन् । श्रोत साधनले भ्याए सम्म प्रत्येक घटनामा आयोगको उपस्थिति हुने गरेको छ । प्रवर्धनात्मक कार्यक्रम तर्फ बागमती प्रदेश कार्यपालिका, व्यवस्थापिकासँग समन्वय गरी मानव अधिकारमुखी विकास पद्धती विषयक कार्यशाला सम्पन्न भएका छन् । आयोगको रणनीतिक उद्धेश्य बमोजिम सबैका लागि घरघरमा मानव अधिकार शान्ति र विकासको आधारलाई मध्यनजर गर्दै स्थानीय तहका जनप्रतिनिधिहरूकालागि मानव अधिकारमुखी विकास पद्धती विषयक अभिमुखिकरण कार्यक्रम सम्पन्न भएका छन् । बागमती प्रदेश अन्तर्गत प्रादेशिक क्षेत्राधिकार भित्रका १३ वटै जिल्लाहरूमा कार्यक्रम गर्ने लक्ष्य लिइएको छ। त्यसै गरि न्यायिक समितिका पदाधिकारीहरूको लागि मानव अधिकार सम्बन्धी कार्यक्रमबाट निष्पक्ष, स्वतन्त्र र छिटो छरितो न्याय सम्पादन गर्नकोलागी मद्धत पुगेको छ। यस प्रदेश अन्तर्गतका प्रहरी कर्मचारीलाई संचालित मानव अधिकार सम्बन्धी तालिममा सहभागी भइ आयोगको पहुँच विस्तार गर्दै मानव अधिकार संस्कृति विकासको लागि उल्लेख्य उपलब्धी भएको छ। गैर सरकारी संस्था, मानव अधिकार रक्षकसँग समन्वय र सहकार्यमा भएका कार्यक्रमबाट आयोगको पहुँच विस्तारमा उल्लेख्य योगदान पुग्न गएको छ। आयोगको कार्यालयको लागि हेटौडामा घर जग्गाको लागि निरन्तर प्रयास भइ रहेको छ। प्रदेश सरकार र हेटौंडा उपमहानगरपालिकाले समेत आयोगको प्रदेश कार्यालयको लागि घर जग्गा उपलब्ध गराउने प्रतिवद्धता व्यक्त गरेको छ । बागमती प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री शालीकराम जम्कट्टेलले आयोगको कार्यालय भनवको लागि विशेष पहल गर्नु भएको छ।

४.२ चुनौती :

मानव अधिकार र मानव विकास सूचाङ्कको आधारमा हेर्दा बागमती प्रदेशका १३ जिल्लाको भौगेलिक अवस्था, आमनागरीकको जीवनस्तर हेर्दा धनी र गरीबको खाडल फराकिलो रहेको देखिन्छ । उपत्यकाका तीन जिल्ला काठमाण्डौ, भक्तपुर र ललितपुर तथा काभ्रेपलाञ्चोक, मकवानपुर, चितवन बाहेक अन्य जिल्लाको मानव अधिकार अवस्था हेर्दा सिमान्तकृत वर्गको अधिकार भौगेलिक विकटता आदिको कारण नागरीकको मानव अधिकार चुनौतीपूर्ण रहेको छ । दीगो विकासको

मूलधारमा आउन नसकेकोले मानव सिमान्तकृत र भौगेलिक रुपमा विकट ठाँउमा रहेका नागरिक अधिकार संरक्षण चुनौतीपूर्ण रहेको छ । यस कार्यालयमा विचाराधिन उजुरीको अनुसन्धानको लागी आयोगले योजना तर्जुमा गर्दा विचाराधिन उजुरीको अनुपातमा सवारी साधन सहित कर्मचारीको व्यवस्थापन हुन नसक्नु चुनौतीको रुपमा रहेको छ । यसका अतिरिक्त ग्रामिण तहमा मानव अधिकार सम्बन्धी चेतना विस्तारको लागी प्रत्येक जिल्लामा सम्पर्क विन्दु नहुँदा पनि चुनौती महसुस भएको छ ।

४.३ चुनौती समाधानका उपाय :

बागमती प्रदेश कार्यालयमा विचाराधीन उजुरीको संख्या धेरै भएकोले अनुसन्धानको लागि कम्तीमा दुइ वटा फिल्डमा जाने सवारी साधनको व्यवस्था हुनु पर्ने देखिन्छ । देशमा विद्यमान दण्डहीनता अन्त्यका लागि राज्यका निकायसँग नियमित छलफल परामर्श हुनु पर्ने देखिन्छ । त्यसै गरि नागरिक अधिकार र कर्तव्यका सम्बन्धमा समेत मानव अधिकार आयोगको बागमती प्रदेश कार्यालयबाट चेतनामूलक कार्यक्रम संचालनकालागि मानव अधिकार रक्षक सहीत मानव अधिकारकर्मीसँग समन्वय हुनु पर्ने देखिन्छ । आयोगको बागमती प्रदेश कार्यालय अन्तर्गतका जिल्लामा मानव अधिकार रक्षकलाई सम्पर्क सूत्रको रुपमा तोक्नु पर्ने देखिन्छ । जसले उजुरी ग्रहणमा सहजता हुने देखिन्छ । स्थायी राजधानी हेटौडामा कायम भए पश्चात आयोगको कार्यालयको लागि हेटौडामा कार्यालय संचालनको लागि आयोगबाट बजेट विनियोजन गरि घर जग्गाकोलागि प्रदेश सरकार र स्थानीय सरकारसँग समेत थप समन्वय गर्दै जानु पर्ने देखिन्छ । त्यसै गरी आयोगका गतिविधीहरू ग्रामिण तह सम्म पुऱ्याउन सकेमा आम नागरिकको आयोगप्रति भरोसा बृद्धि हुँदै जाने छ । हाल कायम रहेको जिल्लास्थित अनुगमन समिति रहेकोले त्यसलाई थप प्रशिक्षण दिदै संरचना विस्तार गर्न सकिन्छ ।

४.४ प्रदेश र स्थानिय सरकारलाई सुझाव

बागमती प्रदेश सरकार र स्थानीय सरकारले बजेट बिनियोजन गर्दा मानव अधिकारमुखी विकास पद्धतीलाई केन्द्रबिन्दुमा राख्नु पर्ने देखिन्छ । विकासको केन्द्र विन्दु मानिस भएकोले सरकारको नीति, योजना, बजेट र कार्यक्रम आम नागरिकको सार्थक सहभागितालाई जोड दिदै विकास निर्माणका कार्यमा योगदान गर्ने वातावरण निर्माण गर्नु पर्दछ । त्यसै गरी विकासको प्रतिफल भौगोलिक रुपमा विकट रहेका जिल्ला र ग्रामिण क्षेत्रलाई पुऱ्याउनु पर्ने देखिन्छ । सिमान्तकृत र आवाज विहिनलाई विकास कार्यमा समेटी तीनका आवाजलाई सरकारी निकायबाट सम्बोधन गरिनु पर्दछ । आम जनता प्रति जवाफदेही सरकारबाट नै मानव अधिकार सुनिश्चीत र संरक्षण सम्भव भएकोले मानव अधिकार चेतना विस्तारका लागि समेत प्रदेश सरकार र स्थानीय तहबाट पर्याप्त वजेट बिनीयोजन गरिनु पर्ने देखिन्छ । कोरोना भाइरस र कोभिड-१९ को कारण समग्र मानव अधिकार अवस्थामा असर पर्ने भएकोले संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार वीच समन्वय र सहकार्यमा समस्या समाधान गर्न मद्दत मिल्ने भएकोले सबै निकाय वीच थप प्रभावकारी समन्वय र सहकार्य हुन आवश्यक छ ।

अनुसूचीहरू

अनुसूची १

राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय, सानेपा, ललितपुरका कर्मचारीहरूको विवरणः (सांगठनिक संरचना)

क्र.स.	नाम	पद
१	यज्ञ प्रसाद अधिकारी	सहसचिव
२	सरिता ज्ञवाली	उपसचिव
३	जायश्वर चापागाई	मानव अधिकार अधिकृत
४	रारा कर्माचार्य	लेखा अधिकृत
५	लक्ष्मी पौडेल	मानव अधिकार अधिकृत
६	रेवा रेग्मी	मानव अधिकार अधिकृत
७	पवित्रा भण्डारी	मानव अधिकार अधिकृत
८	लोकनाथ घिमिरे	सहायक प्रथम
९	निर्मला बोगटी	लेखापाल
१०	अस्मिता पोखरेल	सूचना प्रविधि तथा अभिलेख सहायक
११	श्रीराम कार्की	सवारी चालक
१२	मनोज बुढा मगर	सवारी चालक
१३	प्रेमकुमार चौधरी	सुरक्षागार्ड
१४	अविन पौडेल	सुरक्षा गार्ड
१५	प्रदिप सुवेदी	कार्यालय सहायक
१६	रीताकुमारी साह	कार्यालय सहायक

अनुसूची-२

प्रदेशीक क्षेत्राधिकार रहेका जिल्लाहरू

बागमती प्रदेश कार्यालय सानेपा



प्रदेशीक क्षेत्राधिकार रहेका स्थानीय तह संख्या ११९



अनुसुची-३

अन्य निकायले संचालन गरेको कार्यक्रममा सहभागीताः

क्र.सं	कार्यक्रमको विषय	आयोजकको नाम	मिति	रा.मा.अ. आयोगको तर्फबाट भागलिने कर्मचारीको नाम	कै.
१	The Accelerator Lab Nepal launch program	UNDP	२०७६।४।१६	यज्ञप्रसाद अधिकारी	
२	एसियन कृषि सम्मेलन तथा प्रर्दशनी २०१९	4 H Nepal	२०७६।४।२७	यज्ञप्रसाद अधिकारी	
३	मानव अधिकार रक्षक संजालको साधारणसभा	मानव अधिकार रक्षक केन्द्र, भक्तपुर	२०७६।०६।१२	सरिता ज्ञवाली	
४	नेपाल मानव अधिकार संगठनको अन्तरक्रिया	नेपाल मानव अधिकार संगठन	२०७६।०७।१६	यज्ञप्रसाद अधिकारी	
५	इन्सेक वर्ष पुस्तक २०२० सार्वजनिककरण कार्यक्रम (विमोचन)	इन्सेक	२०७६।११।७	यज्ञप्रसाद अधिकारी जायश्वर चापागाई लोकनाथ घिमिरे	

अन्य संस्थाले आयोजना गरेको कार्यक्रममा श्रोत व्यक्तिको रुपमा भाग लिएको संख्याः

क्र.सं	तालिमको विषय	संचालनगर्ने निकायको नाम ठेगाना	रा.मा.अ. आयोगको तर्फबाट भागलिने कर्मचारीको नाम	तालिमको अवधि मिति र दिन समेत	कै.
१	मानव अधिकार अवधारणा, विकास र महत्व विषयक प्रशिक्षण	राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान	यज्ञप्रसाद अधिकारी	२०७६।०५।०१	
२	CSRC को वार्षिक सामाजिक परीक्षण कार्यक्रम	आत्म निर्भर केन्द्र, काठमाण्डौ	यज्ञप्रसाद अधिकारी	२०७६।०५।३०	
३	बलपूर्वक विस्थापित र मानव अधिकार - प्रस्तुतीकरण	APF- command and staff college	यज्ञप्रसाद अधिकारी	२०७६।१०।१२	
४	NHRC and their roles for the protection of HR	इन्सेक	यज्ञप्रसाद अधिकारी	२०७६।१०।१४	

अनुसूची-४

राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय सानेपा ललितपुरमा रहेका विषयगत उजुरीहरूको विवरण (आ.व. २०७६/०७७)

विषयगत उजुरीहरू	साउन	भदौ	असोज	कार्तिक	मंसिर	पुस	माघ	फागुन	चैत	वैशाख	जेठ	असार	जम्मा
नागरिक तथा राजनीतिक अधिकार	४	१	५	-	४	१	११	२	१	-	-	७	३६
आर्थिक समाजिक तथा साँस्कृतिक अधिकार	१	-	३	१	२	-	१	-	-	-	-	३	११
यातना तथा विरुद्धको अधिकार	१	-	१	१	-	-	-	२	-	-	-	-	६
बाल अधिकार सम्बन्धी अधिकार	१	-	-	-	-	-	-	-	-	-	-	१	२
महिला विरुद्धको अधिकार	-	२	१	-	१	-	१	१	-	-	-	-	६
आप्रवासी कामदारहरूको अधिकार	-	-	-	-	-	-	-	-	-	-	-	-	-
व्यक्ति बेपत्ता पार्ने कार्य विरुद्धको अधिकार	-	-	-	-	-	-	२	-	-	-	-	१	३
जातिय भेदभाव विरुद्धको अधिकार	-	-	१	-	-	१	-	१	-	-	-	-	३
अपांगता भएका व्यक्तिहरूको अधिकार	-	१	-	-	-	-	-	-	-	-	-	-	१
जम्मा	७	४	११	२	७	२	१६	६	१	-	-	१२	६८

अनुसूची-५

राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय सानेपा ललितपुरमा आर्थिक वर्ष २०७६/०७७ मा जिल्लागत रुपमा दर्ता भएका उजुरीहरूको विवरण

काठमाण्डौ	भक्तपुर	ललितपुर	दोलखा	रामेछाप	सिन्धुली	काभ्रेपलाञ्चोक	सिन्धुपाल्चोक	रसुवा	नुवाकोट	धादिंग	चितवन	मकवानपुर	जम्मा
३४	५	८	१	२	०	२	१	१	२	३	५	४	६८

क्र.स	कामको प्रकृति	सङ्ख्या	विषय
१	मानव अधिकार संरक्षण		
१.१	उजूरी	६८ र पुराना सहित ७५३ उजुरी विचाराधीन	आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार, यौनिक अल्पसंख्यकको अधिकार, विभेद, स्वच्छ पूर्पक्षको अधिकार, गैरकानूनी थुना, रोजगारीको हक, घरेलु हिंसा आदि ।
१.२	अनुगमन	१७	निर्वाचनको अवस्था अनुगमन, नेपालगञ्ज कोहलपुर घटनाका घाइतेसँग परामर्श भेटघाट अनुगमन, काठमाण्डौ विप्लप समूहको विरोध प्रदर्शनको अनुगमन, अन्तराष्ट्रिय आप्रवासी कामदार दिवसको सन्दर्भमा त्रि.वि. विमानस्थल अनुगमन, हिरासत अनुगमन आदि ।
१.३	अनुसन्धान मिसन	१६	शान्ति सुरक्षा, गैरकानूनी पक्राउ र वेपत्ता, यातना, वाल अधिकार, आर्थिक समाजिक अधिकार आदि ।
१.४	निर्णय/सिफरिस/ तामेलीमा राखि लगत कट्टा	२११	गैरन्यायीक हत्या, यातना तथा धम्की, कारखाना घर कब्जा, बम विस्फोटबाट अपाङ्गता भएकोले उपचार र आर्थिक सहायताको पहल, बम विस्फोटबाट अपाङ्गता, यौनजन्य हिंसा, न्याय प्रशासन आदि ।

अनुसूची-६

राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय सानेपा ललितपुर बाट निर्णयका लागि केन्द्रीय कार्यालयमा पठाइएका उजुरी फाईलको विवरण

क्र.सं	पीडितको नाम	ठेगाना	उजूरी नम्बर	विषय
१	सूर्य प्रसाद ओझा	ललितपुर	८४७	यातना
२	मेनका श्रेष्ठ	ललितपुर	३०७	यातना
३	विकास फेसन प्रा.लि.	ललितपुर	३९८६	कारखाना घर कब्जा
४	हरि बहादुर कार्की	रामेछाप	४२३४	बम विस्फोटबाट
५	लालध्वज जिरेल	दोलखा	४२३२	बम विस्फोटबाट
६	जानुका सार्की	रामेछाप	८८१	न्याय प्रशासन
७	सलिना तामाङ्ग	काठमाण्डौ	७३९	यौनजन्य हिंसा
८	सृजना अवाल	काठमाण्डौ	८३१	न्याय प्रशासन
९	लक्ष्मी परियार	काभ्रेपलाञ्चोक	९०३	हत्या
१०	पुण्टे तामाङ्ग	नुवाकोट	४७५५	न्याय प्रशासन
११	विलट भारती	मकवानपुर	८९२	यातना
१२	धनमाया गौतम	ललितपुर	१३७	बसोबासको अधिकार
१३	सुसिला सार्की र अन्य मानव बेचविखनका पीडितहरू	काठमाण्डौ	१०७	न्याय प्रशासन
१४	सुदिप शर्मा हुमागाई	काभ्रेपलाञ्चोक	४८	यातना
१५	वीर बहादुर मोक्तान	रसुवा	४०६६	हत्या
१६	सखिना मानन्धर	ललितपुर	४१६७	गैरकानूनी थुना
१७	सावित्रि श्रेष्ठ	काठमाण्डौ	८९७	घरेलु हिंसा
१८	सिन श्रेष्ठ	काठमाण्डौ	८९८	घरेलु हिंसा
१९	पाल्टेन (पटेनी) लामा	काठमाण्डौ	३८२९	यातना
२०	नेत्र प्रसाद भट्टराई लगायत ४ जना	ताप्लेजुङ	२६०३	गैरन्यायीक थुना
२१	महेशदेव पाठक	नुवाकोट	८२७	धम्की
२२	नरेश बुर्तेल	काठमाण्डौ	४५४३	न्याय प्रशासन
२३	लक्ष्मण ढकाल	मोरङ्ग	१३८८	धम्की

२४	भिम प्रसाद पुडासैनी	रसुवा	७०८	यातना
२५	जयन्त भट्टराई	काठमाण्डौ	११५५	यातना
२६	दिपक खड्का, नवराज खड्का र रिता थापा	काठमाण्डौ	८८२	धम्की
२७	हाकु गाविस, रसुवाका २३३ घरधुरी	रसुवा	८०४	बसोबासको अधिकार
२८	छोरीमैया महर्जन	काठमाण्डौ	८८८	बेपत्ता
२९	प्रेम लामा	रामेछाप	३९७४	यातना
३०	द्वन्द्व पीडित	मकवानपुर	३५२	न्याय प्रशासन
३१	शमशेर थिङ	मकवानपुर	३५१	न्याय प्रशासन
३२	निरमाया रेग्मी	काठमाण्डौ	६९३	न्याय प्रशासन
३३	सुक बहादुर तामाङ	नुवाकोट	८१९	न्याय प्रशासन
३४	रामकृष्ण बजगाई	काभ्रेपलाञ्चोक	८३४	यातना
३५	पवन नेपाली	दोलखा	८२३	यातना
३६	मान बहादुर लोप्चन	काठमाण्डौ	६७३	न्याय प्रशासन
३७	सपना/शोभा थापा	काठमाण्डौ	७१२	धम्की
३८	कुश्मा हुमागाई	काठमाण्डौ	७९८	वेपत्ता
३९	नीरा राई	काठमाण्डौ	९४५	महिला हिंसा
४०	तिब्बतियन कम्युनिटी सेन्टर बौद्ध	काठमाण्डौ	१२६२	महिला अधिकार
४१	शर्मिला मगर (तामाङ्ग)	सिन्धुली	१२१	बेपत्ता
४२	भक्त बहादुर सुनार	बर्दिया घर भई नख्खु कारागार	६१	हत्या
४३	सुनिता लामा	काठमाण्डौ	१४१	दुर्व्यबहार
४४	धनपति बोहरा	काठमाण्डौ	१२०	न्याय प्रशासन
४५	प्रदिप राज पन्त	भक्तपुर	३८	न्याय प्रशासन
४६	गीता खड्का	काठमाण्डौ	३९५	गैरकानूनी थुना
४७	प्रविन गुरुङ	सिन्धुपाल्चोक	८९६	स्वतन्त्रताको अधिकार
४८	रश्मी भगवती बन्जारा	ललितपुर	४५४१	न्याय प्रशासन
४९	राजेश लामा	मकवानपुर	८९३	वैदेशिक रोजगारीको क्रममा जेल परेको

५०	केशवराज खनाल	चितवन	६७	वैदेशिक रोजगारीको क्रममा वेपत्ता
५१	रामहरी शर्मा ढकाल	मकवानपुर	४५८३	जग्गा कब्जा
५२	देवकी वि.क. र निजको परिवार	मकवानपुर	३५	विस्थापित
५३	विष्णु प्रसाद सापकोटा	सिन्धुपाल्चोक	७७९	यातना
५४	टिकाराम पराजुली	सिन्धुपाल्चोक	६९२	यातना
५५	यदु घिमिरे	ललितपुर	२१३५	हत्या
५६	डिल्लीराम नेपाल र यसोदा नेपाल	सिन्धुपाल्चोक	६९६	यातना
५७	सुरेश अछामी	ललितपुर	७२५	यातना
५८	बेली खान	काठमाण्डौ	४४९	हत्या
५९	समिना खनाल, शिवदिप लोहनी र अन्य	काठमाण्डौ	६८९	न्याय प्रशासन
६०	मन्जु श्रेष्ठ	काठमाण्डौ	६९०	न्याय प्रशासन
६१	विजय श्रेष्ठ	रामेछाप	८४१	हत्या
६२	कमला अधिकारी	काठमाण्डौ	९३०	बसोबासको अधिकार
६३	राजु खड्गी	ललितपुर	७०६	यातना
६४	कविराज राई, पप्पीराज राई	ललितपुर	९५२	यातना
६५	नारायण सुवेदी	ललितपुर	७०	स्वच्छ पुर्पक्षको अधिकार
६६	सप्तराज शाक्य	काठमाण्डौ	३४	क्षतिपुर्ति सम्बन्धमा
६७	दिवान आग्री	कञ्चनपुर	१२७७	क्षतिपुर्ति सम्बन्धमा
६८	तेज प्रसाद चौलागाई	मकवानपुर	१६८९	विस्थापित
६९	चेत बहादुर बस्नेत	सिन्धुली	८२३	न्याय प्रशासन
७०	सिंह बहादुर भुजेल	सिन्धुली	७४८	न्याय प्रशासन
७१	धनलक्ष्मी मोक्तान	काठमाण्डौ	१२२२	न्याय प्रशासन/ जवर जस्ती करणी
७२	ज्ञानी लामा श्रेष्ठ	काठमाण्डौ	७४१	ज्येष्ठ नागरिकको अधिकार
७३	निर्मला थापा	काठमाण्डौ	४४३	महिला अधिकार

७४	कञ्चन सुवेदी	काठमाण्डौ	६७७	महिला अधिकार
७५	तारा थुलुङ्ग	काठमाण्डौ	७१३	महिला अधिकार
७६	मीन बहादुर खड्का	सिन्धुली	७८	न्याय प्रशासन
७७	भक्त बहादुर थापा लगायत १३ घरपरिवार	सिन्धुपाल्चोक	६५	क्षतिपूर्ति सम्बन्धमा
७८	रवि प्रसाई	काठमाण्डौ	७५४	स्वतन्त्रताको अधिकार
७९	उत्तम प्रसाद सेढाई	काभ्रेपलाञ्चोक	८०६	शान्ति सुरक्षा सम्बन्धमा
८०	विरेन्द्र बहादुर पाण्डे	दोलखा	६३९	यातना
८१	कुल बहादुर तामाङ्ग	दोलखा	९२९	न्याय प्रशासन
८२	पवित्रा घिमिरे	भक्तपुर	९४३	न्याय प्रशासन
८३	निमा डोल्मा लामा	दोलखा	८७६	न्याय प्रशासन
८४	लक्ष्मण तामाङ्ग	नुवाकोट	८१४	प्रहरीद्वारा अत्याधिक बल प्रयोग
८५	अकुपाई, बालुवाटारका अभियन्ताहरू	काठमाण्डौ	६७६	न्यायमा पहुँच
८६	विमल नेपाल	भक्तपुर	८२४	सूचनाको हक
८७	नवराज न्यौपाने	नुवाकोट	५१९	गैरकानुनी छापा, जीवन असुरक्षित
८८	हरिश्चन्द्र खड्का	भक्तपुर	६५९	न्याय प्रशासन
८९	ज्ञानीराजा ठकुरी	काभ्रेपलाञ्चोक	७७५	न्याय प्रशासन
९०	अशोक आचार्य	भक्तपुर	२३	न्याय प्रशासन
९१	चाँदनी जोशी	काठमाण्डौ	१५१	आवगमनमा रोक
९२	विद्या श्रेष्ठ	काठमाण्डौ	१५६	लैङ्गिक हिंसा
९३	टेकनाथ गौतम	रामेछाप	४०५४	यातना
९४	जीवनाथ गौतम	रामेछाप	४०५५	यातना
९५	गंगाप्रसाद पौडेल	रामेछाप	३९४२	विद्युतिय धराप विस्फोट भई घाइते
९६	जितेन्द्रकुमार मोक्तान	रामेछाप	४७३७	विस्थापित
९७	यशोदा विष्ट	काठमाण्डौ	८११	धम्की
९८	सरिता स्याङ्गतान	धादिङ्ग	९६९	न्याय प्रशासन

९९	सजनी के.सी.	ललितपुर	१२५३	बाल अधिकार
१००	रामचन्द्र गिरी	नुवाकोट	९०८	धम्की
१०१	दिर्घ नारायण ढकाल	चितवन	४३२	धम्की
१०२	विष्णु प्रसाद आचार्य	रसुवा	४०६८	यातना
१०३	माइला दमाई	ललितपुर	८०१	नागरिकता प्रमाणपत्र नपाएको
१०४	रमेश प्रसाद पाण्डे	नुवाकोट	६५१	बेपत्ता
१०५	नील हिरा समाज	काठमाण्डौ	२४३५	संस्था नविकरण सम्बन्धमा
१०६	नारायण प्रसाद तिवारी	काठमाण्डौ	८१५	प्रहरीद्वारा अत्याधिक बल प्रयोग
१०७	अनुग्रह लम्साल	काठमाण्डौ	८९३	बाल अधिकार
१०८	राजेन्द्र घिमिरे	नुवाकोट	४६१३	प्रहरी यातना कारण मृत्यु
१०९	सफल ज्ञवाली	काठमाण्डौ	८६०	शिक्षाको अधिकार
११०	मैया चौलागाई	काभ्रेपलाञ्चोक	५६	प्रहरीद्वारा दुर्व्यवहार
१११	खेम थपलिया लगायत ८ जना पत्राकारहरू	काठमाण्डौ	३	गैरकानुनी थुना
११२	देव बहादुर थापा	काठमाण्डौ	१५३	अपाङ्गता भएकोमा अमानवीय व्यवहार
११३	जनकप्रसाद अधिकारी	लिखु गाउपालिका नुवाकोट	४१२	वेपत्ता
११४	मेकबहादुर घले	खनियावास गाँउपालिका धादिंग	७८३	यातना
११५	जुनुआईशा यादव	बुढानिलकण्ठ न.पा. काठमाण्डौ	८०७	न्याय प्रशासन
११६	कविता वोहरा	मध्यपुर ठिमी भक्तपुर	९६१	न्याय प्रशासन
११७	सुकाराम पाख्रिन	राई गाविस-८ मकवानपुर	२४६३	गैरकानुनी थुना
११८	ज्ञानबहादुर राई	लिखु गाउपालिका-३ नुवाकोट	९८	यातना
११९	कुन्दन थापा मगर	देउचुली नगरपालिका-११ नवलपरासी	९१९	स्वच्छ पुर्पक्षको अधिकार
१२०	रामबहादुर भण्डारी	भरतपुर न.पा.-२७ चितवन	२६८	यातना
१२१	लक्ष्मी दराई	खैरहनी न.पा.-२ चितवन	५७२	न्यायमा पहुँच
१२२	दिपक रायामाझी	पाँचखाल न.पा.-४ काभ्रे	८०३	बेपत्ता

१२३	प्रकाश शर्मा नेपाल	क्राईमटुडे मासिक सिन्धुपाल्चोक संवादाता	१२३३	धम्की
१२४	विमला गोदार थापा	नार्गाजुन न.पा.-१ काठमाण्डौ	९५१	न्याय प्रशासन
१२५	युवराज कोईराला	काठमाण्डौ	८४५	धम्की
१२६	बिमला तामाङ्ग	दोरम्बा न.पा-२ रामेछाप	१६०	स्वच्छ पुर्पक्षको अधिकार
१२७	२८ बालबालिकाहरू	वनेपा न.पा.१० काभ्रेपलाञ्चोक	२४	बाल अधिकार
१२८	अमर झाक्री समेत	रोल्पा/सुनसरी	३५	बेपत्ता
१२९	स्वेच्छा लुईटेल	अमरदह गाविस-५ मोरङ्ग	७४५	शिक्षाको अधिकार
१३०	स्मृती ढुङ्गाना	नेपाल रिपब्लिक मिडिया काठमाण्डौ	४०	यौन दुर्व्यबहार
१३१	दिलबहादुर मर्हजन	का.म.न.पा.-१८	८००	स्वच्छ पुर्पक्षको अधिकार
१३२	सपना वि.क.	सल्यानटार गाउपालिका-२ धादिग	१७६	जातीय विभेद
१३३	नविन शर्मा पौडेल	पालुङ्गटार-४ गोर्खा	८२५	धम्की
१३४	सुन्तली ठोकर	पानैती न.पा.९, काभ्रे	१६६	गैरकानुनी थुना
१३५	चित्रबहादुर मगर	तुलसीपुर न.पा.-७ दाङ	१८०	यातना
१३६	ओमबहादुर मल्ल	सुन्दरीजल, काठमाण्डौ	५९४	गैरकानुनी थुना
१३७	ओमकृष्ण तण्डुकार	का.म.न.पा-३३ काठमाण्डौ	७२०	न्याय प्रशासन
१३८	लोकबहादुर विश्वकर्मा	किस्पाङ्ग गाउपालिका-३, नुवाकोट	३४८१	हत्या
१३९	हेमप्रसाद घिमिरे	बेलकोटगढी न.पा.-३ नुवाकोट	२१८	हत्या
१४०	विरोचन श्रेष्ठ	बनेपा न.पा.-१३	१७३	सुचनाको हक
१४१	जीतनारायण श्रेष्ठ	किर्तिपुर न.पा.-१, काठमाण्डौ	१२९	न्याय प्रशासन
१४२	लोकराज खरेल	फलाटे गाविस-३ काभ्रे	८४६	न्याय प्रशासन
१४३	रत्न ढकाल	पोखरीचौरी गाविस-९ काभ्रे	५७६	गैरकानुनी थुना
१४४	शिवशरण महत	पनौती न.पा.-१०, काभ्रे	८१३	न्याय प्रशासन
१४५	अंकलबहादुर स्याङबो	मनोहरी गा.पा.-४ मकवानपुर	११९४	हत्या
१४६	अंकलबहादुर भोम्जन	इन्द्रसरोवर गा.पा-७ मकवानपुर	४१	धम्की
१४७	डिल्लीप्रसाद तिमल्सीना	चन्द्रनिगाहपुर गाविस-३ रौतहट	४१५	बेपत्ता

१४८	शरणबहादुर भण्डारी	छतिवन-७ मकवानपुर	१५४२	विस्थापीत
१४९	कृष्णबहादुर घलान	मनहरी-३ मकवानपुर	४४१	बेपत्ता लगाउ
१५०	सुकुराम वि.क.	फापरवारी-२, मकवानपुर	४४१	बेपत्ता लगाउ
१५१	अर्जुन रख्याल	बेतीनी-२ मकवानपुर	४४१	बेपत्ता लगाउ
१५२	सुकुलाल थिङ्ग	पदमपोखरी-३ मकवानपुर	४४१	बेपत्ता लगाउ
१५३	ज्ञानेन्द्र कालाखेती	मनहरी-४ मकवानपुर	१२५	बेपत्ता
१५४	कुमार श्रेष्ठ	का.म.न.पा. २९ कपुरधारा काठमाण्डौ	७८९	हत्या
१५५	दिनेश अधिकारी	त्रिपुरेश्वर- ६, धादिङ	७४७	हत्या
१५६	प्रविण खत्री	ललितपुर उ.म.न.पा- १३	९६०	गैरकानुनी हत्या
१५७	अशोक भुलुन	बागमती गा.पा-७ ललितपुर	३७	जीवनको अधिकार
१५८	अजय तामाङ	नुवाकोट जिल्ला, सामरी गा.पा ६	५२	जीवनको अधिकार
१५९	गोपाल तामाङ	सिन्धुपाल्चोक जिल्ला बाह्रबिसे न.पा. २, कर्थली	५३	जीवनको अधिकार
१६०	विष्णु तामाङ	सिन्धुपाल्चोक जिल्ला मेलम्ची न.पा. १२	१३६	जीवनको अधिकार
१६१	मधु के.सी.	काठमाण्डौ, का.म.न.पा., धुम्बराही	९५९	गैर कानुनी थुना
१६२	सक्वीन घिमिरे	काठमाण्डौ, का.म.न.पा., धुम्बराही	७१५	बाल अधिकार
१६३	विनोद राई र सरिता ठेंगा राई	काठमाण्डौ, का.म.न.पा. १७, क्षेत्रपाटी	४४८	बाल अधिकार
१६४	संजय सिंह	काठमाण्डौ, किर्तिपुर न.पा. १२	८४४	हत्या
१६५	छोरीमाया तण्डुकार समेत	काठमाण्डौ, का.म.न.पा ३१, पुतलीसडक	८०९	आवासको अधिकार
१६६	गोविन्द बुढाथोकी	काठमाण्डौ, का.म.न.पा. ३०, रातोपुल	९२४	व्यवसायको अधिकार
१६७	डिल्लीराम खड्गी र कृष्ण भण्डारी	काठमाण्डौ, किर्तिपुर न.पा.	१९६५	गैरकानुनी थुना
१६८	मनोज वैठा	काठमाण्डौ, का.म.न.पा., बानेश्वर	७२६	यातना
१६९	डा. शितलराज बस्नेत समेत	काठमाण्डौ, का.म.न.पा. डिल्लीबजार	३४३७	आवासको अधिकार

१७०	सुदुरपश्चिममा निजि क्षेत्रका मेडिकल, फार्मेसी	काठमाण्डौ	७३८	उपभोक्ताको स्वास्थ्य अधिकार
१७१	टिकाप्रसाद भण्डारी समेत	काठमाण्डौ	३६३७	रोजगारीको अधिकार
१७२	ज्योतीकुमारी ढकाल	काठमाण्डौ, का.म.न.पा, बौद्ध	८३७	गैर कानुनी थुना
१७३	रोसा तमरा	काठमाण्डौ	६४५	बाल अधिकार
१७४	कृष्ण प्रसाद थपलिया	धादिङ, सिद्धलेख गाउँपालिका ६	७३	भुकम्प पीडितले राहत नपाएको
१७५	रविन राई र मणी तामाङ	ललितपुर, ललितपुर म.न.पा. १५, महालक्ष्मीस्थान	९३८	न्याय प्रशासन
१७६	देवराज बराल, विष्णु बराल लगायत	दोलखा, भिमेश्वर नगरपालिका वडा नं. ९ र १०	४६६६	यातना
१७७	बलबहादुर श्रेष्ठ समेत	नुवाकोट, साविक सिक्रे गा.वि.स	३७४७	सम्पती कब्जा
१७८	सावित्री महतो	काठमाण्डौ, का.म.न.पा., नयाँ बानेश्वर	७१४	विकासको अधिकार
१७९	रविन्द्र कुमार उप्रेती	सुर्यविनायक न.पा.-४ भक्तपुर	१८१	जेष्ठ नागरिकको अधिकार
१८०	दुर्गा बहादुर राई	चिचिला गा.वि.स. -२ संखुवासभा	६८	यातना/दुर्व्यबहार
१८१	देवी बहादुर पाण्डे	सुनापती गाउँपालिका-४ रामेछाप,	१६१	न्याय प्रशासन
१८२	सोचेन्द्र राई	खैरेनी नगरपालिका-३ चितवन हालः नख्खु कारागार	४७१	यातना
१८३	धनराम लामा	थाहा नगरपालिका-८ मकवानपुर	२३२१	यातना
१८४	आरियन तामाङ	दोरम्बा गाउँपालिका-१ रामेछाप	१४०	उपभोक्ताको अधिकार
१८५	विनोद पराजुली	बलेफी गाउँपालिका-७ सिन्धुपाल्चोक	६९५	यातना
१८६	सर्वीजित आले	भानु गाविस तनहु, हालः ललितपुर सातदोवाटो	३६	यातना
१८७	हिल्लरी राई	गोकर्णेश्वर नगरपालिका वडा नं. -६ काठमाण्डौ	१९०	जबरजस्ती करणी उद्योगबाट घाइते
१८८	राम कडेल	भरतपुर महानगरपालिका १४ चितवन	१७०	हत्या
१८९	पवन खड्का	माडी नगरपालिका-७ चितवन	२६२	न्याय प्रशासन
१९०	रमेश बहादुर क्षेत्री	बाजुङ्ग गाविस पर्वत	१०१	हत्या
१९१	जुना कार्की	साँगा-६ काभ्रेपलाञ्चोक	२०५३	जर्वजस्ती विवाह तथा बेचविखन

१९२	सरस्वती सुवेदी	थाक्रे गाविस. ८, धादिङ्ग	१७६८	महिला हिंसा
१९३	आरम्भ रौनियार	का.म.न.पा-९, काठमाण्डौ	८९४	बाल संरक्षण
१९४	लक्ष्मी ऐडी रोकाया	सिमिकोट गाविस-३ हुम्ला हालः बौद्ध, काठमाण्डौ	७१८	न्याय प्रशासन
१९५	श्याम कुँवर चौधरी	भरतपुर म.न.पा. १७, चितवन	३६२	विस्थापित
१९६	नसिम अख्तर मिया लहेरी	सरमुजवा गाउँपालिका-९ रौतहट	८०२	न्याय प्रशासन
१९७	शिव ढकाल	सौरपानी गाविस वडा नं.-२ गोरखा	५५५	न्याय प्रशासन
१९८	प्रिया शाह	तिनकुने, काठमाण्डौ	९५५	न्याय प्रशासन
१९९	किरण पौडेल	दाँखाक्वाडी गाविस १ प्युठान, हाल बबरमहल-११ काठमाडौं	८२	धम्की
२००	हरि नारायण घिमिरे	भारपा गाविस वडानं. ४,पाँचथर	८७३	न्याय प्रशासन
२०१	रोशनी शाह	काठमाण्डौ	१६५	स्वच्छ पूर्पक्षको अधिकार
२०२	अनिश कुमार विश्वकर्मा	धनुषा न.पा. ९ घर भई ललितपुर, लुभु	९१०	न्याय प्रशासन
२०३	रविना चौधरी	धुम्बराही काठमाण्डौ	९३६	न्याय प्रशासन
२०४	सन्नी नकर्मी	काठमाण्डौ	२९	न्याय प्रशासन
२०५	नारायण ढुंगाना भन्ने याम बहादुर ढुंगाना	खैरहनी नगरपालिका -१०, चितवन	११२	यातना
२०६	भरत प्रसाद भट्ट	का.म.न.पा. १०	७७८	यातना
२०७	राजेन्द्र मोक्तान	बौद्ध काठमाण्डौ	१०५	दुर्व्यवहार
२०८	विदुर रेग्मी	जिवनपुर गाविस-२ धादिङ	१८०	बेपत्ता
२०९	केदार कुँवर	जिवनपुर गाविस-४ धादिंग	१८१	बेपत्ता
२१०	सविन श्रेष्ठ	मध्यपुर ठिमि न.पा.-१३ भक्तपुर	३६६५	बेपत्ता
२११	बामन प्रसाद गौतम	साविक लुभु गाविस-४ ललितपुर	८७८	गैरकानुनी थुना
२१२	लोक बहादुर नेपाली	बिगु गाउँपालिका ८ दोलखा	८३२	गैरकानुनी थुना
२१३	राजन सिवाकोटी	कालिन्चोक गाउँपालिका ४ दोलखा	४४१३	यातना
२१४	उज्वलमणी उप्रेती	मेलुङ्ग गाउँपालिका-१ दोलखा	३९५६	यातना

अनुसूची-७

राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय सानेपाबाट भएका अनुसन्धान विवरण

क्र.सं	जिल्ला	मिति (...देखि ... सम्म)	अनुसन्धानको विषय र आयोगमा उजुरी दर्ता नं. र मिति	अनुसन्धान टोलीको नामावली	कै.
१	काठमाण्डौ र काभ्रेपलाञ्चोक	२०७६।४।१८–२४	मानव अधिकार उल्लंघनका ६ वटा उजुरीहरू	श्री रेवा रेग्मी श्री पवित्रा भण्डारी	
२	काठमाण्डौ-धादिङ्ग	२०७६।०५।०१–०७	मानव अधिकार उल्लंघनका १० वटा उजुरीहरू	श्री सरिता ज्ञवाली श्री लोकनाथ घिमिरे	
३	मकवानपुर-चितवन	२०७६।०५।०८–१४	मानव अधिकार उल्लंघनका १० वटा उजुरीहरू	श्री जायश्वर चापागाई श्री लक्ष्मी पौडेल	
४	काठमाण्डौ-रामेछाप	२०७६।०५।१९–२९	मानव अधिकार उल्लंघनका १० वटा उजुरीहरू	श्री यज्ञप्रसाद अधिकारी श्री लोकनाथ घिमिरे	
५	दोलखा	२०७६।०७।१८-२४	उजुरी अनुसन्धान-७	श्री सरिता ज्ञवाली श्री लक्ष्मी पौडेल	
६	काभ्रेपलाञ्चोक-सिन्धुपाल्चोक	२०७६।०८।२५– २०७६।०९।०१ सम्म	मानव अधिकार उल्लंघनका ४ वटा उजुरीहरू	श्री यज्ञप्रसाद अधिकारी श्री जायश्वर चापागाई श्री रारा कर्माचार्य	
७	चितवन	२०७६।०९।०५-११	मानव अधिकार उल्लंघनका ११ वटा उजुरीहरू	श्री रेवा रेग्मी श्री लक्ष्मी पौडेल	
८	नुवाकोट	२०७६।०९।१४-२०	मानव अधिकार उल्लंघनका ८ वटा उजुरीहरू	श्री सरिता ज्ञवाली श्री लोकनाथ घिमिरे	
९	मकवानपुर	२०७६।०९।२१-१०।०२	मानव अधिकार उल्लंघनका १० वटा उजुरी हरू	श्री यज्ञप्रसाद अधिकारी श्री जायश्वर चापागाई	
१०	काठमाण्डौ/सिन्धुपाल्चोक	२०७६।१०।१३–१९	मानव अधिकार उल्लंघनका ८ वटा उजुरीहरू	श्री सरिता ज्ञवाली श्री रेवा रेग्मी	
११	काठमाण्डौ/काभ्रेपलाञ्चोक	२०७६।१०।१३–१९	मानव अधिकार उल्लंघनका १५ उजुरीहरू	श्री यज्ञप्रसाद अधिकारी श्री लोकनाथ घिमिरे	
१२	काठमाण्डौ/धादिङ्ग	२०७६।१०।२०–२९	मानव अधिकार उल्लंघनका उजुरीहरू फाइलको अनुसन्धान	श्री लक्ष्मी पौडेल श्री पवित्रा भण्डारी	
१३	काठमाण्डौ-नुवाकोट	२०७६।११।१६-२६	मानव अधिकार उल्लंघनका १६ वटा उजुरीहरू	श्री यज्ञ प्रसाद अधिकारी श्री लोकनाथ घिमिरे	
१४	काठमाण्डौ-धादिङ्ग	२०७६।११।१८- २०७६।१२।०३	मानव अधिकार उल्लंघनका १० उजुरीहरू फाइलको अनुसन्धान	श्री कल्पना भा श्री पम्फा मैनाली	
१५	काठमाण्डौ-काभ्रे	२०७६।११।१८- २०७६।१२।०३	मानव अधिकार उल्लंघनका १२उजुरीहरू फाइलको अनुसन्धान	श्री दुर्गा पोखरेल श्री तारादेवी वाग्ले	

१६	काठमाडौं, भक्तपुर र ललितपुर	२०७६।११।१५ देखी २०७७।२।३० सम्म	उच्चस्तरीय अनुसन्धान टोली	मा. श्री ताहिरअली अन्सारी सर्वोच्च अदालतका पूर्व न्यायाधीस डा. श्री हरिहर वस्ती श्री विज्ञानराज शर्मा श्री यज्ञप्रसाद अधिकारी श्री जीवन न्यौपाने श्री रेगम मर्हजन	

अनुसुची-८

राष्ट्रिय मानव अधिकार आयोग केन्द्रीय कार्यालयबाट संचालित तालिममा बागमती प्रदेश कार्यालय सानेपा, ललितपुरबाट सहभागिताको विवरण

क्र.सं	तालिम शिर्षक	सहभागीको नाम र प्रकृति	मिति	स्थान	कै.
१	वातावरण सम्बन्धी कार्यक्रम	यज्ञप्रसाद अधिकारी	२०७६।४।१०	रा.मा.अ.आ.के.का, ललितपुर	
२	उपभोक्ता अधिकार सम्बन्धी कार्यक्रम	यज्ञप्रसाद अधिकारी	२०७६।४।१२	रा.मा.अ.आ.के.का, ललितपुर	
३	मानव बेचविखन (TIP Report) सार्वजानिक कार्यक्रम	सरिता ज्ञवाली	२०७६।४।२०	रा.मा.अ.आ.के.का, ललितपुर	
४	आप्रवासी सम्बन्धी सम्मेलन मूल तयारी बैठक	यज्ञप्रसाद अधिकारी	२०७६।५।५	ललितपुर	
५	नेतृत्व विकास र मानव अधिकार प्रशिक्षण कार्यक्रम	यज्ञप्रसाद अधिकारी सरिता ज्ञवाली	२०७६।५।८-१३	ललितपुर	
६	UPR समितिको बैठक	यज्ञप्रसाद अधिकारी	२०७६।५।१८	ललितपुर	
७	व्यापार व्यवसाय र मानव अधिकार सम्बन्धी छलफल	यज्ञप्रसाद अधिकारी	२०७६।६।१	ललितपुर	
८	संक्रमणकालिन न्यायको व्यवस्थापन सम्बन्धी कार्यक्रम	यज्ञप्रसाद अधिकारी	२०७६।६।९	ललितपुर	
९	UPR सम्बन्धी कार्यक्रम	यज्ञप्रसाद अधिकारी	२०७६।७।१३-१४	मलेसिया	
१०	आप्रवासी सम्बन्धी अन्तराष्ट्रिय सम्मेलन	यज्ञप्रसाद अधिकारी	२०७६।७।२६-२८	काठमाण्डौ	
११	UPR विषयगत प्रतिवेदन सिफारिस कार्यान्वयन सम्बन्धी कार्यशाला	यज्ञप्रसाद अधिकारी	२०७६।८।१-०२	ललितपुर, गोदावरी	
१२	आयोगको रणनीतिक योजना समीक्षा कार्यक्रम	यज्ञप्रसाद अधिकारी	२०७६।८।५-०६	धुलिखेल, काभ्रेपलाञ्चोक	
१३	मानव अधिकार र व्यवस्थापन सम्बन्धी तालिम	जायश्वर चापागाई रारा कर्माचार्य लक्ष्मी पौडेल रेवा रेग्मी	२०७६।८।१५-२०	भक्तपुर, बोडे	
१४	मानव अधिकार अनुसन्धान प्रशिक्षण	यज्ञप्रसाद अधिकारी	२०७६।८।२०	भक्तपुर, बोडे	
१५	मानव अधिकार दिवस च्याली तथा कार्यक्रममा सहभागिता	आयोगको बागमती प्रदेश कार्यालयका सम्पूर्ण कर्मचारीहरू	२०७६।८।२४	ललितपुर	

१६	आप्रवासीका अधिकार सम्बन्धी कार्यक्रम	यज्ञप्रसाद अधिकारी	२०७६।१०।९	ललितपुर	
१७	लैंगिक अवधारणा नीति छलफल	यज्ञप्रसाद अधिकारी जायश्वर चापागाई लोकनाथ घिमिरे	२०७६।११।१	ललितपुर	
१८	आयोगको वार्षिक समिक्षा बैठक	बागमती प्रदेश कार्यालयका सबै कर्मचारीहरू	२०७६।११।५-६	काभ्रेपलाञ्चोक	
१९	UPR Webinar छलफल	यज्ञप्रसाद अधिकारी	२०७६।११।१२	ललितपुर	
२०	इन्काउन्टर अनुसन्धान कार्ययोजना तर्जुमा निर्माण बैठक	यज्ञप्रसाद अधिकारी	२०७६।११।१५	ललितपुर	

अनुसूची-९

राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयबाट भएका अनुगमन विवरण

क्र.सं	अनुगमन गरिएको जिल्ला	मिति (... देखि ...)	अनुगमनको विषय	अनुगमन टोलीको नामावली	कै.
१	काठमाण्डौ	२०७६।४।२	सर्वोच्च अदालतबाट रिहा भएका विप्लप समूहका ७ जना कार्यकर्ताको पुनःगिरफ्तारी हुने आशंकामा अनुगमन	यज्ञप्रसाद अधिकारी लोकनाथ घिमिरे	
२	काठमाण्डौ	२०७६।०५।१७	ओम हमाल पत्रकार लाई सर्वोच्च अदालतबाट पुन गिरफ्तार गरेको घटनाको अनुगमन	जायश्वर चापागाई लोकनाथ घिमिरे	
३	काठमाण्डौ	२०७६।०५।१८	त्रि.वि. शिक्षण अस्पतालमा धर्ना रहेका विद्यार्थीको अनुगमन	सरिता ज्ञवाली लक्ष्मी पौडेल	
४	काठमाण्डौ	२०७६।०५।२६	कपिल भट्टलाई विप्लव माओवादीको आरोपको पुनः पक्राउ हुने सम्भावना रहेकोमा सर्वोच्च अदालतमा अनुगमन	जायश्वर चापागाई रेवा रेग्मी	
५	काठमाण्डौ	२०७६।०६।०१	हिरासत अनुगमन टेकु	रेवा रेग्मी लक्ष्मी पौडेल	
६	काठमाण्डौ	२०७६।०६।०३	संविधानको विरोधमा आदिवासी जनजातिले काठमाण्डौमा गरेको विरोध प्रदर्शनको अनुगमन	जायश्वर चापागाई लक्ष्मी पौडेल	
७	काठमाण्डौ	२०७६।०६।१८-१९	रोशनी शाही र कृष्ण बहादुर महराको सम्बन्धमा उच्चस्तरीय अनुगमन	यज्ञप्रसाद अधिकारी लोकनाथ बास्तोला मञ्जु खतिवडा	
८	काठमाण्डौ	२०७६।०८।०३	स्वतन्त्र नागरिक समाजको अध्यक्ष हेम विक्रम सिलवालको रिले अनसनमा रहेको घटनाको अनुगमन	जायश्वर चापागाई	
९	काभ्रेपलाञ्चोक र भक्तपुर	२०७६।०८।१३-१९	निर्वाचनको अवस्था अनुगमन	सरिता ज्ञवाली लोकनाथ घिमिरे	
१०	चितवन	२०७६।०८।१३-१६	निर्वाचनको अवस्था अनुगमन	यज्ञ प्रसाद अधिकारी सूर्य बहादुर बोहोरा, सहजकर्ता	

११	काठमाण्डौ- ललितपुर	२०७६।०८।२४	नेपालगञ्ज कोहलपुर घटनाका घाइतेसँग परामर्श भेटघाट अनुगमन (शिक्षण अस्पताल र बी एण्ड बी अस्पताल, ग्वार्को)	लक्ष्मी पौडेल रेवा रेग्मी लोकनाथ घिमिरे	
१२	काठमाण्डौ	२०७६।०८।३०	काठमाण्डौ विप्लप समूहको विरोध प्रदर्शनको अनुगमन	रेवा रेग्मी पवित्रा भण्डारी	
१३	काठमाण्डौ	२०७६।०९।०२	अन्तराष्ट्रिय आप्रवासी कामदार दिवसको सन्दर्भमा त्रि.वि. विमानस्थलमा अनुगमन	जायश्वर चापागाई लक्ष्मी पौडेल	
१४	काठमाण्डौ	२०७६।०९।०२	गंगामाया अधिकारीको स्वास्थ्य अवस्था अनुगमन	रेवा रेग्मी पवित्रा भण्डारी	
१५	काठमाण्डौ	२०७६।१०।०४	न्याय नपाएको भनी बबरमहलमा आमरण अनसनको अनुगमन	यज्ञप्रसाद अधिकारी लोकनाथ घिमिरे	
१६	काठमाण्डौ	२०७६।१०।०७	गोली लागि उपचारार्थ ट्रमा सेन्टरमा भर्ना गरिएका व्यक्तिको अनुगमन	लक्ष्मी पौडेल पवित्रा भण्डारी	
१७	काठमाण्डौ	२०७६।११।७	विर अस्पतालमा उपचारार्थ गुणराज लोहनीको स्वास्थ्य अवस्था बारे अनुगमन	यज्ञप्रसाद अधिकारी लोकनाथ घिमिरे	
१८	ललितपुर	२०७७।३।१६	इ लगायतको आमरण अनसनको अनुगमन	यज्ञप्रसाद अधिकारी लोकनाथ घिमिरे	
१९	काठमाण्डौ	२०७७।३।२१	सम्झना ढकाललाई इच्चा विपरित होटलको क्वारेन्टाईनमा राखेको भन्ने घटनाका सम्बन्धमा अनुगमन	यज्ञप्रसाद अधिकारी लोकनाथ घिमिरे	

अनुसुची-१०

राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय सानेपा ललितपुरमा रहेका विषयगत उजुरीहरूको विवरण

विषयगत उजुरीहरू	जम्मा उजुरी २०७५/०७६	जम्मा उजुरी २०७६/७७	निर्णयार्थ केन्द्रीय कार्यालयमा सिफारिस भएका २०७६/०७७	जम्मा
नागरिक तथा राजनीतिक अधिकार	२४१	३६	१०१	१७६
आर्थिक समाजिक तथा साँस्कृतिक अधिकार	८५	११	२८	६८
यातना विरुद्धको अधिकार	१३०	६	३७	९९
बाल अधिकार	५२	२	६	४८
महिला विरुद्धको अधिकार	७६	६	१६	६६
आप्रवासी कामदारहरूको अधिकार	५५	०	३	५२
व्यक्ति बेपत्ता पार्ने कार्य विरुद्धको अधिकार	२२८	३	१४	२१७
जातिय भेदभाव विरुद्धको अधिकार	३	३	१	५
अपांगता भएका व्यक्तिहरूको अधिकार	१९	१	४	१६
शरणार्थीको अधिकार	६	०	०	६
अल्पसंख्यकको अधिकार	४	०	१	३
जम्मा	८९९	६८	२११	७५६

अनुसुची-११

कोभिड-१९ न्यूनिकरणकालागि स्थानीय निकायले गरेका कार्यहरू

बिगु गाउँपालिका
Bigu Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

पत्र संगत/Ref. No:- २०७८/०७७
पत्रांक/ Dispatch No:-१५५

लडुक, धोलखा
Laduk, Dolakha
बागमती प्रदेश, नेपाल ।
Bagmati Province, Nepal
मिति/Date:-२०७८/०५/२१

विषय: विवाह दर्ता।

श्री रविन्द्र कुमार अधिकारी ज्यू,
बागमती प्रदेश प्रशासन, सानेपा, ललितपुर।

दर्ता नं.: ५२६
मिति: २०६८/३/१२

उपर्युक्त सम्बन्धमा तपाँ आफैले भ.प. ८२१, मिति २०७८/०५/२७ को पत्र पठाउनुभन्न बमोजिम १९ जिल्ला स्थित र स्थानीय तहमा कार्यरत अधिकारीको सरुवा र बढुवाबारे यहि तपसिलमा उल्लेखित तथा गाउँपालिकामा रिक्त रहेका, आवश्यक रहेका र सीमान्तकृतको अधिकार सम्बन्धि क्षेत्रमा खटाउन तथा रोक्कामको लागि सोधनी भई आएको हुँदा देहाय बमोजिम व्यवस्था मिलाउनको लागि साथ अनुरोध छ।

देहाय:

- नवउद्यमहरु अवलम्बन गरिने तालु कोसेली घाईते तिहारमा तथा व्यवसायमा केन्द्रित भएको अवस्थामा यस बिगु गाउँपालिका भवन दोस्रो तल्ला कोठा नं. १९ स्थित तथा व्यवसायमा रहेको पेशको लागी अनलाईनको यहा कार्यालय, न्यायिक समिति । अन्य सबैका सम्बन्धित विषय हेर्ने, आवश्यक निर्णय तथा सीमान्तकृत वर्गका अधिकारको प्रत्याभूति तथा उपयुक्त बजेटको व्यवस्था गरी कुने आवश्यकी व्यवस्था।
- सीमान्त विषय, आवश्यक निर्णय तथा सुरक्षित अन्य आवश्यक कार्यविधि गाउँपालिका समितिमा निर्णयार्थ प्रस्तुत गरिएको छ।
- दफा १९ व्यवस्थानका आवश्यक आवश्यक रुपमा सुरक्षित आफ्ना सहित आवश्यक व्यवस्थाहरुलाई लेखा मापदण्डहरुमा निर्देशन गरिएको व्यवस्थाहरुमा गरी गरी दुई वर्षमा व्यवस्था मिलाईएको।
- गाउँपालिका भित्रका आवश्यक भएका सहित, अन्यत्रबाट आवश्यक भित्र कार्य व्यवस्थाका सीमान्तकृत समुदायलाई दफा १९ के आधार निर्देश भएको आवश्यक निर्देशनमा आवश्यक भएका तोक भनी गाउँपालिकाबाट उपलब्धित समिति/समुदाय समेत आवश्यक भित्र रहेको एकल महिला, अपाङ्ग सहित दुर्गम वा आवश्यक आवश्यक भएका सहित, विशेषले दुर्गमी समेत, गाउँपालिकाको सुरक्षा तथा पाउने समेत गाउँपालिकाबाट विद्यमान गरिएका आवश्यक भएका सहितका आवश्यकताई गाउँपालिकाबाट लेखिएको आवश्यक भएका विषय गरिएको।
- गाउँपालिका भित्र रहेका आवश्यक भएका गरिएका आवश्यकताई आवश्यकी व्यवस्थापन आवश्यकताका सहित नियुक्त आवश्यक दुर्गमी व्यवस्था गरिएको।
- अधिकार निर्देशित पुन: भन्ने निर्णय विषय, आवश्यक विषय न्यायिकताका सहित विभिन्न आवश्यकताअनुसार तथा आवश्यकताअनुसार कार्यक्रम भएकाका सहित आ.व. २०७७/७८ को बजेटमा समेत उल्लेख भएको विषयलाई गरिएको।
- सीमान्तकृत समुदायहरुको अधिकार सम्बन्धी सहित यहा भएकी कियाकलापका विशेष प्रक्रियाका आवश्यकता अनुसार कार्यक्रमका सम्बन्धमा तथा विद्यमान विषयिका कार्यविधिको अनिवार्य सहित तथा सीमान्तकृत समुदायहरुको आवश्यकताई अनिवार्य गरिएको।
- सीमान्तकृत आवश्यकता, आवश्यक भएका सहितका, सहित समुदायका कि सहित तथा आवश्यक आवश्यक आवश्यक भएका विषयका सम्बन्धमा आवश्यक आवश्यकता अनिवार्य गरिएको।
